सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ मंसिर २०८०, शनिबार (18 Nov 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २०८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

छठको उत्सवमा काठमाडौं यसपालि पनि खुलेन रानीपोखरी

गत वर्ष पुनर्निर्माण सम्पन्न भइनसकेको र महानगरलाई हस्तान्तरण पनि नभइसकेकाले रानीपोखरी खुलेको थिएन। तर, यस वर्ष कसैले पनि छठका लागि खोल्नुपर्ने माग नगरेकाले रानीपोखरी नखोलेको महानगरले जनाएको छ।

(विस्तृत पृष्ठ ३)

झन्नयाँ



बेचैन विपिन परिवार

विपिन परिवारमा यति धेरै बेचैन छ कि केही नयाँ समाचार आउँछ कि भनेर दिनरात मोबाइलमा नजर रहन्छ। 'निकै अन्योलमा छौं। बाटो हेरिरहेका हुन्छौं। कसैले फोन गरिहाल्छ कि, कहीं समाचारमा आउँछ कि भनेर हरपल हातमै मोबाइल हेरिरहेका हुन्छौं,' विपिनका बुबाले दैनिकी सुनाए।

समाज

● कमलराज भट्ट

सहर चिनाउने नेपालगन्ज म्याराथन

खेल

● विश्वराज पछ्लड्ग्या

एकदिवसीय विश्वकपका रोचक ६ घटना



(विस्तृत पृष्ठ ८)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

सम्साँझै सुत्छ राजधानी

देशको राजधानी सहर काठमाडौंमा राति ८ बजेपछि सार्वजनिक सवारीसाधन पाइँदैन, सरकारी पेट्रोल पम्प खुला हुँदैनन्। १० बजेपछि अधिकांश रेस्टुरेन्ट बन्द हुन्छन्। व्यावसायिक सुरक्षा दिनुपर्ने प्रहरी प्रशासन नै पसल, रेस्टुरेन्ट बन्द गराउँदै हिँड्छ।

अनिल यादव/नयाँ पत्रिका

बाध्यता १ : बाहिर ग्राहकको भिड बढिरहेको हुन्छ, तर काठमाडौं महाबौद्धस्थित मोबाइल हाउसमा व्यवसाय गर्दै आएका अनिल राईलाई साँझ ७ बज्नेबित्तिकै सटर तान्न हतारो हुन्छ। मोरङ पथरीका राईलाई अझै बढी व्यापार गरौं भन्ने रहर नभएको होइन, तर ८ बजेसम्म पसल बन्द गर्नुपर्ने नियम र सार्वजनिक बस पनि नपाइने चिन्ताले चाँडै पसल बन्द गर्छन्। कलंकी बस्ने उनी साढे ७ बजेसम्म बस बिसौनी पुगेनन् भने काठमाडौं मल-रत्नपार्क आसपासबाट उनको रुटको बस छुटिसक्छ। त्यसपछि महँगो शुल्क तिरेर पठाओ बाइक या ट्याक्सी चढ्नुपर्छ।

बाध्यता २ : काठमाडौं वसुन्धरा बस्ने अनिश ठकुरी कालिमाटीस्थित आफ्नो कार्यालयमा प्रायः रातिको ९-१० बजेसम्म काम गरिरहेका हुन्छन्। १० कटेपछि भने उनलाई खानाको तनाव पर्छ। राति वरिपरिका रेस्टुरेन्ट सबै प्रहरीले बन्द गराइसक्छ। त्यसैले खाना खोज्दै-खोज्दै कहिले ठमेल पुग्छन्, कहिले दरबारमार्ग। खुला रहेछ भने सामान्य पसलभन्दा अलि महँगै तिरेर भए पनि खान्छन्। 'ढिलो पुगियो भने त्यहाँ (ठमेल, दरबारमार्ग) पनि थकाली रेस्टुरेन्टहरू बन्द भइसक्छन्, त्यसपछि एयरपोर्टमा २४ सै घन्टा थकाली खुला हुने भएकाले कहिले त्यहीं गएर खाइन्छ, नत्र चाउचाउ-बर्गर-पिज्जा त ठमेलमै भेटिहाल्छ,' उनले भने। ठकुरीलाई मात्रै होइन, राति खाना खानुपऱ्यो भने सर्वसाधारण सबैलाई काठमाडौंमा सकस नै छ। कारण, दुई-चार ठाउँभन्दा अन्यत्र राति खाना पाइँदैन। चाबाहिल, चुच्चेपाटी, मैतीदेवी र एयरपोर्ट राति खानाका लागि प्रख्यात छन्। ट्याक्सीचालकदेखि रात्रिकालीन व्यवसायमा काम गर्ने कर्मचारी तथा सेवाग्राही प्रायः ती स्थानमा खान जान्छन्। तर, ती स्थानबारे थाहा नहुने राति भोकै बस्न पनि बाध्य छन्।

बाध्यता ३ : स्वदेशी तथा विदेशी ग्राहकले टेबुल भरिएको हुन्छ। ग्राहक मस्तसँग खाइरहेका हुन्छन्, कोही संगीतको लयसँगै फ्लोरमा बिन्दास झुमिरहेका छन्। तर, राति २:०० नबज्दै त्यहाँ कार्यरत वेटरहरू

» पृष्ठ २ मा क्रमशः



शुक्रबार राति ८:१५ बजे सुनसान बनेको काठमाडौंको प्रमुख व्यापारिक केन्द्र न्युरोड। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ ठमेल २४ सै घन्टा खोल्ने तयारी

ठमेलका व्यवसायीले २४ सै घन्टा खोल्न पाउनुपर्ने माग राखेको वर्षौं भयो, तर यो अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन। प्रहरीले धेरै दुःख दिएपछि एलओडी, प्लेटिनमलगायत केही क्लबले उच्च अदालतबाट २४ सै घन्टा सञ्चालनको आदेश लिएर भए पनि सञ्चालन गरिरहेका छन्। तर, धेरैजसो जिल्ला प्रशासनले तोकेको समयसीमा बाहिर चलाउन असमर्थ छन्। केहीले भने प्रहरीसँग 'सेटिङ' मिलाएर चलाइरहेका छन्।

अहिले फेरि रात्रि व्यवसायको केन्द्र रहेको ठमेलमा रातभरि व्यवसाय सञ्चालन गर्न दिन प्रहरीले तयारी थालेको छ। शान्ति सुरक्षाको अवस्था थप चुस्त बनाई रात्रिकालीन व्यवसाय सञ्चालनमा प्रहरी प्रशासन उदार बन्न लागेको हो। 'ठमेल २४ सै घन्टा खुलाउने कुरा पहिलेदेखि उठिरहेको हो,' जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्री भन्छन्, 'व्यवसायी र सरोकारवाला निकायहरू बसेर एउटा कार्यविधि बनाएर २४ सै घन्टा खोल्न दिने विषयमा छलफल हुँदै छ। त्यसका लागि के-के पूर्वाधार चाहिन्छ भन्ने विषयमा छलफल भइरहेको छ।' ठमेल विकास पर्यटन परिषद्का अध्यक्ष भवी शर्मा ठमेलमा रातभरि व्यवसाय चलाउन गृह र पर्यटन मन्त्रालयसँग समन्वय भइरहेको बताउँछन्। 'सुरक्षित र मर्यादित तरिकाले रातभरि व्यवसाय चलाउन आचारसंहिता बनाउन सबै पक्षसँग छलफल गरिरहेका छौं,' उनले भने, 'रातभरि चलाउने र भेहिकल फ्री जाने बनाउनेलगायत विषयमा तयारी भइरहेको छ।'

के भन्छन् सरोकारवाला ?

● **किशोर थापा**, पूर्वसचिव तथा सहरीविद्



दिउँसो काम गर्ने, राति सुत्ने संस्कारले घाटा भयो

● **एसएसपी भूपेन्द्र खत्री**, प्रमुख, जिल्ला प्रहरी परिसर काठमाडौं



युरोपझैं खोल्न त्यही हिसाबको लगानी भएन

● **जितेन्द्र बस्नेत**, सिडिओ, काठमाडौं



माग भए २४ सै घन्टा खोल्न हाम्रो बाधा हुँदैन

● **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगर



प्रहरी तयार भए पहिलो चरणमा १६ घन्टा खोल्न महानगर तयार छ

● **राम थापा**, रात्रिकालीन व्यवसायी



प्रहरी खुसी पार्न नसके राति खोल्न नपाउने अवस्था छ

टिकटक बन्दको निर्णयविरुद्ध सर्वोच्चमा रिटैरिट

सोमबारदेखि प्रारम्भिक सुनुवाइ

नयाँ पत्रिका

छोटा भिडियोमा आधारित सामाजिक सञ्जाल टिकटक बन्द गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदनको चाङ लागेको छ। टिकटक बन्द गर्ने निर्णयपछि अदालत खुलेको पहिलो दिन शुक्रबार सर्वोच्चमा १० वटा रिट निवेदन दर्ता भएका छन्।

सर्वोच्चले आगामी सोमबारदेखि रिटमा प्रारम्भिक सुनुवाइ गर्ने भएको छ। सामाजिक सद्भाव बिगारेको भन्दै गत २७ कात्तिकमा बसेको मन्त्रिपरिषद्को बैठकले नेपालमा टिकटक बन्द गर्ने निर्णय गरेको थियो। सोही दिन बेलुकादेखि नेपाल दूरसञ्चार प्राधिकरणले टिकटक बन्द गराएको थियो।

सामाजिक सञ्जालमा विकृति भए त्यसलाई नियमन गर्नुपर्नेमा बन्द गर्दा अभिव्यक्ति स्वतन्त्रको अधिकारमाथि नै हनन भएको भन्दै अधिवक्तालगायतले त्यसविरुद्ध रिट दर्ता गराएका हुन्। बन्द गर्ने निर्णय बदर गर्नुपर्ने उनीहरूको माग छ। कतिपय टिकटकबाटै व्यवसाय प्रवर्द्धन गरेर काम गरिरहेकाले बन्द गर्दा रोजगारीको हकसमेत हनन भएको निवेदकको दाबी छ।

सरकारले सामाजिक सद्भाव बिगारेको भनेर नकारात्मक कुरालाई मात्र व्याख्या गरेर बन्द गराउनु गलत भएको निवेदकहरूको तर्क छ। यसरी बन्द गराउने कानुनी आधार नभएकोसमेत उनीहरूको भनाइ छ। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू सुनीलरञ्जन सिंह, सरिता थापालगायतले मन्त्रिपरिषद्को निर्णय अन्तरिम आदेशबाट बदरको माग गरी सर्वोच्चमा रिट दायर गरेका हुन्।

» पृष्ठ २ मा क्रमशः

■ चिसोले सकसमा भूकम्पपीडित

जाजरकोटमा पाँचजनाको मृत्यु

दीर्घरोगी, वृद्धवृद्धा, सुत्केरी तथा गर्भवती र बालबालिका समस्यामा

वीरबहादुर गिरी, अध्यक्ष, बारेकोट गाउँपालिका, जाजरकोट



बारेकोट गाउँपालिका-१ रामीडाँडाका डुमे पुन भूकम्पपछि त्रिपालमा बस्दै आउनुभएको थियो। चिसोका कारणले शुक्रबार उहाँको ज्यान गएछ।

सुर्खेतमा **रमेश रावल**
दैलेखमा **विष्णु शर्मा**

जाजरकोटमा चिसोबाट पाँचजना भूकम्पपीडितको ज्यान गइसकेको छ। १७ कात्तिकको भूकम्पका कारण घरबारविहीन भएकाहरू त्रिपालमुनि बसिरहेका छन्। चिसो बढेसँगै दीर्घरोगी, सुत्केरी तथा गर्भवती महिला, वृद्धवृद्धा र बालबालिका समस्यामा परेका छन्।

शुक्रबार बिहान मात्रै बारेकोट गाउँपालिका-१ रामीडाँडाका डुमे पुनको चिसोबाट मृत्यु भएको छ। 'उहाँ त्रिपालमा बस्दै आउनुभएको थियो। चिसोका कारणले ज्यान गएछ,' बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले भने।

त्यसअघि भेरी नगरपालिका- २ का ८८ वर्षीय धुलेश्वर कार्कीको मंगलबार र बारेकोट गाउँपालिका- ४ जिरीका नरेन्द्रबहादुर सिंहको बुधबार ज्यान गएको थियो। त्यसअघि २४ कात्तिकमा नलगाड नगरपालिका- ४ का ८४ वर्षीय गोपालबहादुर रावल र ४८ वर्षीया पम्फा रावलको ज्यान गएको थियो। कार्की, सिंह, गोपालबहादुर दमका बिरामी थिए भने पम्फा निमोनियाबाट पीडित थिइन्।

चिसो बढेसँगै जाजरकोटमा भूकम्पपीडित बिरामी पर्न थालेका छन्। रामीडाँडा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी सपना बुढाले भनिन्, 'दिनमै ५० जना बिरामी स्वास्थ्य चौकीमा आइरहेका छन्। अधिकांशमा ज्वरो आउने, बान्ता हुने समस्या देखिएको छ।'

जाजरकोटका सिडिओ सुरेश सुनारले पीडितमा स्वास्थ्य समस्या देखिने जोखिम भएकाले आवश्यक तयारी थालिएको बताए। 'मंसिरभित्र अस्थायी आवास बनाएर पीडितको व्यवस्थापन गर्न प्रक्रिया अगाडि बढाइनेछ,' उनले भने, 'अहिले पहिलो चरणको काम सकेर अस्थायी वास व्यवस्थापन थालिएको छ।'

अध्यक्ष गिरीले त्रिपाल, कम्बल, न्यानो कपडा, म्याटलगायतका दुई हजार सेट राहत सामग्री तत्काल आवश्यक रहेको बताए।

■ आफन्त र घर मात्रै लगेन, भूकम्पले रोजगारी पनि खोस्यो



रुकुम पश्चिम सानीभेरी गाउँपालिका- १ चाइनाबगरका भूकम्पपीडित

रुकुम पश्चिममा **मनीष खड्का**

भारतको लद्दाख कारगिलमा ज्याला मजदुरी गर्दै आएका रुकुम पश्चिम सानीभेरी गाउँपालिका- १ चाइनाबगरका ३३ वर्षीय भद्रबहादुर मगर दसैं-तिहार मनाउन १० महिनापछि स्वदेश फर्किए। १ असोजमा घर आएका उनको योजना थियो, 'दसैं-तिहार मनाएर फेरि कारगिल फर्किने।' उनले दसैं त परिवारसँग रमाइलो गरी मनाए। तर, तिहारअघि १७ कात्तिकमा आएको भूकम्पले १७ जनाको उनको संयुक्त परिवारलाई खुला आकाशमुनि पुऱ्याएको छ। 'भूकम्पले घर भत्कायो। सबै त्रिपालमुनि छौं,' उनले भने, 'परिवार यो अवस्थामा छाडेर कसरी जानु ?'

> यतिखेर कामका लागि भारत जाने युवाको लाम हुन्थ्यो। तर, भूकम्पका कारण घरबार गुमाएपछि यहाँका बासिन्दा न भारत जान सकेका छन् न गाउँमै कुनै काम छ।

कारगिलको एउटा टोलमा भद्रबहादुरले ज्यालादारीमा घाँस काट्ने, पर्खाल लगाउनेलगायत काम गर्दै आएका थिए। 'काम पाएको दिन आठ सयदेखि हजार रुपैयाँसम्म भारु कमाइ हुन्थ्यो। पोहोर पनि तिहारलगत्तै गएको थिएँ। यसपालि पनि त्यही भनेर आएको थिएँ,' उनले भने, 'अब भारत जान ढिलो हुने भयो। ढिलो गएपछि त्यहाँ काम पाइँदैन होला। अरू मान्छे नै आइसक्छन्।'

उनी घर आएपछि सरसल्लाह भएको थियो, गाउँकै १५-२० जना पनि जाने। तर, सबैले भारत जाने योजना रद्द गरेका छन्। सानीभेरी- १ कै केशर पुन पनि तिहारलगत्तै भारत हिमाचलको रामपुर जाने योजनामा थिए। स्याउ टिप्ने काम सकेर उनी दसैं मनाउन घर फर्किएका थिए। भूकम्पले उनको तीनजनाको परिवार पालमुनि आइपुगेपछि भारत जाने योजना तत्काललाई रद्द भएको छ। स्याउ फार्ममा काम गर्दै आएका उनी यतिखेर स्याउ ग्रेडिङ गरिरहेका हुन्थे भने त्यसपछि फार्म रेखदेखको काम गर्थे।

'तत्काल फर्किने अवस्था छैन, बरु यतै कतै ज्याला मजदुरीको केही काम मिल्यो भने अलि-अलि कमाउँदै घरपरिवारलाई हेर्दै गर्नुहुन्थ्यो,' उनले भने।

जाजरकोटको भेरी नगरपालिका-१ रिम्नाका गोपाल विक पनि यतिबेला भारतका लागि हिँडिसकेका हुन्थे। मिलेसम्म हरेक वर्ष दसैं-तिहार मनाउन घर फर्किने उनी तिहार मनाउनेबित्तिकै सिमलाका लागि प्रस्थान गर्थे। तर, गोपालका लागि पनि भूकम्प तगारो बनिदियो। भारतमा ज्याला मजदुरी गरेर बनाएको घर भूकम्पले गर्ल्यामगुर्लुम पारिदियो। 'अब सधैं पालमा बसेर मात्र पनि भएन, भोलि घर बनाउनुपर्ला, परिवारको अरू व्यवस्थापन गर्नुपर्ला, केही काम मिल्यो भने सजिलो हुने थियो,' उनले भने।

सानीभेरी- १ का रूपबहादुर पुनले गाउँका युवालाई

» पृष्ठ २ मा क्रमशः

तस्करले मारे चितवन निकुञ्जमा दुईवटा गैँडा

भरतपुरमा **विवेक पोखेल**

तस्करहरूले चितवन राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्रमा गैँडा मारेका छन्। १८ र ६ वर्षका पोथी गैँडालाई धरापमा पारेर मारिएको निकुञ्जका सूचना अधिकारी तथा सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिए।

उनका अनुसार दुईवटा गैँडा निकुञ्जको कोर क्षेत्रअन्तर्गत सौराहा सेक्टरको कार्यक्षेत्रअन्तर्गत चपरचुली सुरक्षा पोस्टबाट करिब ३.५ किलोमिटर दक्षिण-पूर्व चुरे पहाडको फेदी क्षेत्रमा दुईवटा अलग-अलग खाल्डोको धरापमा गैँडा खागविहीन अवस्थामा बिहीबार मृत फेला परेका हुन्।

तिवारीका अनुसार ६ वर्षको पोथी गैँडा तीन दिनअघि र १८ वर्षको गैँडा १० दिनअघि मारेको अनुमान गरिएको छ। एक सय मिटरको

» पृष्ठ २ मा क्रमशः





बिहीबार मृत फेला परेका दुई गैँडा

■ **कुन वर्ष कति गैँडा मरे ?** : आव ०७२/७३ देखि हालसम्म नौ वर्षको अवधिमा २३४ गैँडा मरेको निकुञ्जको तथ्यांक छ। आव ०७२/७३ मा १४ गैँडा मरेका छन् भने ०७३/७४ मा यो संख्या बढेर २५ पुगेको थियो। त्यस्तै, ०७४/७५ मा २६ गैँडा मर्दा ०७५/७६ मा ४३ गैँडाले ज्यान गुमाए। ०७६/७७ मा भने यो संख्या तुलनात्मक रूपमा घटेर २६ मा झरे पनि ०७७/७८ मा फेरि ३३ गैँडाले ज्यान गुमाए। ०७८/७९ मा ३७ गैँडा मरे भने ०७९/८० मा २२ गैँडा मरेको निकुञ्जले जनाएको छ। सन् २०२१ मा गणना गर्दा नेपालमा एकसिंगे दुर्लभ गैँडाको संख्या ७५२ थियो।

आफन्त र...

पृष्ठ १ बाट क्रमशः

विभिन्न ठाउँका सडकमा काम लगाउँदै आएका थिए । उनी दसैँलगत्तै गाउँका १७ जना कामदारलाई लिएर जाजरकोटको नलगाड नगरपालिकाको मालुतरा गएका थिए । उनको टोलीले सडकमा जाली भर्ने, पर्खाल लगाउनेलगायत काम गरिरहेको थियो । तर, १७ कात्तिकको भूकम्पले सडक निर्माणको काम रोकियो, रोजगारी खोस्यो । भूकम्पपछि रूपबहादुरसहित उनको टोली गाउँ फर्कियो । भूकम्पले काम खोसिएपछि अहिले उक्त टोली बेरोजगार बनेको छ । अहिले गाउँमै घाम तापेर दिन कटाउनुको विकल्प नभएको रूप बताउँछन् ।

ज्याला मजदुरी गरेर परिवारको गर्जो टार्ने गरेका रुकुम पश्चिम र जाजरकोटका अधिकांशको नियति अहिले यस्तै छ । यहाँका अधिकांश नागरिक रोजगारीका लागि भारतका कालापहाड, कोलकाता, हिमाचलको सिम्ला, लद्दाखलगायत ठाउँमा जान्छन् । सानीभेरी- १ का वडासदस्य कालो पुनका अनुसार यहाँका युवाको पहिलो विकल्प भारत जाने र दोस्रोमा देशभित्रै निर्माण हुने सडक रोजगारीका प्रमुख स्रोत हुन् । तर, भारत जाने तयारीमा रहेकाहरू भूकम्पका कारण रोकिएको उनले बताए । उनका अनुसार भूकम्पका कारण गाउँमा जनधनको ठूलो क्षति भएपछि भारतमा रहेकादेखि अन्य मुलुकमा रहेकासमेत फर्किन थालेका छन् ।

■ रोजगारीको माग

भूकम्पमा परी रोजागारी गुमाएकाले रोजगारीको माग गरेका छन् । भारत तथा देशकै विभिन्न ठाउँमा समेत ज्याला मजदुरी गरिरहेकाले भूकम्पका कारण काममा जान नपाएको भन्दै घरपायकमै केही काम पाएमा सजिलो हुने बताएका छन् । 'टाढा जाने अवस्था छैन, परिवारलाई पनि हेर्नुपर्नेछ, गाउँघरमै ज्याला मजदुरीको काम मिलेमा सहज हुने थियो,' भारत जाने योजना रद्द भएका भद्रबहादुरले भने । स्थानीय सरकारसहित अन्य निकायले सञ्चालन गर्ने योजनामा भूकम्प प्रभावितलाई जोड्न सकिएमा आफूहरू लाभान्वित हुने उनको भनाइ छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसीलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसीलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्रि गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

जनकपुर शाखा, धनुषा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा प्रा.फ.र.नं. १२४२९/११४०/२०७५/०७६ अन्तर्गत मिति २०७५/०९/११ दर्ता कायम भएको **न्यू वीणा ट्रेडर्स** फर्म दर्ता ठेगाना : क्षीरेश्वरनाथ न.पा. - ५, धनुषा स्थायी लेखा नं. ६०८९५८६७७, मिति २०७५/०९/१२ **प्रोप्राइटर : विणा देवी ठाकुर** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**विणा देवी ठाकुर** ना.प्र.नं. ३०४९/८८३९४४३२ जारी मिति २०५४/०३/२५, जि.प्र.का. सिरहा बाबुको नाम : महादेव ठाकुर हजाम पतिको नाम : रामदेव ठाकुर ससुराको नाम : राजेन्द्र ठाकुर स्थायी ठेगाना : सिरहा - २ सिरहा	**रामदेव ठाकुर** ना.प्र.नं. ७१३/२५७२, जारी मिति २०४५/०४/१८ जि.प्र.का. सिरहा बाबुको नाम : राजेन्द्र ठाकुर बाजेको नाम : विलचन ठाकुर स्थायी ठेगाना : सिरहा - ७, सिरहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा प्रा.फ.र.नं. ११८७९/५९०/२०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०५ दर्ता कायम भएको **चौधरी जेनरल सप्लायर्स** फर्म दर्ता ठेगाना : जनकपुर उ.म.न.पा. - ४, धनुषा स्थायी लेखा नं. ६०८४८६८७१, मिति २०७५/०६/०५ **प्रोप्राइटर : राम बहादुर चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**		
राम बहादुर चौधरी ना.प्र.नं. ७८६४१५९२, जारी मिति २०४१/११/०८ जि.प्र.का. महोत्तरी, जलेश्वर बाबुको नाम : खटर चौधरी बाजेको नाम : महाविर चौधरी स्थायी ठेगाना : रतौली - २, महोत्तरी	**शीला देबी** ना.प्र.नं. ७८६४२०६३, जारी मिति २०४५/०२/०५, जि.प्र.का. महोत्तरी बाबुको नाम : महावीर मिश्र पतिको नाम : राम बहादुर चौधरी ससुराको नाम : खटर चौधरी स्थायी ठेगाना : रतौली - २, महोत्तरी	**मनिष चौधरी** ना.प्र.नं. १८१०२७/१४२, जारी मिति २०६७/०३/२५ जि.प्र.का. महोत्तरी बाबुको नाम : राम बहादुर चौधरी बाजेको नाम : खटर चौधरी स्थायी ठेगाना : रतौली - २, महोत्तरी

दमक शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २११०१५/०७५/०७६ अन्तर्गत मिति २०७५/१२/०४ मा दर्ता कायम भएको **बि.गोड् लाईभस्टक प्रा.लि.** कम्पनी दर्ता ठेगाना : कमल गा.पा. - ४, झापा स्थायी लेखा नं. ६०६७८५४४०, मिति २०७५/१२/२९ **संचालक तथा अध्यक्ष : युहन्ना राई** **कर्जा शिर्षक : फोर्स कर्जा**		
युहन्ना राई ना.प्र.नं. ०४-०२-७४-०३३३० जारी मिति २०७४/०५/०६, जि.प्र.का. झापा बाबुको नाम : सञ्जीप कुमार राई बाजेको नाम : नन्द बहादुर राई स्थायी ठेगाना : कमल गा.पा. - ४, झापा	**सञ्जीप कुमार राई** ना.प्र.नं. ९७७३, १२०, जारी मिति २०४६/०९/२० जि.प्र.का. झापा बाबुको नाम : नन्द बहादुर राई बाजेको नाम : पर्व बहादुर राई स्थायी ठेगाना : तोपगाछी - ५, झापा	**अनिता राई** ना.प्र.नं. ९७७३३२३९, जारी मिति २०५९/११/११, जि.प्र.का. झापा बाबुको नाम : चन्द्राकेशर राई पतिको नाम : सञ्जीप कुमार राई ससुराको नाम : नन्द बहादुर राई स्थायी ठेगाना : तोपगाछी - ५, झापा

कुलेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. ६७९६६/०६६/०६७ अन्तर्गत मिति २०६६/०८/०९ मा दर्ता कायम भएको **एस.आर. ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : कीर्तिपुर - २, काठमाडौं स्थायी लेखा नं. ३०३९६४६०३, मिति २०६६/०८/०९ **संचालक तथा अध्यक्ष : शसिराम आचार्य** **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालीन तथा सवारी साधन कर्जा**	**शसिराम आचार्य** ना.प्र.नं. ४०२३४, जारी मिति २०५७/१०/०३ जि.प्र.का. कैलाली बाबुको नाम : देवी लाल आचार्य बाजेको नाम : गंगाराम आचार्य स्थायी ठेगाना : चौमाला - २, कैलाली	**लक्ष्मी कडेल (आचार्य)** ना.प्र.नं. ६७-०१-६९-०४७२२ जारी मिति २०६९/०७/१५, जि.प्र.का. कैलाली बाबुको नाम : तुलसी राम कडेल पतिको नाम : शसिराम आचार्य ससुराको नाम : देवी लाल आचार्य स्थायी ठेगाना : चौमाला - ४, कैलाली

कमलादी शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग बबरमहल, काठमाडौंमा प्रा.फ.र.नं. ११०३८८/०६९/७० अन्तर्गत मिति २०६९/१२/२२ मा दर्ता कायम भएको **टासी छोइलिङ** फर्म दर्ता ठेगाना : का.म.न.पा. - ६, काठमाडौं स्थायी लेखा नं. ६०१११५१५०, मिति २०६९/१२/२२ **प्रोप्राइटर : टसी लामा** ना.प्र.नं. ४७३८, जारी मिति २०५५/०३/२२, जि.प्र.का. मुगु बाबुको नाम : तार्के लामा बाजेको नाम : छेवाड डाडवु लामा स्थायी ठेगाना : मुगु - ९, मुगु **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	**भिरमे तोर्ची लामा** ना.प्र.नं. १९५२, जारी मिति २०४५/०३/१३ जि.प्र.का. मुगु बाबुको नाम : तार्के लामा बाजेको नाम : कर्मा छयङ्ग वाप्पो लामा स्थायी ठेगाना : मुगु - ९, मुगु	**तार्के लामा रिम्पोछे** ना.प्र.नं. १९४२, जारी मिति २०४५/०३/१२ जि.प्र.का. मुगु बाबुको नाम : छेवाड डाडवु लामा बाजेको नाम : गुरु छोम्पेल लामा स्थायी ठेगाना : मुगु - ९, मुगु

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	संस्थागत जमानत दिनेको विवरण
२. मुरारी कुमार रेग्मी ना.प्र.नं. ७७८७/१०८५९ जारी मिति २०३७/०२/०३, जि.प्र.का. काठमाडौं बाबुको नाम : लोकनाथ रेग्मी बाजेको नाम : टिका दत्त रेग्मी स्थायी ठेगाना : का.म.न.पा. - १७, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**अनिता रेग्मी** ना.प्र.नं. १३७३३/५६१, जारी मिति २०५४/०३/२३ जि.प्र.का. काठमाडौं बाबुको नाम : शिव प्रसाद खनाल पतिको नाम : मुरारी कुमार रेग्मी ससुराको नाम : लोकनाथ रेग्मी स्थायी ठेगाना : का.म.न.पा. - १७, काठमाडौं	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ७१२०५/०६६/०६७ अन्तर्गत मिति २०६६/११/२७ मा दर्ता कायम भएको **होलि प्लेस नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : का.म.न.पा. - २, काठमाडौं स्थायी लेखा नं. ३०४२१९५५७, मिति २०६६/१२/१२ **संचालक : मुरारी कुमार रेग्मी**

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
३. राजु श्रेष्ठ ना.प्र.नं. ३९६२, जारी मिति २०४४/०५/३१, जि.प्र.का. काठमाडौं बाबुको नाम : राम प्रसाद श्रेष्ठ बाजेको नाम : जगत बहादुर श्रेष्ठ स्थायी ठेगाना : महाकाल - २, बुढानिलकण्ठ, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**सरिना गुरुङ** ना.प्र.नं. ३२६५, जारी मिति २०५४/११/१०, जि.प्र.का. बाँके बाबुको नाम : तुल बहादुर गुरुङ पतिको नाम : राजु श्रेष्ठ ससुराको नाम : राम प्रसाद श्रेष्ठ स्थायी ठेगाना : नौवस्ता - २, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
४. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. १२१५४३/०७१/०७२ अन्तर्गत मिति २०७१/१२/११ मा दर्ता कायम भएको **मुखुम कैलाश किराना पसल** फर्म दर्ता ठेगाना : का.म.न.पा. - ६, बौद्ध, काठमाडौं स्थायी लेखा नं. ३०४२४३७०९, मिति २०७१/१२/१३ **प्रोपाइटर : गुरु तामाङ्ग** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**गुरु तामाङ्ग** ना.प्र.नं. ५८५३७, जारी मिति २०४२/०८/१८, जि.प्र.का. मुगु बाबुको नाम : तार्के तामाङ्ग बाजेको नाम : धाडग्री तेन्जिङ स्थायी ठेगाना : मुगु - ७, मुगु

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सम्साँझै...

पृष्ठ १ बाट क्रमशः

प्रहरी आउने डरले ग्राहक उठाउँदै टेबुल खाली गर्न बाध्य हुन्छन् । यो रात्रिकालीन व्यवसायी राम थापाको अनुभव हो । कमलपोखरीमा आलिसान लाउन्ड, ठमेलमा इबिजा क्लब र नगरकोटी दोहोरीमा लगानी गरेका उनको मात्रै होइन, समग्र रात्रिकालीन व्यवसायीकै बाध्यता हो यो । १३ मंसिर ०७९ मा जिल्ला सुरक्षा समितिको बैठकले गरेको निर्णयअनुसार काठमाडौंमा क्लब र डिस्को बिहानको ४ बजेसम्म, डान्स, दोहोरी, रेस्टुरेन्ट र लाउन्ड एन्ज बार २ बजेसम्म, अन्य रेस्टुरेन्ट १२ बजेसम्म र मदिरा पसल १० बजेसम्म खोल्न दिने निर्णय भएको थियो । 'तोकिएको यो समयसीमाभित्र बन्द नगरे बर्दीसहितको प्रहरी पसलभित्रै ग्राहक खेदाउन आइपुग्छन्,' थापाले भने ।

यी त प्रतिनिधि उदाहरण मात्रै हुन्, देशकै केन्द्रीय राजधानी सहर काठमाडौंमा यस्ता बाध्यताका चाङ छन् । देशकै पहिलो र ठूलो महानगर पनि हो काठमाडौं, तर यो अन्य देशका महानगर र राजधानीजस्तै २४ सै घन्टा खुल्दैन । झिसमिसेमै उठ्ने काठमाडौं रात पर्न नपाउँदै निदाउँछ । जति ब्युँझिन्छन् ती पनि तोकिएको समयसीमा र प्रहरी-प्रशासनको दबाबका कारण चाँडै बन्द गर्न बाध्य छन् । नमाने विकल्पमा हिरासतको वास बस्नुपर्ने अर्को बाध्यता छँदै छ ।

कतिवेलासम्म खुल्छ काठमाडौं ?

१३ मंसिर ०७९ को जिल्ला सुरक्षा समिति बैठकले नै ठमेलमा व्यवसाय गर्ने समय बढाएको थियो । सो बैठकले क्लब र डिस्को ४ बजेसम्म, डान्सबार, दोहोरी तथा लाउन्ज बारलाई २ बजेसम्म सञ्चालन गर्न दिने निर्णय गरेको थियो । अन्य रेस्टुरेन्टलाई १२ बजे र मदिरा पसललाई १० बजेको समयसीमा तोकेको थियो । तर, यो निर्णय कार्यान्वयन हुन सकेको छैन । केही पहुँचवाला व्यवसायीले मात्र रातभरि सञ्चालन गर्दै आएका छन् ।

ठमेल, दरबारमार्गबाहेकका स्थानका अधिकांश रेस्टुरेन्ट १० बजे नै बन्द हुन्छन् । फन् अन्य पसल त ८ देखि ९ बजेसम्म बन्द भइसक्छन् । पसल बन्द गराउनलाई प्रहरीको भ्यानदेखि बाइकसम्म पसल-पसल पुगिरहेको हुन्छ ।

रात्रिकालीन व्यवसायी राम थापा सम्बन्धित वृत्तमा आउने प्रहरी इन्चार्जको मुडअनुसार काठमाडौंमा रात्रिकालीन व्यवसाय चलिरहेको बताउँछन् । 'यहाँ पर्यटन विकासका लागि सरकारले राम्रो कदम चालेको नै छैन,' उनी भन्छन्, 'रात्रिकालीन व्यवसायीहरू प्रहरी इन्चार्जको मुड र अन्डरमा चल्नुपर्ने हुन्छ । यहाँ कोही विदेशी पर्यटक एक रातमा एक करोड खर्च गर्ने गरी आयो भने ठाउँ छैन । प्रहरीलाई खुसी पार्न सकिएन भने खोल्न नपाउने अवस्था छ । नत्र प्रहरी आफ्नो मुडअनुसार ग्राहकलाई जबर्जस्ती उठाउन क्लबसम्म पुग्ने गरेका छन् ।'

अर्का एक रात्रिकालीन व्यवसायीका अनुसार काठमाडौंमा नाइटलाइफका लागि परिचित ठमेल र दरबारमार्गमा प्रहरी इन्चार्ज फेरिनासाथ नयाँ नियम सुरु हुन्छ । १६ भदौमा देशभर एक सय २० डिएसपीको सरुवा हुँदा प्रहरी वृत्त दरबारमार्गमा गोविन्द थापा र प्रहरी वृत्त लैनचौरमा चतुर्भुज ओझा नयाँ इन्चार्जका रूपमा आए । त्यसपछि एकाएक ठमेल र दरबारमार्गमा रात्रिकालीन चहलपहल घट्यो । कारण अरू बेला पहुँचका भरमा रातभरि खुल्ने त्यहाँका बर्गर-पिज्जा हाउसदेखि रेस्टुरेन्टसम्म बन्द भएका थिए । ठेलामा राखिने मःम पसलसम्म सडकमा राख्न बन्द गरियो । दुई हप्तासम्मको यो दृश्य भने अहिले हटेको छ । 'नयाँ जोगीले धेरै खरानी धस्छ भनेको यही हो । अब कुरा मिल्यो, त्यसैले खुल्न थालेको छ,' ती व्यवसायीले भने ।

राति किन खोलिँदैन बजार ?

संसारका ठुल्ठूला महानगर रातभरि खुल्छन् । तर, नेपालमा किन त्यस्तो हुन सकेन ? पूर्व सहरी विकास सचिव तथा सहरविद् किशोर थापा दिउँसो काम गर्ने, राति सुत्नुपर्ने संस्कारको विकासका कारण देशकै ठूलो महानगर काठमाडौं २४ सै घन्टा नखुलेको बताउँछन् । तर, यसले राज्यलाई नै नोक्सानी पुगिरहेको उनको विश्लेषण छ ।

'संसारभर ठुल्ठूला महानगर २४ सै घन्टा खुला रहन्छन्, त्यहाँका विमानस्थल, अस्पताल, कारखाना खुलै रहन्छन्, रात्रिकालीन व्यवसाय चलेकै हुन्छ,' उनले भने, 'औद्योगिक वृद्धिका लागि कारखानाहरू दुवै सिफ्ट चल्छन् । छिमेकी मुलुक भारतमै २४ सै घन्टा रेल चल्छन्, एयरपोर्टलगायत व्यवसाय चलेकै हुन्छ । हाम्रोमा चाहिँ दिउँसो काम गर्ने, राति सुत्नुपर्छ भन्ने संस्कार स्थापित छ । हाम्रो राज्यको काम गर्ने शैलीका कारण पनि धेरै काम राति बन्द हुन्छन्, तर यो ठीक होइन । राति पनि राजधानी खुल्नुपर्छ, सुत्नुहुँदैन ।'

२४ सै घन्टा सहर खुल्यो भने यसले उत्पादकत्व बढाउने र सरकारलाई पनि थप राजस्व प्रदान हुने उनको तर्क छ । 'यति मात्रै होइन हाम्रा विकास निर्माणका काम पनि छिटो-छरितो हुन्छन्,' उनले भने, 'दिउँसो पाँच-सात घटना काम गर्ने, रातिचाहिँ सुत्ने संस्कारले गर्दा पनि अहिले धेरै विकास निर्माणका कार्य ढिलो भइरहेका छन् । तर, राति पनि महानगर खोल्नका लागि सरकारले वातावरणचाहिँ बनाइदिनुपर्छ । त्यो वातावरण भनेको शान्ति सुरक्षाको व्यवस्थापन हो ।'

यता जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जितेन्द्र बस्नेत रात्रिकालीन व्यवसायलाई चलायमान बनाउने विषयमा आफूहरू कठोर नभएको बताउँछन् । 'राजधानीका सबै ठाउँ २४ सै घन्टा चल्ने खालका हुँदैनन्, यो व्यवसायको प्रकृतिअनुसार हुन्छ,' उनले भने, 'त्यसैले हामीले भन्दैमा खुल्ने अवस्था पनि आउँदैन । तर, पर्यटनजन्य ठाउँहरू कुन व्यवसाय कति बजेसम्म सञ्चालन गर्ने भनेर निर्णय गरेका छौं । यद्यपि, काठमाडौंभरि कुनै पनि ठाउँका व्यवसायीले यदि २४ सै घन्टा व्यवसाय सञ्चालन गर्न पाउनुपर्‍यो भनेर माग राख्नुभयो भने छलफलका आधारमा सम्भाव्यता हेरेर थप निर्णय गर्न सकिन्छ । अहिलेसम्मचाहिँ गृह मन्त्रालयबाट भएको निर्देशन र सरोकारवाला निकायसँग छलफल गरेर व्यवसायको प्रकृतिअनुसार राति तोकिएको समयसम्म सञ्चालन गर्न दिइरहेका छौं ।'

बजार र उपभोक्ताले माग बढाएको अवस्थामा छलफल गरेर थप निर्णय गर्न सकिने उनको भनाइ छ । 'कोभिडपछि सबै खाले व्यवसायमा मन्दी आएको छ,' उनले भने, 'राति चल्ने व्यवसाय अहिले पनि राम्रोसँग उठ्ने सकेको अवस्था देखिँदैन । हामीले अस्ति भर्खर मात्रै रात्रिकालीन व्यवसायको अनुगमन गर्दा धेरै ठाउँमा ग्राहक नभएको, खोलेर मात्रै बसेको पाइयो । अहिले राति खोल्न पाउनुपर्छ भनेर माग राखेको पाएका छैनौं । तर, हामीले व्यवसाय गर्न पाएनौं, समय कम दिइएको छ भन्ने खालको गुनासो आयो भने हामी फेरि पनि हेर्न सक्छौं । रात्रिकालीन व्यवसायलाई चलायमान बनाउने विषयमा हामी कठोर छैनौं, उदार नै छौं । यसलाई सहजीकरण गरेर अगाडि जान सकिन्छ ।'

शान्ति सुरक्षा मुख्य चुनौती

अधिकांश सरोकारवाला निकायका प्रमुख काठमाडौं रातभर खेल्नका लागि शान्ति सुरक्षालाई नै प्रमुख चुनौती मान्छन् । काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर पहिलो चरणमा काठमाडौंलाई १६ घन्टा खोल्न पहल गरिए पनि प्रहरी प्रशासनका कारण खोल्न नसकिएको बताउँछन् ।

'मेयरज्यू सकारात्मक हुनुहुन्छ,' उनले भने, 'पहिलो चरणमा कम्तीमा महानगरका मुख्य ठाउँहरू ठमेल, बानेश्वर, न्युरोड, दरबारमार्ग, कोटेश्वर, चाबहिल १६ घन्टासम्म खोल्नुपर्छ भन्ने पक्षमा हो । तर, यसमा सबैभन्दा ठूलो चुनौती शान्ति सुरक्षाको देखियो ।'

प्रवक्ता मानन्धर सुरक्षा निकाय समन्वयका लागि तयार भएको अवस्थामा राति खोल्न सकिने बताउँछन् । मानन्धरका अनुसार सर्वेन्द्र खनाल आईजिपी छँदा महानगरले यही प्रस्ताव अघि बढाएको थियो । त्यतिवेला आईजिपी खनाल तयार भए पनि तत्कालीन प्रमुख जिल्ला अधिकारी सहमत नभएको उनले बताए ।

'अहिले प्रहरी प्रशासनले यो विषयमा ठ्याक्कै बोल्न नसकेका कारण कार्यान्वयनमा ल्याउन सकेका छैनौं,' उनले भने, 'प्रहरी तयार भयो भने पहिलो चरणमा १६ घन्टा खोल्न तयार छौं । अहिले महानगरका कतिपय सहरमा रात्रिकालीन व्यवसाय राति पनि खुलिरहेका छन्, तर दुक्कसँग खोल्न सकिरहेका छैनन् । केहीले प्रहरीलाई मिलाएर खोलिरहेका छन्, धेरैले लुकीलुकी र डराएर खोलिरहेको अवस्था छ । प्रहरी आफैं बन्द गराउँदै हिँडेको अवस्था छ ।'

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्री काठमाडौं २४ सै घन्टा खोल्ने विषयमा आफूहरू असहमत नरहेको बताउँछन् । तर, प्रविधियुक्त पूर्वाधार नहुँदा शान्ति सुरक्षामा चुनौती रहेको स्विकार्छन् । 'संसारका अन्य देशमा महानगर किन सुदैनन् भने त्यहाँ सुरक्षामा राज्यको राम्रो लगानी हुन्छ, तर हाम्रोमा कति छ ?' उनले प्रश्न गर्दै भने, 'उदाहरणका लागि सिंगापुर जानुभयो भने त्यहाँ दुई सेकेन्ड पनि मान्छे सिसिटिभीको निगरानीबाट बाहिर जाँदैन । लन्डन जानुभयो भने बिहान निस्केदेखि रातिसम्म जुनसुकै समयमा तपाईं कुनै न कुनै सिसिटिभीको निगरानीमा परिरहनुहुन्छ । हामीकहाँ त्यस्तो पूर्वाधार छ त ?'

शान्ति सुरक्षाका लागि राज्यले प्राथमिकतासाथ पूर्वाधारमा लगानी गर्नुपर्ने उनको तर्क छ । 'हामीले हेर्ने भनेको सुरक्षा हो,' उनले भने, 'सुरक्षाको दृष्टिकोणबाट हामी तीनवटा कुरा हेर्छौं- सुरक्षित, व्यवस्थित र मर्यादित । आमजनताले उद्योग, धन्दा र व्यवसाय गर्न पाउनुहुन्न भन्ने पक्षमा हामी छैनौं । तर, हाम्रो सहर पनि युरोपको जस्तो २४ सै घन्टा खुल्नुपर्‍यो भनेर मात्रै भएन, लगानी पनि त्यही हिसाबले हुनुपर्‍यो । नेपालमा मात्रै होला सडकमा यति धेरै प्रहरी देखिने । नत्र बेलायत, कोरिया, दुबई, सिंगापुरलगायत देशमा सबै प्रविधिले निगरानी गरिरहेको हुन्छ । त्यसैले राज्यले पनि यो कुरालाई प्राथमिकतामा राख्नुपर्‍यो ।'

व्यवसायीले पनि सामाजिक उत्तरदायित्वअन्तर्गत पूर्वाधारमा लगानी गर्न सक्ने उनी बताउँछन् । 'व्यवसायीमा पनि १० रुपैयाँ कमाउँदा दुई रुपैयाँ सामाजिक उत्तरदायित्वमा लगानी गर्नुपर्छ भन्ने भावना हुनुपर्छ,' उनले भने, 'काठमाडौं सहरका लागि करिब १०-१२ हजार सुरक्षाकर्मी भनेको पर्याप्त जनशक्ति नै हो । सुरक्षाका दृष्टिले रातभरि बजार खोल्न प्रमुख चुनौती भनेको पूर्वाधार र प्रविधिकै हो । संसार कहाँ पुगिसक्यो, हामी उही ढुंगेयुगमा छौं ।'

पूर्वसचिव थापा पनि राति बजार खोल्न प्रमुख समस्या शान्ति सुरक्षाकै देख्छन् । 'व्यवसायी, काम गर्ने मान्छे र सेवाग्राहीलाई रात्रिकालीन सेवा लिन डरत्रासमुक्त वातावरण सिर्जना हुनुपर्छ,' उनले भने, 'हामीजस्तो अविकसित मुलुकमा राति सुतेर देशको विकास हुँदैन । यसको चेतना आमनागरिक र राज्य दुवैमा हुनुपर्छ ।'

महानगरका प्रवक्ता मानन्धर राति काठमाडौं खोल्न सकेको अवस्थामा बेरोजगारको ठूलो समस्या हल हुने बताउँछन् । 'हामीले रोजगारी सिर्जना नसक्नुको कारण यो पनि हो,' उनले भने, 'आठ घन्टा चलिरहेको बजारलाई १६ घन्टामा पुऱ्याउन सकियो भने रोजगारको अवस्था दोब्बर हुन्छ । अर्थतन्त्र पनि चलायमान हुन्छ । राज्यलाई कर पनि बढ्ने भयो । धेरै फाइदा हुन्छ । त्यसकारण कुनै पनि हालतमा सीमित ठाउँ मात्रै तोकेर भए पनि कम्तीमा बजार १६ घन्टासम्म त खोल्नैपर्छ । त्यसपछि अवस्था हेरेर २४ घन्टा नै पुऱ्याउन सकिन्छ । अहिले त हामी अल्झी भएकै हो ।'

८ बजेपछि सार्वजनिक सवारी बन्द हुँदा यात्रुलाई सास्ती

देशकै संघीय राजधानीमा ८ बजेपछि सार्वजनिक सवारीसाधन चल्दैन । सवारीसाधन बन्द हुँदा टाढाटाढाबाट काम गर्न आउने कर्मचारी र सपिङ गर्न आउने सेवाग्राही हतारहतार घर फर्कनुपर्ने बाध्यता छ । नत्र महँगो भाडा तिरेर पठाओ-इनड्राइभर र ट्याक्सी चढ्न बाध्य छन् ।

०६९ मा काठमाडौं महानगरपालिकाको अनुदानमा रात्रिबस सञ्चालनमा नआएको भने होइन, तर डेढ वर्षमै बन्द भयो । १ भदौ ०६९ को बेलुकी तत्कालीन उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले न्युरोड गेटमा राति तीन घन्टा मात्रै चल्ने बसको रिबन काटेका थिए । त्यतिवेला बसको सुरक्षाका लागि सिसिक्यामेरा र हतियारसहितका प्रहरीसम्मको व्यवस्था थियो । राति ८ बजेपछि काठमाडौंमा विभिन्न रुट भएर एकसाथ १४ वटा बस चलेका थिए । काठमाडौं महानगरपालिकाको ४५ लाख अनुदानमा चलेको उक्त बसका लागि चालकले दिउँसोजसरी यात्रु बोलाउँदैन थिए । चोकैपिच्छे रोकेर कराउँदैन थिए । राति ११ बजेसम्म बस चल्थ्यो । तर, पछि यात्रु कम भएर घाटा भयो भन्दै सेवा नै बन्द गरियो ।

काठमाडौं महानगरका प्रवक्ता मानन्धर प्रशासनले बजार खोल्न समन्वय गर्न सके फेरि रात्रिकालीन व्यवसाय सञ्चालन गर्न सकिने बताउँछन् । 'मुख्य-मुख्य ठाउँका बजार खोल्न सकियो भने तिनै रुटलाई केन्द्रित गरेर याताय

छठको उत्सवमा काठमाडौं

नयाँ पत्रिका

काठमाडौंमा छठ पर्वको भव्य तयारी भएको छ। छठी माईको पूजाका लागि काठमाडौंका नदी, पोखरी र जलाशयको सरसफाइ तथा सजावट लगभग अन्तिम चरणमा पुगेको छ।

छठका लागि काठमाडौंका कमलपोखरी, गौरीघाट, नागपोखरी, गहनापोखरीलगायत पोखरीमा सरसफाइ र सजावटका काम अन्तिम चरणमा पुगेको हो। छठको दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्ने प्रचलन रहेको छ।

छठको भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिई पूजा विसर्जन गरिन्छ। छठको तयारीस्वरूप कमलपोखरीमा पनि सरसफाइ, टेन्ट राख्ने र बत्ती जडान गर्ने काम पूरा भएको कमलपोखरी छठ कमिटीका अध्यक्ष राजेन्द्र सिंहले बताए।

'छठको तयारीस्वरूप धेरै काम गरिसकेका छौं। सरसफाइको काम भइसकेको छ। टेन्ट राख्ने र बत्ती जडान गर्ने काम पनि सकेका छौं। राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीलाई निमन्त्रणा पनि दिएका छौं,' सिंहले भने।

कमलपोखरीमा ०६८ देखि छठ पूजा सुरु भएको हो। कमलपोखरी स्पोर्टस् क्बलको आफू अध्यक्ष हुँदा कमलपोखरीमा भएको फोहोर हटाउन, मधेश र काठमाडौंबीचको भाइचारा देखाउन सुरु गरिएको सिंहले बताए। ०६८ मा करिब २० वटा घाटबाट सुरु भएपनि हाल तीन सय नौ घाटको व्यवस्था गरिएको छ। उनका अनुसार हालसम्म दुई सय घाट बुकिङ भइसकेको छ।

कमलपोखरीमा जस्तै गौरीघाटमा पनि छठको लगभग तयारी पूरा भएको छ। गौरीघाटमा सजावटको काम सम्पन्न भइसकेको छ। बत्ती जडान, टेन्ट राख्नेलगायत काम पनि पूरा भइसकेको छ। नदी सफाइको काम भने १० प्रतिशत बाँकी रहेको गौरीघाट गुह्येश्वरी छठ पूजा समितिका सचिव राजकुमार पोद्दारले बताए।

उनका अनुसार मूर्ति राख्ने, फूलको थप सजावट गर्ने र १० प्रतिशत बाँकी रहेको नदी सफाइको काम गरिनेछ। 'छठको लगभग तयारी पूरा भइसकेको छ। भोलि मूर्ति राख्ने, थप फूलले घाट सजाउने र नदी सफाइको केही काम छन्। ती काम सकाउँछौं,' उनले भने।

गौरीघाटमा बनाइएका पाँच सय ४० घाटमध्ये पाँच सय १३ घाटको बुकिङ भइसकेको छ। ती घाट केही सशुल्क र केही निःशुल्क भएको उनले बताए। 'शुल्क दिन सक्नेमार्फत केही शुल्क लिन्छौं। दिन सक्दैनौं भन्नेबाट लिँदैनौं,' सचिव पोद्दारले भने। यीबाहेक अन्य पोखरी, जलाशयमा पनि छठको तयारी लगभग पूरा भएको छ।



छठका लागि झकिझकाउ गौरीघाट र कमलपोखरी (तल)। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



यसपालि पनि खुलेन रानीपोखरी

आठ वर्षअघि भूकम्पका कारण बन्द भएको रानीपोखरी यस वर्ष पनि छठ पर्वका लागि खुल्न सकेन। तिहारका लागि सरसफाइ गरेर तयारी अवस्थामा राखेपनि रानीपोखरी नखुल्ने काठमाडौं महानगरपालिकाले बताएको छ। गत वर्ष रानीपोखरी पुनर्निर्माण सम्पन्न भइसकेको र महानगरलाई हस्तान्तरण पनि नभइसकेकाले गत वर्ष रानीपोखरी खुलेको थिएन। तर, यस वर्ष कसैले पनि छठका लागि खोल्नुपर्ने माग नगरेकाले रानीपोखरी नखोलेको महानगरले जनाएको छ।

'भूकम्पपछि सुरक्षा दृष्टिकोणले पनि रानीपोखरीमा छठ मनाउनका लागि सम्भव थिएन। पुनर्निर्माण भएर हस्तान्तरण पनि भएको थिएन। तर, यसपालि भने कसैले पनि छठ पर्व मनाउनका लागि भनेर प्रस्ताव लिएर आएनन्। त्यसैले यसपटक पनि रानीपोखरी खुल्दैन,' महानगरका प्रवक्ता मानन्धरले भने। उनका अनुसार महानगरले छठ पर्वका लागि कमलपोखरीलगायत पोखरी र जलाशयको सरसफाइ गरिसकेको छ। छठका लागि शान्ति सुरक्षासमेत महानगरले गर्ने जनाएको छ। ०६३ देखि छठ मनाउन थालिएको रानीपोखरीमा भूकम्पका कारण ०७२ देखि छठ मनाइएको छैन।

अभियुक्तलाई पक्राउ गर्न तीन राउन्ड गोली प्रहार

बाँके/ अभियुक्तलाई पक्राउ गर्न बाँके प्रहरीले तीन राउन्ड गोली चलाएको छ। कोहलपुर नगरपालिका- १२ चप्परगौडीका २९ वर्षीय मीनबहादुर विकलाई धारिलो हतियार प्रहार गरी फरार रहेका बैजनाथ गाउँपालिका घर भई हाल कोहलपुर नगरपालिका- ११ बस्दै आएका आकाशजंग रानालाई नियन्त्रणमा लिन बाँके प्रहरीले गोली चलाएको हो।



जानकी गाउँपालिका- ४ मा लुकीछिपी बसेको भन्ने गोप्य सूचनाका आधारमा पुगेको प्रहरीलाई देख्नेबित्तिकै भाग्न खोज्दा उनीमाथि तीन राउन्ड गोली प्रहार गरिएको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले बताए। तीन राउन्ड गोलीमध्ये एउटा गोली रानाको दायाँ खुट्टाको तिघ्रामा लागेको डाँगीले बताए। घाइते रानाको नेपालगन्जस्थित भेरी अस्पतालमा उपचार भइरहेको छ। डिएसपी डाँगीका अनुसार पक्राउ परेका रानासहितको समूहले ३० कात्तिक बिहान विकलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको थियो। विकको नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि भारतको लखनउ लगिएको छ। रानाले २८ कात्तिकमा कोहलपुर नगरपालिका- ११ मा एक महिलालाई बलात्कार प्रयास गरेको उजुरीसमेत परेको प्रहरीले जनाएको छ। उनी लागुऔषध मुद्दामा पाँच वर्ष जेल बसेका थिए।

एआइजी ज्ञवालीको जन्ममिति विवादमा संसदीय समितिले गृहसँग माग्यो विवरण

काठमाडौं/ नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीको जन्ममिति विवाद प्रकरणमा संसदीय समितिले छानबिन थालेको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले त्यसबारे उजुरी आएपछि छानबिन थालेको हो।

शेरबहादुर चन्दले दिएको उजुरीमा एआइजी ज्ञवालीले उमेर ढाँटेर प्रहरी सेवामा प्रवेश गरी भ्रष्टाचारजन्य काम गरेको आरोप छ। राज्य व्यवस्थाले सात दिनभित्र सत्यतथ्य विवरण उपलब्ध गराउन गृह मन्त्रालयलाई शुक्रबार पत्राचार गरेको छ। 'जन्ममिति फरक परेको विवादमा के भएको हो, किन छानबिन नभएको हो, सत्यतथ्य सबै विवरण उपलब्ध गराउन अनुरोध छ,' समितिले गृहलाई पठाएको पत्रमा भनिएको छ।

समिति सभापति रामहरि खतिवडाले गृह मन्त्रालयबाट जन्ममिति विवादबारे फाइलसहितको विवरण प्राप्त भएपछि छानबिन प्रक्रिया अघि बढ्ने बताए। 'गृहबाट कागजात आएपछि समितिमा छलफल हुन्छ। सत्यतथ्य बुझेर प्रमाणका आधारमा समिति निर्णयमा पुग्छ,' उनले भने।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उमेर विवादकै उजुरी परेकोमा ज्ञवालीले सफाइ पाएका थिए। आयोगले गत वैशाखमा नागरिकता र शैक्षिक प्रमाणपत्रमा कुनै कैफियत नदेखिएको ठहर गर्दै उजुरी तामेलीमा पठाएको थियो।

बेरोजगारलाई पुनर्निर्माणमा जोड्छौं : मुख्यमन्त्री शर्मा

रुकुम पश्चिम/ कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले बेरोजगारलाई भूकम्पपछिको पुनर्निर्माणमा जोड्ने गरी तयारी भइरहेको बताएका छन्। 'पुनर्निर्माणमा ठूलो जनशक्ति आवश्यक पर्छ, स्थानीय जनशक्तिलाई नै प्रयोग गरिन्छ, धेरै आत्तिनुपर्ने अवस्था छैन,' नयाँ पत्रिकासँग कुरा गर्दै मुख्यमन्त्री शर्माले भने, 'छिटो-छरितो, स्थानीय श्रम र स्थानीय प्रविधिको प्रयोगबाट घर निर्माण गर्ने गरी डिजाइन गर्नुपर्छ भनेर संघ सरकारलाई भनेका छौं।' भूकम्पले बस्नै नमिल्ने बनेका ६०-६२ हजार घर निर्माण गर्नुपर्ने अवस्था रहेकाले ठूलो संख्यामा स्थानीय श्रमिक आवश्यक पर्ने उनको भनाइ छ। यस विषयमा प्रदेश सरकारले संघ सरकारसँग समन्वयकारी भूमिका खेलिरहेको समेत उनले बताए।



मुख्यमन्त्री शर्माले कर्णाली प्रदेशले घोषणा गरेको वार्षिक १० हजारलाई रोजगारी दिने कार्यक्रम पनि कानुनी प्रक्रियामै रहेको र यो कार्यक्रमबाट पनि धेरैले रोजगारी पाउने बताए।

कांग्रेस सहकारी विभाग प्रमुखमा कँडेल

काठमाडौं/ कांग्रेस सहकारी विभाग प्रमुखमा केन्द्रीय सदस्य देवेन्द्रराज कँडेल मनोनीत भएका छन्। मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार सभापति शेरबहादुर देउवाले शुक्रबार विधानको व्यवस्थाअनुसार कँडेललाई विभाग प्रमुखमा मनोनयन गरेका हुन्।



सहकारी विभागले नेतृत्व पाएसँगै कांग्रेसका १७ विभागले नेतृत्व पाएका छन्। कांग्रेसले ४८ विभागलाई ७० पुऱ्याउने निर्णय गरेको थियो, तर नयाँ गठन गर्ने विभागको नाम टुंगिएको छैन। महाधिवेशनको लामो समयसम्म पनि गठन नहुँदा र बनेकाले पूर्णता नपाउँदा प्रचार विभागबाहेकका गतिविधि शून्य छन्। महाधिवेशनको लामो समयपछि १२ जेठमा प्रचार विभाग र १५ भदौमा १५ विभागमा नेतृत्व तोकिएका छन्।

साधारणसभामा उपस्थित हुने बारे सूचना

सिटी भिलेज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८०/०७/२२ गते बुधबार बसेको सञ्चालक समितिको २११ औं बैठकको निर्णय बमोजिम यस सहकारी संस्थाको १४औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले उल्लेखित समयमा नै उपस्थित भई आ-आफ्नो अमूल्य राय, सल्लाह सुझाव प्रदान गरी संस्थाको चौधौं वार्षिक साधारणसभा सम्पन्न गर्न सहयोग गरिदिनु हुन सम्पूर्ण शेयर सदस्य महानुभाव समक्ष हार्दिक अनुरोध गरिन्छ।

कार्यक्रम

मितिः २०८०/०८/१६ गते शनिबार समयः बिहान ९:०० बजे स्थानः चोभार किर्तिपुर

छलफलका विषयहरू-

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२) आ.व. २०८०/८१ को अनुमानित बजेट छलफल गरी पारित गर्ने।
३) निर्णय पुस्तीका प्रमाणीत गर्न शेयर सदस्यबाट ८ जना प्रतिनिधि नियुक्त गर्ने सम्बन्धमा।
४) अघिल्ला साधारणसभाबाट पारित गरिएका र विविध कारणले कार्यान्वयन नभएका विषय(वस्तुहरु यथाशक्य पारित गर्दै लगिने।
५) संस्था एकीकरण तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा।
६) विभिन्न उपसमिति गठन गर्ने सम्बन्धमा।
७) संस्थाको आन्तरिक निति तथा कार्यविधि संशोधन तथा स्वीकृत गर्ने सम्बन्धमा।
८) आ.व. २०८०/२०८१ को निम्ति लेखा परिक्षकको नियुक्ती तथा पारीश्रमिक निर्धारण सम्बन्धमा।
९) लेखा परिक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
१०) विनियम पुनर्लेखन समबन्धमा।
११) विविध विषयमा।

नोट- सम्पूर्ण शेयर सदस्यको सुविधाको निम्ति शेयर सदस्य नं. सहितको कुपनको ब्यवस्था गरिएकोले समयमानै संस्थाका कर्मचारी वा संस्थामा सम्पर्क गरी कुपन लिन समेत अनुरोध छ।

सञ्चालक समितिको आज्ञाले
(सचित)
निर्मल हरी आचार्य

अभयपुर बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, काठमाडौं फोन नं. ०१-४५८८७७२

धितो लिलाम सम्बन्धी २१ दिने सूचना

सूचना प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०२

यस संस्थाबाट कर्जा लिई कर्जाको साँवा तथा व्याज नबुझाउने तपसिलमा उल्लेखित ऋणी शेयर सदस्यलाई पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत कर्जा लिदा यस संस्थामा गरेको कबुलियतनामा कागज अनुसार ऋणीले साँवा तथा व्याज तिर्न अटेर गरेकोले तत्काल कर्जा हिसाब राफ साफ गर्न मिति २०८०/०६/२३ मा नया पत्रिका राष्ट्रीय दैनिक पत्रीकामा सार्वजनीक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले तिर्नुपर्ने रकम तिर्न बुझाउन कुनै चासो नदेखाएकोले संस्थाले बाध्य भएर कर्जाको साँवा, व्याज र हर्जाना बाकी सम्पूर्ण रकम चुक्ता गर्न आउन यो अन्तिम सूचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको ऋणीले यस संस्थामा सम्पर्क राखी उक्त ऋणको सम्पूर्ण बाँकी रकम चुक्ता गरि गराई सुरक्षणमा राखिएको आफ्नो सम्पत्ति संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ। उक्त मिति भित्र तिर्नु बुझाउने पर्ने रकम नतिरे नबुझाएमा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ संस्थाको विनियम कर्जा लगानी तथा असुली नीती एवं अन्य प्रचलित कानुन बमाजिम यो धितो लिलामी सुचना प्रथम प्रकाशित भएको मितिले १६ औं दिन देखि २१ औं दिन भित्र कार्यलय समयमा आइ शर्तहरू उल्लेख भएको बोलपत्र पेस गर्न र पेश भएको २२ दिन वा सो दिन बिदा परेमा लगतै कार्यलय खोलेको दिनमा बोलपत्र खोलिने हुँदा बोलपत्र दाता तथा तीनका अधिकारीक प्रतिनिधिको रोहबरमा अचल सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा प्राप्त गोप्य शिलबन्दी बोलपत्रहरू खोलिने व्यहोरा अनुरोध छ। उक्त दिन बोलपत्रदाताहरू अनिवार्य रुपमा उपस्थित हुनु होला अन्यथा बोलपत्र दाता अनुपस्थिति भएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन। पुनश्चः यस सूचना अनुसार पनि लिलामी हुन नसकेमा संस्थाले बाध्य भएर कर्जा सुरक्षण वापत राखेको सम्पती संस्थाको अनुकुल हेरी आफैले सकार गरी लिने सरोकारवालालाई यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	ऋणीको तीन पुस्ते विवरण, ठेगाना	धितोको विवरण
१	**नाम : शर्मिला पुरी** बाबु : कृष्ण बहादुर बन बाजे : टक बहादुर पुरी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, सानसिरुवारी वडा नं.५ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६	**धितो विवरण** टक बहादुर पुरीको नातिनी, कृष्ण बहादुर बनको छोरी, सिन्धुपाल्चोक जिल्ला, सानसिरुवारी गा.वि.स. वडा नं. ५ बस्ने शर्मिला पुरीको नाममा रहेको मालपोत कार्यालय चितवनमा दर्ताभएको चितवन जिल्ला, खैरहनी वडा नं. ५ किता नं.१७६८, को क्षेत्रफल ०-०-६.५-०-०, बिगहा/११०.०६ ब.मि., मोठ पाना ३५_५८६५ घ
२	**धन जमानीकर्ताहरू** नाम : महेन्द्र पुरी बाबु : टेक बहादुर पुरी बाजे : डबर बहादुर पुरी ठेगाना : काठमाडौं जिल्ला,का.म.न.पा.वडा नं. १६ **नाम : निकेश श्रेष्ठ** बाबु : मोहनकाजी श्रेष्ठ बाजे : रामकाजी श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला,का.म.न.पा. वडा नं. : २	

लिलामी सम्बन्धी विस्तृत जानकारी सहितको सूचना कार्यालयको सूचना पाटिमा टाँस गरिएको समेत जानकारी गराइएको छ।

लिलामी हुने मिति, स्थान र समय

मिति : २०८०/०८/२४ **स्थान :** संस्थाको कार्यालय, का.म.पा.१६, नयाँबजार, काठमाडौं

समय : दिनको २:०० बजेदेखि ४:०० बजेसम्म

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०८०/८१ को प्रथम त्रैमासिक प्रतिवेदन

UPPER TAMAKOSHI HYDROPOWER LTD

Gyaneshwor, Kathmandu

UNAUDITED 1st QUARTER STATEMENT OF FINANCIAL POSITION AS AT

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

Amount in NPR

Particulars	As at 30 Aswin 2080 (Unaudited)	As at 31 Ashad 2080 (Unaudited)	As at 31 Aswin 2079 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, plant and equipment	82,101,950,604.63	83,066,956,269.86	85,622,519,988.19
Capital WIP	1,105,409,589.47	955,439,331.77	401,375,322.66
Deferred tax Assets	-	-	-
Total Non-Current Assets	**83,207,360,194.10**	**84,022,395,601.63**	**86,023,895,310.85**
Current Assets:			
Inventories	13,597,302.54	12,893,907.18	16,666,648.31
Cash and cash equivalents	469,969,436.71	129,217,708.07	301,264,587.54
Other current assets	4,083,012,380.21	3,368,006,023.38	3,539,045,419.57
Total Current Assets	**4,566,579,119.46**	**3,510,117,638.63**	**3,856,976,655.42**
Total assets	**87,773,939,313.56**	**87,532,513,240.26**	**89,880,871,966.28**
EQUITY AND LIABILITIES			
Equity:			
Equity share capital	15,990,900,000.00	10,590,000,000.00	10,590,000,000.00
Retained Earnings	(6,241,036,342.48)	(7,248,302,829.13)	(1,949,478,807.58)
Total Equity	**9,749,863,657.52**	**3,341,697,170.87**	**8,640,521,192.42**
Non-Current Liabilities:			
Long Term Loans	73,013,870,907.89	73,153,885,970.37	73,633,733,571.15
Provisions	16,438,220.23	51,485,859.43	24,327,904.39
Deferred tax liabilities	-	-	-
Other non-current liabilities	-	-	-
Total Non-Current Liabilities	**73,030,309,128.12**	**73,205,371,829.80**	**73,658,061,475.54**
Current Liabilities:			
Short Term Loans	3,038,610,447.93	6,000,000,000.00	5,780,049,739.83
Other Current Liabilities	1,955,156,080.00	4,985,444,239.58	1,802,239,558.48
Total Current Liabilities	**4,993,766,527.93**	**10,985,444,239.58**	**7,582,289,298.31**
Total Equity and Liabilities	**87,773,939,313.56**	**87,532,513,240.26**	**89,880,871,966.28**

UNAUDITED 1st QUARTER STATEMENT OF PROFIT OR LOSS

Amount in NPR

Particulars	This Quarter Ending on 30 Aswin 2080 (Unaudited)	Previous Quarter Ending on 31 Ashad 2080 (Unaudited)	Corresponding Previous Year Quarter Ending 31 Aswin 2079 (Unaudited)
Revenue from sale of Electricity	3,715,847,758.92	8,128,079,053.04	3,561,782,476.53
Expenses:-			
Administrative and Project Expenses	(82,740,002.58)	(1,068,919,490.42)	(111,800,818.74)
Royalty	(119,916,955.18)	(203,192,868.19)	(108,600,451.86)
Foreign Exchange Gain/(Loss)	(119,207.29)	(29,241,881.02)	(734,696.50)
Depreciation	(911,076,337.92)	(3,586,439,290.68)	(936,112,418.30)
Profit/(Loss) from Operation	**2,601,995,255.95**	**3,240,285,522.73**	**2,404,534,091.13**
Finance Income	3,472,864.65	38,105,199.24	3,050,981.66
Other income	406,955.41	24,509,784.01	403,749.03
Finance Costs	(1,598,616,356.20)	(7,392,093,248.86)	(1,610,262,252.08)
Profit/(Loss) Before Bonus and Tax	**1,007,258,719.82**	**(4,089,192,742.88)**	**797,726,569.74**
Income Tax	-	-	-
Net Profit	**1,007,258,719.82**	**(4,089,192,742.88)**	**797,726,569.74**

सम्बन्धित पक्षसंग भएको कारोबारः नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट तथा कम्पनीका संस्थापक शेयरधनीहरू नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय बीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण रु.४६.४६ अर्ब (निर्माण अवधिको ब्याज सहित) रहेको छ।

ख). प्रमुख वित्तीय सूचकहरू

क्र. स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व.को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.)	६.३०	(३८.६१)	७.५३
२	प्रति शेयर नेटवर्थ (रु.)	६०.९७	३१.५६	८१.५९
३	प्रति शेयर सम्पत्तीको मूल्य (रु.)	५.४८.९०	८२६.५६	८४८.७३
४	तरलता अनुपात	०.९१	०.३२	०.५१

२. **व्यवस्थापकीय विश्लेषण**

यस कम्पनी अन्तर्गतको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई २०७८ भाद्र २५ देखि पूर्ण रुपमा विद्युतको व्यापारिक उत्पादन भइरहेको छ। दीर्घकालिन ऋण भुक्तानीको सन्दर्भमा नेपाल सरकारको दीर्घकालिन ऋण भुक्तानीको लागि ३० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका तथा अन्य संस्थागत ऋणप्रदायक संस्थाहरूको दीर्घकालिन ऋण भुक्तानीको लागि ६० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका निर्धारण गरी आ.व. २०८०/८१ आश्विन मसान्तसम्ममा नेपाल सरकारको तीन तथा अन्य संस्थाहरूको सात किस्ता सावाँ तथा व्याज भुक्तानी गरिएको छ। विविध कारणहरूले आयोजना निर्माण सम्पन्न अवधि बढ्न गई समग्र आयोजनाको लागत वृद्धि हुन गएकोले ह्रासकट्टि खर्च तथा व्याज खर्च अत्यधिक वृद्धि भएको तर त्यस अनुरुप विद्युत बिक्रीबाट आम्दानी बढ्न सक्ने अवस्था नरहेकोले यस आ.व. का साथै आउँदो केहि आ.व.मा समेत कम्पनीको नाफामा असर पर्ने अवस्था देखिएको छ।

कम्पनीको ऋण र स्वपूँजी अनुपातको सुधार गर्न, दोस्रो चरणको निर्माण अन्तर्गतको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको वित्त व्यवस्थापन र आयोजना निर्माणसम्बन्धी बाँकी रहेका भुक्तानीको लागि मिति २०७९/०३/३० मा बसेको सञ्चालक समितिको २५७ औं बैठकबाट १:१ को अनुपातमा हकप्रद शेयर निष्काशनको लागि वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिएकोमा मिति २०७९/०५/०३ मा बसेको १४ औं वार्षिक साधारण सभाबाट उक्त हकप्रद शेयर निष्कासन सम्बन्धी प्रस्ताव पारित भएकोले मिति २०८०/०३/२२ मा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी हकप्रद शेयर जारी गरिएकोले कम्पनीको वित्तीय सूचकहरूमा केही सुधार हुने अपेक्षा गरिएको छ। हकप्रद शेयर निष्काशन अन्तर्गत पहिलो चरणमा संस्थागत शेयरधनीहरूबाट ५१% शेयर निष्काशन वापतको रकम रु.५ अर्ब ४० करोड ९ लाख प्राप्त गरी बाँडफाँट गरिएकोले कम्पनीको चुक्ता पूँजी बढेर रु. १५ अर्ब ९९ करोड ९ लाख भएको छ। उक्त रकमबाट नेपाल विद्युत प्राधिकरण र हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडबाट प्राप्त अल्पकालिन ऋण चुक्ता गरिएको छ।

हाल, दोस्रो चरणको हकप्रद शेयर निष्काशन अन्तर्गत मिति २०८०/०५/१८ देखि २०८०/०६/२२ सम्म सर्वसाधारणलाई निष्काशन गरिएको ४९% हकप्रद शेयर बाँडफाँटको प्रक्रियामा रहेको छ। उक्त शेयर बाँडफाँट पश्चात सर्वसाधारणबाट शेयर खरिदका लागि दरखास्त नगरिएको हकप्रद शेयरको लिलामी प्रक्रिया शुरु गरिनेछ र उक्त शेयरहरू पूर्ण रुपमा लिलाम बिक्री हुने अपेक्षा रहेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।
- यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।
- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।
- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको छैन। तर आयोजना निर्माण सम्पन्न भई पूर्ण रुपमा विद्युत उत्पादन भई आय आर्जन भइरहेको र कम्पनीले सार्विकका शेयरधनीहरूलाई १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गरिएकोले शेयर बजारको चलायमान गतिविधिका कारण कम्पनीको शेयर मुल्यमा निरन्तर उतारचढाव भइरहेको देखिन्छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८०/८१ को प्रथम त्रैमासिक अवधिमा शेयर सम्वन्धि कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्यूनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
४३६	१९६	१९६	६१	३५,९२५

५. **समस्या र चुनौती**

आयोजना निर्माण सम्पन्न भइ सञ्चालनमा रहेको हालको अवस्थामा आयोजनाको बढेको निर्माण अवधि तथा लागतका कारण बढ्न गएको ब्याज खर्च, ह्रासकट्टि खर्च तथा अन्य खर्चहरूको न्यूनिकरण तथा विद्युत बिक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धी तथा लगानीकर्ताहरूलाई उचित लाभाशंको सुनिश्चितता हालको प्रमुख लक्ष्य तथा चुनौती रहेको छ। साथै, दोस्रो चरण अन्तर्गतको रोलवालिङ डाइभर्शन स्कीम सहितको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको मुख्य ठेक्का सम्झौता भई ठेकेदारको मोबिलाइजेशन कार्य भइसकेकोले बाँकी रहेका अन्य प्रक्रिया टुन्नो लगाई यथाशीघ्र निर्माण सम्पन्न गरी समग्रमा विद्युत बिक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत भई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्धारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गर्ने गरिएको छ। साथै, आयोजना निर्माणसँग सम्बन्धित विभिन्न प्राविधिक, आर्थिक तथा कानूनी विषयहरूमा आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यान्वयन हुने गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्धारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

छठ अर्थात् सद्भावको पर्व





सौरभ यादव
saurav20255@gmail.com

पर्व

केलवा के पात पर उगेलन सुरुज मल झाके झुके
हे करेलु छठ बरतिया से झाके झुके

मिथिलाञ्चलमा यतिखेर यी गीत गुञ्जायमान भएका छन् । घरघरमा छठको तयारी सुरु हुँदा सबैको मुखमा छठ पर्वको गीत झुन्डिएको हो । सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने महान् छठ पर्वको रौनकता यतिवेला मधेसमा बढेको छ । एक दशकअघिसम्म मिथिलाञ्चलमा मात्र सीमित रहेको छठ पर्व अहिले संघीय राजधानी काठमाडौं, पहाडी क्षेत्र र अन्यत्र पनि लोकप्रिय हुँदै गएको छ ।

कात्तिक शुक्लपक्षको षष्टी तिथिमा मनाइने छठको विधिविधान चार दिनको हुन्छ । पर्वको प्रारम्भ व्रतालुले 'नहाय-खाय' विधि गरेपछि सुरु हुन्छ । त्यस्तै, दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिने विधि गरिन्छ । यस पर्वमा सूर्यको उपासनाले सन्तान, निरोगिता, सुख, समृद्धि र चर्म रोग निको हुने जनविश्वास छ ।

पहिला यसलाई हिन्दूहरूको महान् पर्व भनिन्थ्यो, तर अहिले यो समाजवादी र गणतान्त्रिक पर्व भएको छ, अर्थात् सबै समुदायले यो पर्व मनाउँछन् । छठ पर्व कृषि संस्कृतिमा आधारित छ । यो मूलतः मिथिलाको कृषि संस्कृतिको प्रतीक पनि हो । यस पर्वमा धनी, गरिब, उचनिचको भेदभावलाई छोडेर सबै वर्ग र समुदाय एउटै सांस्कृतिक पृष्ठभूमिमा पूजा-अर्चनाका लागि उभिन्छन्, जसलाई सामाजिक सद्भावको विशिष्ट नमुना पनि मानिन्छ ।

कात्तिक शुक्ल चर्तुदशीका दिनदेखि छठ आरम्भ हुन्छ । दसैं र तिहारलगत्तै सुरु हुने छठ नितान्त सूर्यको उपासना गरी मनाइन्छ । छठको सुरुवात मानिने यस दिनलाई व्रतालुहरू नहान खान (नहाए खाए) भन्दछन् । बिहानै उठेर हातखुट्टाको नङ काट्छन् र चोखो पानीले नुहाइधुवाइ गरी सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गर्दछन् । भनिन्छ, यस दिनमा व्रतालुहरूले प्रण गर्दछन् 'म अब जथाभावी खान्नँ र तनमनले प्रभुको शरणमा बस्नेछु ।'

विधिवत् रूपमा सुरु भएको छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुहरूले सक्खरको खिर, लौकाको तरकारीजस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिनमा एक छाक मात्र भोजन गर्नुको कारण भने छठको दिन अर्थात् अघिल्लो दिनमा दिनभरि पानीसमेत नपिई निराहार व्रत बस्नुको पूर्वाभ्यास हो ।

छठको तेस्रो दिन अर्थात् छठ पर्व । यस दिनमा व्रतालुहरू पानी समेत नपिई निराहार बस्दछन् । साँझपख नजिकैको पोखरी, तलाउ, इनार, कुवाजस्ता जलाशयमा गई पानीमा डुबेर अस्ताउँदो सूर्यलाई पूजा गर्दछन् । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्री घाटमा लगेर पालैपालो पानीमा डुबाई सूर्य देवतालाई चढाउँछन् । प्रातकालीन अर्घका लागि केही व्रतालुहरू रातभर पानीमा बसेर सूर्य नउदाउन्जेलसम्म पूजा गर्दछन् भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । यस दिनमा रातभर भजनकीर्तन र नाचगान हुने गर्दछ । घाटलाई बेहुलीझैं सिँगारिएको हुन्छ ।

रातभर सूर्यको आराधनामा मग्न भएका भक्तहरूले भोलिपल्ट उदाउँदो सूर्यको पूजा गर्दछन् । बिहान सूर्यको न्यानो किरणसँगै व्रतालुहरू अञ्जुलीमा पानी भरी जल चढाउँछन् । २४सै घन्टा निराहार बसेर उपासना गर्ने व्यक्तिले पहिलो दिनदेखि नै नियम पालना गर्नुपर्छ । छठमा पवित्रता र चोखोनितोलाई अति महत्त्व दिइन्छ ।

चतुर्थीकै दिन व्रतालुले संकल्पसहित उपलब्ध भएसम्म नदी, पोखरी, तलाउजस्ता जलाशयमा अन्यथा इनार वा अन्य पानीपर्धेरोमा स्नान गरी शुद्ध हुनुपर्छ । व्रत बस्ने संकल्प लिएकाले त्यस दिन उसिना चामल, माछामासु, लसुन, प्याज र कोदोजस्ता खाद्य पदार्थ खानु हुँदैन । कसैको जुठो खानु हुँदैन । शुद्ध, चोखो र सात्विक र निरामिष भोजन खानुपर्छ ।

सूर्यलाई आदिदेवता पनि भनिन्छ । सर्वप्रथम उज्यालो दिने, जीउमा गर्मी उत्पन्न गर्ने र रोगव्याधीबाट जोगाउने सूर्य नै रहेको मान्यता छ । अन्धकारबाट भयभीत भएकालाई सूर्यको प्रकाशले त्राण दिने भएकाले आदिकालीन मानवले सूर्यको उपासना गर्ने गरेका थिए । उत्तर वैदिककालका मिथिलाका प्रसिद्ध चिन्तक र दार्शनिक याज्ञवल्क्यले सूर्यलाई गुरु मानेका थिए ।

अग्नि पुराणका अनुसार १४ वर्षको वनवास र एक वर्षको अज्ञातवास बसेको वेला कुन्ती, द्रौपदीसहित पाण्डवले यो व्रत गरेको महाभारतमा वर्णन पाइन्छ । त्रेतायुगमा राजा दशरथकी रानी कौशल्याले पनि यो व्रत गरेको बताइन्छ ।




आमा, बाबु र बहिनीका साथ विपिन जोशी । तस्बिर : विपिनको फेसबुक वालबाट

बेचैन विपिन परिवार

विपिन परिवारमा यति धेरै बेचैन छ कि केही नयाँ समाचार आउँछ कि भनेर दिनरात मोबाइलमा नजर रहन्छ । 'निकै अन्योलमा छौं । बाटो हेरिरहेका हुन्छौं । कसैले फोन गरिहाल्छ कि, कहीं समाचारमा आउँछ कि भनेर हरपल हातमै मोबाइल हेरिरहेका हुन्छौं,' विपिनका बुबाले दैनिकी सुनाए ।





कमलराज भट्ट
bhattkamalraj@gmail.com

समाज

हमास-इजरायल युद्धको दिन जतिजति लम्बिदै छ, इस्लामिक चरमपन्थी समूह हमासको आक्रमणपछि इजरायलबाट हराइरहेका नेपालका विपिन जोशीको परिवारमा उतिउति बचैनी बढ्दै छ । हमास-इजरायल युद्धको ४२ दिन बितिसक्दा पनि विपिनबारे कुनै ठोस जानकारी प्राप्त हुन सकेको छैन । आफन्तको अवस्था अज्ञात हुँदा हरेक दिन विपिन परिवार सकुशल फिर्ताको आशा र सम्भावित अप्रत्यक्षित खबरको त्रासदीमा बाँचिरहेको छ ।

विपिनको बाटो हेरिरहेको परिवार हमास-इजरायल युद्धका घटनाक्रम र समाचारमाथि लगातार नजर लगाइरहेका छन् । सरकारबाट स्पष्ट सूचना पाउन नसकेको परिवार आफैंले केही गर्न नसक्ने विकल्वविहीन विवशतामा छ । 'पहल भइरहेको' भन्ने जवाफले परिवारमा आशाको होइन, अन्योल दिएको छ । मन्त्री र राजदूतसँग कुरा गर्दा प्रोसेस चलिरहेको छ भन्छन्, कस्तो प्रोसेस हो, कहाँ पुगेको छ भन्ने केही बताउँदैनन्,' कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ निवासी विपिनका बुबा महानन्द जोशी भन्छन् ।

परिवारले पाएको पछिल्लो सूचना हो-'विपिन इजरायलमा छैनन्, उनलाई हमासले थाइल्यान्डलगायत मुलुकका नागरिकसँगै अपहरण गरेर आफ्नो कब्जामा राखेको छ ।' लामो समयको खोजपछि इजरायल सरकारले जोशी हमासको नियन्त्रणमा रहेको पुष्टि गर्दै नेपाल सरकारलाई पत्राचारमार्फत जानकारी गराएको छ । तर, उनी के-कस्तो अवस्थामा र कहाँ बन्दी बनाइएका छन् भन्ने कुनै सूचना छैन ।

थाइल्यान्डलगायत आफ्नो नागरिक फसेका देशले कतार, इरान र इजिप्टमार्फत हमासका प्रतिनिधिसँग सम्पर्क गरी आफ्नो नागरिक सुरक्षित रहने वातावरण सिर्जना गर्न र सकुशल छुटाउनका लागि प्रत्यक्ष पहल गरेका छन् । उनीहरूलाई हमासले उपयुक्त समयमा सकुशल मुक्त गर्ने आश्वासन दिएको खबर सुनिरहेको जोशी परिवार नेपाल सरकारको 'रेस्पोन्स'प्रति आश्वस्त छैन ।

विपिनका बुबा महानन्दले हालै परराष्ट्रमन्त्री एनपी साउदलाई फोन गरेर छोराको खोजीका लागि सरकारले गरिरहेको पछिल्लो प्रयासबारे जानकारी लिन खोजेका थिए । तर, साउदले अपेक्षाकृत 'रेस्पोन्स' नगरेको जोशी परिवारको अनुभव छ । 'हालै मन्त्रीजीलाई फोन गर्दा प्रोसेस चलिरहेको छ भन्नुभयो । नयाँ केही छैन । राजदूतावासमा सम्पर्क गर्दा पनि प्रक्रियामा छौं, अहिलेसम्म जानकारी आएको छैन भन्छन्,' महानन्दले भने, 'सबैले प्रक्रियामा छौं मात्रै भन्छन् । मन्त्रीजीलाई कतारका माध्यमबाट जाँदै छौं कि कहाँबाट जाँदै छौं भनेर सोधेको थिएँ, उहाँले केही भन्नुभएन ।'

अनागरिकको बयान



एलिसा एकलास
alishap496@gmail.com

कविता

माइतीघरमा
अनागरिकहरूको जुलुस छ
मार्नौं, माइतीघर
सत्ताका निम्ति हो अगम्य कालो छिद्र
जसका वरिपरि,
नागरिक बन्न नपाएकाहरू घुमिरहन्छन्
निरन्तर उस्तै लयमा !

अनागरिहरूको घुमाइले
रिंगाटा छुट्छ बानेश्वरको
'एउटै माला' वाला राष्ट्रियतालाई

कहिलेकाहीं
तिनै 'नट आवर सिटिजन' माथि
धावा बोल्न झिकाइन्छ
२६०० वर्षअघिको बुद्ध
र भनिन्छ
बुद्ध वाज बर्न इन नेपाल
उसलाई नागरिकता देऊ
नाम : गौतम बुद्ध
बुबाको नाम : शुद्धोदन
आमाको नाम : माया देवी
नागरिकताको प्रकार : वंशज

बुद्धको नागरिकतामाथि दाबी गरिरहेको हुल हेर्दै
छेउमै टोलाइरहेको
गौतम यादव... मधेसी टोनमा भन्छ-
'म नेपाली छ !'

अलिक पर उभिएको
छिरिङ लामा आदिवासी लवजमा मिसाउँछ-
यी मैले ढाका टोपी लागायो
आबो त नागरिकता पाउनुहुन्छ नि मैले...?'

पेट सुमसुम्याउँदै
अविवाहित गर्भवती भन्छिन्
'आफ्नै स्वाभिमान थाती राखेर
मैले प्रशासनमा भन्नुपर्ने छ-
यो अनैतिक सम्बन्धले जन्मिएको सन्तान हो
नागरिकता दिइबक्सियोस् हजुर !'

जबजब
उनीहरू नागरिक हुनुको प्रमाण माग्छन्
चन्द्रशमशेरको सिंहदरबार
हल्लन थाल्छ ९० सालको भूकम्पलेझैं
र दुख्छ बानेश्वरको राष्ट्रियता
सुत्केरीको दूध गान्निएजस्तो गान्निएर
चरक्क चर्किन्छ,
मुक्त कमैयाका हातखुट्टा चर्किएजसरी
राष्ट्रिय निकुञ्जछेउका
चेपाङ बस्तीमा डढेलो सल्काएजस्तो
माइतीघरमा, राँकेजुलुस उठ्छ
जब महिलाहरू भन्छन्
'मेरो पाठेघरले कहिल्यै
तिम्रो राष्ट्रियताको ठेक्का लिएको छैन !'

बानेश्वरको राष्ट्रियता
टोपी चिन्छ- धोतीमाथि प्रश्न गर्छ
गहुँगोरा सुकिलाहरूको प्रशासन-
कालो छालामाथि संकोचको आँखा गाढ्छ
उसलाई आदिवासी टोन मन पर्दैन
ऊ विधान देखाएरै अस्वीकार गर्छ-
फरक 'पहिचान' का मान्छेहरूलाई !

तिम्रो राष्ट्रियता
'म' हरूलाई हराउन लागिपरेको छ

मलाई अस्वीकार गर्ने राष्ट्रियता
मैले किन स्वीकार गर्छु हँ ?

आजका कोपिला भोलिका फूल

संघीयतासम्बन्धी बुझाइमा रहेको आमकमजोरी, कार्यान्वयनका समस्या, साधनस्रोतको कमी, क्षमता अभिवृद्धिको प्रश्न, उपमेयरको न्यायिक भूमिका र न्यायिक समितिको कार्यक्षेत्र आदि प्रसंग पनि महत्त्वपूर्ण रूपमा उठाइएका छन् ।



डा. बाबुराम भट्टराई

समीक्षा

०५९/६० सालमा तत्कालीन माओवादी र सरकारबीच दोस्रो शान्ति-वार्ता भएको थियो । म ०५२ सालमा जनयुद्ध सुरु भएपछि वार्ता टोलीको नेतृत्व गर्दै पहिलोपल्ट खुला रूपमा काठमाडौं आएको थिएँ । पार्टीको खुला सम्पर्क कार्यालय र वार्ता टोलीको व्यवस्थापनको जिम्मा पहिले राम्ररी नचिनेका, तर अत्यन्त मृदुभाषी, कुशल व्यवस्थापक र परिपक्व नेता भरत ढुंगानाले सम्हाल्नुभएको रहेछ ।

पहिले एमालेको तर्फबाट नुवाकोट जिल्ला सभापतिको जिम्मेवारी सम्हालिसक्नुभएका उहाँ र संयुक्त जनमोर्चाको अध्यक्षको रूपमा खुला जनकार्यको अनुभव बटुलिसकेको मेरोबीच तुरुन्तै रसायन मिलिहाल्यो । ०५९ चैतदेखि ०६० साउनसम्मको शान्तिवार्ताकालमा उहाँसँग भएका अन्तरंग कुराकानी, उठबसबाट मैले उहाँसँग अत्यन्त प्रभावित मात्र होइन भावनात्मक लगावसमेत बढ्दै गएको अनुभूति गरेको थिएँ । वार्ता भंग भएको केही समयपछि उहाँले वीरतापूर्ण सहादत प्राप्त गर्नुभएको खबरले म मर्माहत भएको थिएँ ।

तिनै महान् सहिदकी पुत्री तथा युवा नेतृ कविता ढुंगाना लिखित यो पुस्तक मैले रुचिपूर्वक अध्योपान्त पढें । ०७४ देखि ०७९ सम्म नुवाकोट बेलगढी नगरपालिकाको उपमेयरको रूपमा उहाँको पारिवारिक परिवेशको वृत्तान्तसमेत समेटिएको यो पुस्तक अत्यन्त रोचक र उपयोगी लाग्यो । सायद उहाँको कानुन तथा न्यायसम्बन्धी अध्ययन र क्रान्तिकारी राजनीतिक गतिविधिको समुचित संयोजनको कारणले होला उहाँको यो सम्भवतः पहिलो पुस्तकाकार कृतिले उहाँको उज्ज्वल राजनीतिक र प्राज्ञिक भविष्यको पर्याप्त झल्को दिन्छ ।

मैले हालै (०८० साउन) पूर्वमा धरानदेखि पश्चिममा टीकापुरसम्मको यात्रा गर्दा बीचबीचमा स्थानीय तह (गाउँपालिका, नगरपालिका) का पदाधिकारीहरूसँग अन्तरसंवाद गर्दै धरातलीय यथार्थ बुझ्दै देशमा संघीयताको कार्यान्वयनको अवस्था बुझ्ने प्रयत्न गरें । समग्रमा यथार्थ यस पुस्तकमा वर्णित तथ्यकै वरिपरि पाएँ । त्यस अर्थमा पनि लेखकले आफ्नो पाँच वर्षको अनुभवलाई वस्तुपरक ढंगले प्रस्तुत गरेको प्रमाणित हुन्छ । स्थानीय तहको संवैधानिक अधिकार र संरचना, स्थानीय सरकारको बजेट निर्माण प्रक्रिया, जनप्रतिनिधि र विशेषतः उपमेयरका भूमिका, विकास निर्माणको प्रवृत्ति र समस्या आदिबारे उहाँले प्रस्तुत गरेका तथ्य र तथ्यांक देशभरका स्थानीय जनप्रतिनिधि र आमजनसमुदायका निम्ति समेत उपयोगी सन्दर्भ-सामग्री हुन सक्छन् ।

संघीयताविरोधीहरू र केन्द्रीकृत राज्यसंरचनामा अभ्यस्तहरूले लगाउने गरेका आक्षेपहरू, जस्तै 'छोटे राजा', 'डोजरे विकास' आदि र स्थानीय तहमा भएको महिला र दलितहरूको न्यायपूर्ण तर अझै अपूर्ण प्रतिनिधित्वमाथि गरिने कटाक्षको पनि उहाँले विनम्रतापूर्वक तर चोटिलो जवाफ दिनुभएको छ । संविधानसभाको 'संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति'को सभापतिको हैसियतले महिला र त्यसमाथि पनि दलित महिलाको प्रत्येक वडामा प्रतिनिधित्व सुनिश्चित गर्न मैले निर्वाह गरेको भूमिकाप्रति मलाई असीम

सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत कृषि तथा विज्ञान संकायमार्फत 'लर्न एन्ड अर्न' कार्यक्रमका लागि ४९ जनाको समूहमा २६ भदौमा इजरायल गएका विपिन ७ अक्टोबरको हमास आक्रमणपछि बेपत्ता भएका हुन् । किबुज अलुमिमको कृषि फार्ममा विपिनसहित कार्यरत १७ जना नेपाली विद्यार्थीमध्ये १० जनाको हमास आक्रमणमा घटनास्थलमै मृत्यु भयो । ६ जना स्वदेश फर्किसकेका छन् । बेपत्ता विपिनको अवस्था अझै अज्ञात छ ।

सहर चिनाउने नेपालगन्ज म्याराथन





विश्वराज पछ्लडङ्या
bishwo.journo@gmail.com

खेल

महानन्दले मन्त्री साउदसँग हमाससँग सम्बन्ध भएको कतारमार्फत कूटनीतिक पहल गरिदिन पनि अनुरोध गरेका थिए । यसका लागि एक कार्यक्रममा सुदूरपश्चिम आएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई कैलाली पुगेर उनले ज्ञापनपत्र पनि बुझाएका थिए । प्रधानमन्त्रीले पहल गर्ने प्रतिबद्धता जनाए, तर जोशी परिवारले व्यवहारमा महसुस गर्न पाएको छैन ।

परराष्ट्रमन्त्रीलाई सोध्दा पनि स्पष्ट जवाफ पाएको छैन । 'कतारसँग पहल कहाँसम्म पुगेको छ भन्दा मन्त्रीजीले हो, हामी गरिराखेका छौं मात्रै भन्नुभयो । खासै राम्रो रेस्पोन्स पाइएन । स्पष्ट हुने खालको कुरा पाएका छैनौं,' महानन्द भन्छन्, 'उहाँले हामी यहाँसम्म पुगेका छौं, यो प्रक्रियाबाट यसरी जाँदै छौं भनिदिएमा थोरै भए पनि राहत हुन्थ्यो ।'

छोरालाई इजरायल पठाएकोमा जोशी परिवारलाई अहिले पछुतो भइरहेको छ । 'भविष्य राम्रो हुन्छ, काम पनि सिकिन्छ, पैसा पनि कमाइन्छ भनेपछि राजी भएका थियौं । पढाइ सकिएको खाली समयमा काम सिक्छु, केही कमाउँछु, समयको सदुपयोग गर्छु भन्थ्यो । हामीले पनि राम्रै होला भनेर छोराको चाहना स्वीकार गऱ्यौं,' विपिनका बुबा महानन्दले भने, 'तर, ठाउँ सजिलो रहेनछ । अशान्त ठाउँ हो भन्ने पहिले नै थाहा पाएको भए जान दिँदैनथ्यौं । टिकट लिइसकेपछि पनि अन्तिम दिनमा रोक्थ्यौं ।'

महानन्द यसमा इजरायल पठाउने सुदूरपश्चिम विश्वविद्यालयलाई दोष लगाउँछन् । 'विश्वविद्यालयले ठाउँका बारेमा राम्ररी बुझेर पठाउनुपर्थ्यो, गलत भयो,' उनी भन्छन् ।

सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत कृषि तथा विज्ञान संकायमार्फत 'लर्न एन्ड अर्न' कार्यक्रमका लागि ४९ जनाको समूहमा २६ भदौमा इजरायल गएका विपिन ७ अक्टुबरको हमास आक्रमणपछि बेपत्ता भएका हुन् । किबुज अलुमिमको कृषि फार्ममा विपिनसहित कार्यरत १७ नेपाली विद्यार्थीमध्ये १० जनाको हमास आक्रमणमा घटनास्थलमै मृत्यु भयो । ६ जना स्वदेश फर्किसकेका छन् । बेपत्ता विपिनको अवस्था अझै अज्ञात छ ।



■ राजदूत कान्ता रिजाल भन्छिन्– खोजी कार्य जारी छ । अहिलेसम्म पत्ता लाग्न सकेको छैन । उपलब्ध सबै च्यानल र सबै ठाउँमा खोजी कार्य जारी राखेका छौं ।

छोरा बेपत्ता भएको पीडामा रहेको जोशी परिवारलाई घटनापछि आएका भ्रमपूर्ण सूचनाले थप तनाव दिइरहेको छ । 'सम्पर्कमा आयो, अस्पतालमा भर्ना भइरहेको छ भन्ने गलत खबर केही मिडियाबाट आएपछि तनाव भयो । सरकारबाट चाहिँ त्यस्तो केही आएको थिएन,' विपिनकी आमा पद्मा जोशी भन्छिन्,'बेपत्ता भएका वेला भेटियो, घाइते छ, अस्पतालमा उपचाररत छ भन्ने अफवाहले तनाव भयो । त्यस्तो खबर आएपछि एम्बेसीमा सोध्दा सम्पर्कमा छैन, भेटिएको छैन भन्ने भएपछि झन् पीडा भयो ।'

विपिनको परिवारमा बुबा महानन्द र आमा पद्मा शिक्षण पेसामा छन् । महानन्द बझाङको बुंगल गाउँपालिकास्थित दहबगरको महेन्द्र माविमा राहत शिक्षक छन् भने पद्मा कञ्चनपुरको वेदकोट नगरपालिका- ९ सुन्दरपुरस्थित उदयदेव माविको शिक्षिका हुन् । इजरायल गएको छोरा बेपत्ता भएदेखि उनीहरू काममा फर्किन सकेका छैनन् । छोराको खोजीका लागि सम्बन्धित निकायमा गुहार्ने उनीहरूको दैनिकी बनेको छ । 'छोराको पर्खाइमै दिन बितेको छ । छोराको चिन्ताले काममा फर्किने वातावरण बनिसकेको छैन । केही अपडेट आउँछ कि, छोरा सकुशल फर्किन्छ भनेर कुरेर बसेका छौं,' विपिनकी आमा पद्माले सुनाइन् ।

दाजु बेपत्ता भएदेखि विपिनकी बहिनी पुष्पा निकै चिन्तित छिन् । दाजुको अवस्थाबारे केही खबर नपाउँदा बहिनीले तिहार पनि मनाउन पाइनन् । घरमा हुँदा दाजुसँग बिताएका क्षण याद आउने गरेको र सम्झेर भावुक हुँदै रुने गरेको पुष्पाले सुनाइन् । 'दाइको कोठामा जाँदा उहाँसँग बिताएका क्षण याद आउँछ । दाइ सपनामा आउनुहुन्छ । साँझ-बिहान घरमा हुँदा धेरै सम्झना आउँछ,' उनले भनिन्, 'तिहारमा पनि दाइसँग सम्पर्क नहुँदा साह्रै नमीठो लाग्यो ।'

सरकारले छिटोभन्दा छिटो आफ्नो दाइलाई घर फर्काइदिओस् भन्ने उनको आवाज छ । 'छिटोभन्दा छिटो खोजीकार्यमा शतप्रतिशत सरकार लागोस् । जति छिटो हुन्छ दादालाई सकुशल फर्काइदिनुस् । रातदिन दाइको प्रतीक्षामा बसेका छौं,' उनले भनिन् ।

परिवारका हरेक सदस्य अहिले विपिनको खोजीका लागि चिनजानका नेताहरूलाई फोन गरिरहेका छन् । कसैले फोन उठाउँछन्, कसैले उठाउँदैनन् । फोनबाटै पहल गरिदिन गुहार गरिरहेका छन् ।

विपिनको ठूलोबुबाको छोरा किशोर जोशीले विपिन बेपत्ता भएपछि काठमाडौं आएर परराष्ट्र मन्त्रालयमा सोधीखोजी गरेका थिए । किशोर नापी कार्यालय कञ्चनपुरको खरिदार हुन् । त्यसयता विपिन परिवार र किशोरले टेलिफोनबाटै सम्बन्धित निकायसँग सम्पर्कको प्रयास गरिरहेका छन् ।

विपिनको परिवारका सदस्य कोही पनि काठमाडौंमा छैनन् । जिल्लाबाटै सकेसम्म पहल गरिरहेका छन् । 'हाम्रो ठूलो पहुँच छैन । काठमाडौं जान सकेको छैन । कोही चिनेजानेको छैन, भएको भए पहिले नै गइहाल्थ्यौं । काठमाडौं गएर कहाँ बस्ने ?', विपिनका बुबा महानन्द विवशता सुनाउँछन्, 'हाम्रो पहुँच भइदिएको भए अहिलेसम्म केही न केही पत्ता लाग्थ्यो, जानकारी हुन्थ्यो होला । अहिले त मन्त्रालय र दूतावासको भरमा आसैआसमा रहेका छौं । दिन बिराएर फोन गर्छौं । ४२ दिन बितिसक्यो, हरेक दिन क्यालेन्डर हेरेर बस्छौं ।'

डेढ महिनादेखि विपिनको प्रतीक्षामा रहेको परिवारले राज्यबाट उपेक्षा गरिएको गुनासो गरेको छ । विपिनको परिवारलाई हालसम्म सो क्षेत्रका संघीय सांसद रमेश लेखक र प्रदेश सांसद बहादुर सिंह थापा मात्रै भेट्न आएका छन् । अरू कुनै नेता आएका छैनन् । फोन पनि गरेका छैनन् ।

विपिनका बुबा महानन्दले प्रधानमन्त्री कैलाली आएको वेला २९ असोजमा प्रभावकारी कूटनीतिक पहल गरिदिन माग गर्दै सकसका साथ ज्ञापनपत्र बुझाए । कञ्चनपुरबाटै प्रतिनिधित्व गर्ने परराष्ट्रमन्त्री साउदलाई आफैं फोन गरे । इजरायलस्थित नेपाली राजदूतावासमा पनि आफैं फोन गरेर अपडेट लिन प्रयास गर्छन् । तर, ठोस जवाफ पाउँदैनन्, राज्यले पहल गरेको महसुस गर्न पाएका छैनन् ।

अन्य कुनै नेताले पनि शान्त्वना दिनका लागि भए पनि फोनसम्म गरेका छैनन् । राज्यबाट उपेक्षा भए पनि जोशी परिवारले तिहारअघि कञ्चनपुर सदरमुकाम महेन्द्रनगरमा प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाएको थियो । 'कुनै मन्त्रीको फोन आएको छैन । परराष्ट्रमन्त्रीले पनि आफैं कहिल्यै फोन गर्नुभएको छैन । प्रधानमन्त्रीसँग ज्ञापनपत्र बुझाएपछि सम्पर्क हुन सकेको छैन । प्रदेश सरकारबाट कुनै सान्त्वना पाएका छैनौं,' विपिनकी आमा पद्माले भनिन् ।

विपिनको उद्धारका लागि सरकारको प्रभावकारी रूपमा ठोस पहल गरोस् भन्ने चाहना परिवारको छ । 'थाइल्यान्डले इरानको मध्यस्थतामा हमाससँग वार्ता गरिरहेको सुनेका छौं । हाम्रो सरकारले पनि यस्ता च्यानल प्रयोग गरेर पहल गरे हुन्थ्यो । खालि गरिराखेका छौं भन्छन्, प्रभावकारी रूपमा केही गरेको देखिएन,' महानन्द भन्छन् ।

विपिन परिवारमा यति धेरै अन्योल छ कि केही नयाँ सूचना आउँछ कि भनेर दिनरात मोबाइलमा नजर हुन्छ । 'निकै अन्योलमा छौं । बाटो हेरिराखेका हुन्छौं । कसैले फोन गरिहाल्छ कि, कहीं समाचारमा आउँछ कि भनेर हरपल हातमै मोबाइल हेरिराखेका हुन्छौं,' महानन्दले दैनिकी सुनाए ।

विपिनकी आमा पद्मा छोरा सकुशल होस् भन्ने कामना गरेर बसेकी छिन्, तर ढुक्क छैनन् । उद्धारका लागि समयमै पर्याप्त पहल गर्न उनको सरकारसँग माग छ । 'छोरालाई सम्झँदा पीडा थामिनसक्नु हुन्छ । रातदिन आँखा भिजेका छन् । सकुशल आउला भन्ने आशा छ । सकुशलै ल्याउन सरकारले पहल गरिदेओस्' उनले भनिन् ।

परराष्ट्र मन्त्रालयका एक अधिकारीकाअनुसार सरकारले हमाससँग सम्बन्ध रहेका मध्यपूर्वका देशहरू कतार, साउदी अरब र इरानसँग कूटनीतिक प्रयास गरिरहेको छ । तर, ठोस रूपमा खुलाइएको छैन । इजरालयका लागि नेपाली राजराजदूतावास पनि खोजीमा लागिरहेको छ । राजदूत कान्ता रिजाल भन्छिन्, 'खोजी कार्य जारी छ । अहिलेसम्म पत्ता लाग्न सकेको छैन । उपलब्ध सबै च्यानल र सबै ठाउँमा खोजी कार्य जारी राखेका छौं ।'

तर, विपिनलाई हमासबाट छुटाउन कूटनीतिक पहल नपुगेको बुबा महानन्दको बुझाइ छ । सरकारको अहिलेसम्मको पहलप्रति परिवार सन्तुष्ट छैन । 'अझै तीव्रगतिमा गरिदियो भने चाँडो हुन्थ्यो कि जस्तो लाग्छ,' उनले भने, 'राज्य अहिले परीक्षामा छ, राज्यले चाँडो गरिदिए भने राज्यको गुणगान गाउने थिएँ । बच्चाको चाँडो उद्धार गरिदियो भने सबैलाई धेरैधेरै धन्यवाद दिने थिएँ । ठूलो धर्म हुन्थ्यो ।'

विसं ०७१ सालतिर नेपालगन्ज पिस म्याराथनका परिकल्पनाकार टिएस ठकुरी काठमाडौंमा पत्रकारिता गर्थे । पत्रकारिताको विट थियो खेलकुद । काठमाडौंमा पत्रकारिता गर्दा काठमाडौंबाहिरका पोखरा, विराटनगरजस्ता ठूला सहरमा खेलकुद प्रतियोगिता हुन्थे । त्यहाँका पत्रकार प्रतियोगिताको रिपोर्टिङ गर्न देशका विभिन्न ठाउँमा पुग्थे, तर, नेपालगन्जलाई चिनाउने प्रतियोगिता हुँदैनथे । पत्रकार र खेलाडी अन्यत्र गएको देख्दा उनी खिन्न हुन्थे ।

काठमाडौंमा बस्नेहरूले नेपालगन्जको नामसम्म उच्चारण नगरेको सुन्दा उनको मन अमिलो हुन्थ्यो । आफूले आफैंलाई धिक्कार्थे । नेपालगन्जका लागि केही गर्न नसकेकोमा उनलाई हीनताबोध हुन्थ्यो । त्यसपछि उनी नेपालगन्जलाई चिनाउने उपायको खोजीमा लागे । र, उनले नेपालगन्जलाई विश्वसामु चिनाउने उचित माध्यम नेपालगन्ज पिस म्याराथन पाए । म्याराथनमार्फत नेपालगन्जलाई विश्वसामु चिनाउने योजनाका साथ उनी काठमाडौंको बसाइ छाडेर नेपालगन्ज फर्किने निधो गरे । 'पत्रकार मात्र होइन, राजनीतिक दलका नेता, उच्च तहका सरकारी कर्मचारी, मानव अधिकारकर्मीलगायतले नेपालगन्जको नाम नसुनेझैं गरेको देख्दा मन खिन्न हुन्थ्यो । 'नेपालगन्ज जानुपर्दा मन अमिलो बनाएको देख्दा नमज्जा लाग्थ्यो,' उनी भन्छन्, 'आफ्नो जन्मथलोलाई चिनाउन केही न केही गर्नैपर्छ भन्ने लागेर नेपालगन्ज पिस म्याराथनको परिकल्पना गरेँ र काठमाडौंको बसाइ छोट्याएर नेपालगन्ज फर्किएँ ।'

तत्कालीन माओवादी सशस्त्र द्वन्द्वका वेला नेपालगन्ज युद्धको केन्द्रबिन्दु थियो । माओवादीका नेता, कार्यकर्ता नेपालगन्ज हुँदै भारत छिर्थे । धेरै नेताको सेल्टर नेपालगन्जमा थियो । माओवादीबाट पीडितहरूको आश्रयस्थल पनि थियो नेपालगन्ज । सरकार-माओवादी वार्ता पनि यहीं भएको थियो ।

उनले नेपालगन्ज पिस म्याराथन सुरु गर्ने वेला सरकार-माओवादीबीच १२ बुँदे विस्तृत शान्ति-सम्झौता भइसकेको थियो, तर द्वन्द्वको असर बाँकी नै थियो । ठकुरी भन्छन्, 'नेपालगन्ज तत्कालीन माओवादी द्वन्द्वको चपेटामा मात्र थिएन । मधेसी-पहाडिया र हिन्दू-मुस्लिमबीचको सद्भावलाई बरकरार राख्नुपर्ने पनि थियो । विस्तृत शान्ति-सम्झौताको स्मरणमा 'नेपालगन्ज पिस म्याराथन' नाम राख्ने निर्णय गरेँ ।'

उनले विदेशमा हुने म्याराथनका बारेमा बुझे र अध्ययन पनि गरे । विदेशमा हुने म्याराथनमा एकैपटक हजारौं मानिस भेला भएको देखे । हिन्दू, मुस्लिम, सिख, इसाई, काला, गोरा सबै एउटै मञ्चमा अटाएको पाए । 'सबै जातजाति, धर्म र आस्थाका व्यक्तिलाई एउटै मञ्चमा अटाउन सक्ने म्याराथन पाएँ,' उनले भने, 'धार्मिक, जातीय तथा सामाजिक सद्भाव कायम राख्ने सबैभन्दा राम्रो प्लाटफर्म यही पाएँ ।'

नेपालगन्ज साबिक मध्य र सुदूरपश्चिमको व्यापारिक, शैक्षिक तथा स्वास्थ्य सेवाको केन्द्र भए पनि आर्थिक रूपमा पछाडि परेको देख्दा उनलाई उदेक लाग्थ्यो । उनले देश-विदेशका खेलाडी, खेलप्रेमीलाई नेपालगन्ज भित्र्याएर यहाँको आर्थिक गतिविधि चलायमान बनाउने निष्कर्षमा पुगे । 'देश-विदेशका हजारौं मानिसलाई नेपालगन्जमा ल्याएर नेपालगन्जलाई आर्थिक रूपमा समृद्ध बनाउने उचित माध्यम म्याराथन पाएँ,' उनले भने ।

म्याराथनमा सहभागी हुन नेपालगन्ज आएकाहरू वास बस्दा यहाँका होटेलको व्यापार बढ्ने, खाना र खाजा खाँदा रेस्टुरेन्ट चल्ने, खुद्रा पसल, पान पसल, चिया तथा कफिसपले काम पाउने र रिक्सा, अटोरिक्साको व्यवसायमा टेवा पुग्ने कल्पना गरे उनले ।

त्योसँगै उनले नेपालगन्जको नाम देश, विदेशमा पुऱ्याउने सोच बनाए । उनी भन्छन्, 'म्याराथन एक दिन हुन्छ, तर म्याराथनमा सहभागी हुने र अवलोकनका लागि आउनेहरू एक हप्तादेखि नेपालगन्ज आउँछन् । उनीहरू यहाँका होटेल, रेस्टुरेन्टमा खाना खान्छन् । कफी र चिया खान्छन् । रिक्सा र अटोरिक्सा चढ्छन् । यसले थोरै भए पनि नेपालगन्जमा आर्थिक गतिविधि बढाउन मद्दत गरेको छ ।'

उनी म्याराथनले स्वास्थ्यमा समेत टेवा पुऱ्याउने धारणा राख्छन् । बालबालिकालाई म्याराथनमा आकर्षित गर्न सके स्वास्थ्यमा सुधार गर्न सकिने उनको भनाइ छ । 'म्याराथनले बालबालिकामा सकारात्मक सोचको विकास गर्न भूमिका खेल्ने मेरो विश्वास छ,' उनले भने, 'म्याराथनमा देशका नाम चलेका कलाकार, सुन्दरी, खेलाडी, पाइलट, धावक, राजनीतिक दलका नेता, व्यापारीको जमघट हुन्छ । उनीहरूसँग कुरा गर्न र उनीहरूका कुरा सुनेर बालबालिकाले नयाँ कुरा सिक्छन् र उनीहरूमा सकारात्मक सोचको विकास हुन्छ भन्ने मेरो सिकाइ तथा भोगाइ छ ।'

पहिलोपटक विक्रम सम्वत् ०७२ सालमा आयोजना भएको नेपालगन्ज पिस म्याराथनमा तीन सय ३५ जना सहभागी भए । पश्चिम नेपालमा खेलकुदका गतिला प्रतियोगिता नभएकाले राष्ट्रियस्तरका खेलाडी पनि उत्सुक भएर सहभागी भए । खेलाडीको सहभागिता देख्दा ठकुरीको हिम्मत बढ्यो । उनले म्याराथनलाई निरन्तरता दिए । यो वर्ष ९ मंसिरमा नवौं नेपालगन्ज म्याराथन हुँदै छ । गत वर्ष म्याराथन, हाफ म्याराथन, कर्पोरेट रन, ह्विलचियर दौड, विद्यार्थी र बालबालिकाको पाँच किलोमिटर दौडजस्ता प्रतियोगितामा पाँच हजारजना दौडिए । 'म्याराथनको महत्त्व बुझ्दै गएपछि सहभागी संख्या बढ्दै जानेछ । थोरैबाट सुरु गरेका थियौं, नवौंमा पाँच हजार जना दौडिए । 'यसैगरी हरेक वर्ष थपिँदै जाने हो,' ठकुरीले भने, 'कुनै न कुनै दिन एक लाख सहभागी हुने विश्वास छ ।'

नेपालगन्ज म्याराथनलाई एम्सको मान्यता

म्याराथनलाई नियमन गर्ने अन्तर्राष्ट्रिय संस्था एसोसिएसन अफ इन्टरनेसनल म्याराथन डिस्टेन्स रेस (एम्स)को सदस्यता पाउने नेपालगन्ज म्याराथन पहिलो हो । नेपालको कान्छो म्याराथन भए पनि एम्सको मान्यता पाउने नेपालकै पहिलो हो । हाम्रो मिहिनेत, निरन्तरता र लगनशिलताको प्रतिफल हो यो,' उनले भने ।

अन्तर्राष्ट्रिय मान्यता पाएसँगै यसले जापानमा भएको 'म्याराथन विश्व कंग्रेस सम्मेलन'मा सहभागी हुने नेपालगन्ज म्याराथन नेपालको पहिलो भएको ठकुरीले दाबी गरे । म्याराथनले नेपालगन्जको नाम देश, विदेशमा पुगेको उनी बताउँछन् । जापानमा भएको विश्व सम्मेलनमा पनि उनले नेपालगन्जको प्रचार गरे । 'एम्सको क्यालेन्डरमा नेपालगन्ज म्याराथनको नाम छ । यसले पनि नेपाल र नेपालगन्जलाई चिनाएको छ,' उनी भन्छन्, 'जापानमा भएको विश्व सम्मेलनमा पनि नेपालगन्जको नाम नसुनेकाहरूले पनि नेपालमा नेपालगन्ज सहर छ भन्ने थाहा पाए । नेपालगन्जका बारेमा जान्ने अवसर पाए ।'

डिजिटल डिभाइस प्रयोग

यो म्याराथन अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलाइन्छ । यसको दूरी पनि अन्तर्राष्ट्रिय मापदण्डको छ । सबै मापदण्ड पूरा गरेपछि अन्तर्राष्ट्रिय म्याराथनमा सूचीकृत हुनका लागि निवेदन दिइएको थियो । एम्सको टोली आएर नेपालगन्ज म्याराथनको दूरी, धावनमार्ग, खेलाडीको शरीरमा लगाइने डिभाइसलगायतका प्राविधिक कुराको जाँचबुझ गरेर सदस्यता दिएको थियो । एम्सको टोलीले म्याराथनको दूरी, धावनमार्ग, खेलाडीको शरीरमा लगाइने डिभाइसलगायतका प्राविधिक कुराको जाँचबुझ गरेर सदस्यता दिएको थियो ।

धावकले पार गरेको दूरी र समय हेर्ने डिजिटल डिभाइस प्रयोग गर्ने पनि नेपालमा नेपालगन्ज म्याराथन पहिलो भएको उनको भनाइ छ । 'नेपालगन्ज म्याराथन कान्छो हो, तर यसले एम्सको नीति, नियम पालना गरी विश्वसनीयता कमाएको छ,' उनले भने, 'त्यसको फल हामीले अन्तर्राष्ट्रिय सम्मेलनमा समेत सहभागी हुने अवसर पाएका छौं ।'

यो म्याराथन अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलाइन्छ । यसको दूरी पनि अन्तर्राष्ट्रिय मापदण्डको छ । सबै मापदण्ड पूरा गरेपछि अन्तर्राष्ट्रिय म्याराथनमा सूचीकृत हुनका लागि निवेदन दिइएको थियो । एम्सको टोली आएर नेपालगन्ज म्याराथनको दूरी, धावनमार्ग, खेलाडीको शरीरमा लगाइने डिभाइसलगायतका प्राविधिक कुराको जाँचबुझ गरेर सदस्यता दिएको थियो ।

नेपालगन्ज म्याराथनलाई कर्पोरेट क्षेत्रले स्पोन्सर गरेका छन् । यसको मुख्य प्रायोजक केएल डुगडको उत्पादन धारा तोरीको तेल हो भने अन्य सहप्रायोजक पनि छन् । 'पछाडि सुरु भए पनि यो म्याराथनलाई कर्पोरेट क्षेत्रले स्पोन्सर गरेको उनको भनाइ छ । उनी भन्छन्, 'नेपालका अन्य म्याराथनले निजी क्षेत्रको स्पोन्सर पाएकोभन्दा यो म्याराथनले धेरै पाएको छ । यो हाम्रा लागि गौरवको कुरा हो ।'

म्याराथनप्रति चासो

विद्यालयमा अध्ययनरत साना नानीबाबुलाई म्याराथनमा जोड्न चाहन्छन् उनी । साना नानीबाबुहरू म्याराथनमा आकर्षित भए भविष्यमा ठूलो रूप लिने र विद्यार्थीमा सकारात्मक सोच तथा स्वास्थ्यमा सुधार आउने उनको भनाइ छ ।


विद्यालयले माग गरे महिनामा दुईपटक विद्यार्थीलाई म्याराथन सिकाउन प्रशिक्षक विद्यालयमा पठाउने योजना सुनाए । 'हामीले विद्यार्थीलाई आकर्षित गर्न विद्यालयलाई विद्यार्थी दिनुस् हामी निःशुल्क प्रशिक्षण दिन्छौं भनेका छौं, तर विद्यालयले नै त्यति चासो नदिएजस्तो लाग्छ । यो म्याराथन मेरो र तेरोभन्दा हामी सबैको हो भन्ने नबुझ्दा यस्तो भएको हो,' ठकुरी भन्छन्, 'यो म्याराथनको परिकल्पना मात्र मैले गरेको हुँ । यो त सिंगो नेपालगन्जको समृद्धिका लागि हो । नेपालगन्जलाई विश्वमाझ चिनाउने माध्यम हो । तेरो र मेरो नभनी नेपालगन्जलाई चिनाउन र समृद्ध बनाउन आउनुस् सँगै हातेमालो गरौं ।'

कला, साहित्य र खेलकुदले सहरको परिचय दिने भएकाले उनले फिल्म फेस्टिभलसमेत गराउँदै आएका छन् । यस वर्ष हुने नेपालगन्ज म्याराथनको अघिल्लो दिन कनक्लेभ आयोजना गरिने भएको छ । कनक्लेभमा विभिन्न क्षेत्रका दर्जनभन्दा बढी सफल व्यक्तिलाई समावेश गराइने भएको छ ।

खेल पर्यटन, युवा उद्यम, महिला सशक्तीकरण, साहित्य र स्वदेशमै रोजगारीजस्ता मुद्दामा बहस, छलफल हुने उनले बताए । कनक्लेभ सकिएपछि बाहिरी जिल्लाबाट आएका पाहुनालाई बेलुकी स्ट्रिट फुडका लागि त्रिभुवन चोक एरिया भ्रमण गराइनेछ ।

गर्व छ र रहिरहनेछ । हो, बिरुवा हुर्कन समय लाग्छ, भर्खरै हुर्कँदै गरेको बच्चाले फोहोर गर्न सक्छ, तर त्यत्तिको भरमा हामीले बिरुवालाई उखेलेर फाल्न र बच्चालाई कुट्न पिट्न मिल्दैन, हुँदैन । बरु बढी मलजल र स्याहारसम्भार गरेर हुर्काउनुपर्छ । संघीयता र स्थानीय तहको हकमा पनि त्यही हो ।

उच्च तहका दलका नेताहरू र पूरै राज्यले बिस्तारै बिसँदै गएको हाम्रो संघीय संरचनामा स्वायत्त इलाका, संरक्षित क्षेत्र र विशेष क्षेत्रको औचित्य र भूमिकालाई लेखकले यस पुस्तकमा उठाउनुभएकोमा म असाध्यै हर्षित छु र उहाँलाई विशेष धन्यवाद भन्न चाहन्छु । संविधानसभा र संवैधानिक समितिमा लामो छलफलपछि तिनको व्यवस्था गरिएको हो, तर दोस्रो संविधानसभा र मस्यौदा समितिमा पुगेपछि तिनलाई निकै मत्थर पारेर भए पनि संविधानमा राखिएको हो । परन्तु अहिलेसम्म तीबारे आवश्यक कानुन बनाएर कार्यान्वयन नगर्नु ठूलो विडम्बना हो । त्यो मात्र होइन, हिमाल, पहाड र तराईमा रहेका धेरै आदिवासी जनजाति र भाषिक समूहहरू, लोपोन्मुख जातिहरू र आर्थिक रूपले पिछडिएका क्षेत्रहरूको पहिचान, स्वशासन र समृद्धिको अधिकार खोस्ने र बाटो अवरुद्ध गर्ने अन्यायपूर्ण काम हो ।



संघीयतासम्बन्धी बुझाइमा रहेको आमकमजोरी, कार्यान्वयनका समस्या, साधनस्रोतको कमी, क्षमता अभिवृद्धिको प्रश्न, उपमेयरको न्यायिक भूमिका र न्यायिक समितिको कार्यक्षेत्र आदि प्रसंगहरू पनि महत्त्वपूर्ण रूपमा उठाइएका छन् । यिनीहरूमध्ये सबभन्दा महत्त्वपूर्ण प्रश्न संघीयतासम्बन्धी दृष्टिकोण नै हो । समयक्रमसँगै संघीयताको विरोधमा आवाज थपिँदै जानु र ठूलो संख्याको सचेत युवापंक्तिसमेत भ्रमित हुँदै जानुको मुख्य कारण 'संघीयता' र 'विकेन्द्रीकरण'बीचको फरकपनलाई नबुझ्नु हो । धेरैले प्रश्न गर्छन् कि यति सानो देशमा संघीयता किन चाहियो ? देश ठूलो र सानो हुँदैमा संघीयता चाहिने वा नचाहिने होइन । उदाहरणका लागि, तुलनात्मक रूपले सानो स्विट्जरल्यान्ड, बेल्जियम आदिमा संघीयता छ, तर त्यति ठूलो चीनमा संघीयता छैन । किनकि जुन देशमा जातीय, भाषिक विविधता हुन्छ, त्यहाँ संघीयता हुन्छ, तर एउटै जाति, भाषाको बाहुल्य भएको देशमा संघीयता हुन्न । आवश्यक पर्ने केन्द्रको शक्तिको विकेन्द्रीकरण मात्र हुन्छ । त्यसैले संविधान र राष्ट्रिय गानले समेत बहुजातीय, बहुभाषिक चरित्र स्विकारिसकेको नेपालमा संघीयता अनिवार्य हुन्छ । यसमा कसैले किन्तुपरन्तु गरेर समय र शक्तिको बर्बादी गर्नु निरर्थक हुन्छ । बरु नेपालको संघीयताको अपूर्णतालाई पूर्णता दिने, जातीय-भाषिक पहिचानको आधारमा सीमांकन र नामांकन गर्ने, संविधानअनुरूप कानुन बनाउने र इमानदारीपूर्वक कार्यान्वयन गर्ने मात्रै अबको एजेन्डा हुनुपर्दछ ।

विभिन्न अपूर्णता र कमीकमजोरीका बाबजुद हाम्रो संघीयताको मौलिक र सुन्दर पक्ष हामीले संविधानको अनुसूचीमा नै स्थानीय तहका निम्ति २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारका सूची लिपिबद्ध गरेका छौं । तिनलाई सही ढंगले कार्यान्वयन गरेर जान सक्यौं भने स्थानीय तह राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै हिसाबले केही दशकभित्र समृद्ध बन्नेछन् । जसरी जरा बलियो भए रूख बलियो हुन्छ, त्यसरी नै स्थानीय तह समृद्ध भए सम्पूर्ण नेपाल समृद्ध हुनेछ ।

अतः स्थानीय तहको रूपमा फक्रँदै गरेका लोकतन्त्रका कोपिलाहरूलाई सबैले गोडमेल गरेर सुन्दर फूलको रूपमा पक्रन दिऔं । हाम्रो समावेशी लोकतन्त्र र समावेशी समृद्धिको सपना अवश्य साकार हुनेछ । यो गहकिलो पुस्तकले त्यो दिशामा अघि बढ्न सबैलाई दिशाबोध गर्न सकोस् । हार्दिक शुभकामना !

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको ३७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८०/०८/०२)

मिति **२०८० साल कार्तिक ३०** गते बसेको यस बैंकको संचालक समितिको **४५०औं** बैठकले निर्णय गरे अनुसार यस बैंकको **३७औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारी र सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः
सभा हुने मिति : २०८० साल मंसिर २४ गते (१० डिसेम्बर २०२३), आइतबार ।
सभा सुरू हुने समय : दिउँसो १:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौ ।

सभा ठीक समयमा सुचारू रूपले संचालन गर्नको लागि शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान १०:३० बजे देखि खुला राखिने छ ।

छलफलका विषयहरू :

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८० मा समाप्त भएको वर्षको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रू. १९ (अक्षरूपी उन्नाइस रूपैयाँ मात्र) का दरले (कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने ।

ख. विशेष प्रस्ताव :

१. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।
२. प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै फेर बदल गर्न सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत प्रदान गर्ने ।

ग. विविध ।

संचालक
समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. **साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेज मिति २०८० मंसिर ७ गते (तदनुसार २३ नोभेम्बर २०२३) का दिन बन्द रहने छ । शेयर दाखिल खारेज बन्द हुने अघिल्लो दिनको अभिलेखमा बैंकको शेयरधनीको रूपमा रहनु भएका शेयरधनीले मात्र साधारण सभामा भागलिन मतदान गर्न र नगद लाभांश प्राप्त गर्न सक्नु हुनेछ ।**

२ सभामा उपस्थित हुने शेयरधनीहरूले प्रवेश-पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने **अभौतिकीकरण खाताको डि. पि. नम्बर तथा ग्राहक नम्बर खुलेको विवरण (Statement) वा अभौतिकीकरण नभएको भए आफ्नो कुनै एक सक्कल शेयरधनी प्रमाण-पत्र** साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं ।

३. शेयरधनी महानुभावहरूले आफ्नो राय, सुझाव, जिज्ञासा तथा प्रश्न केहि भएमा मिति २०८० मंसिर १९ गते मंङ्गलबार भित्र बैंकको इमेल AGM.SCBN@SC.COM मा इमेल गरि वा बैंकको टेलिफोन नं. ०१ ५९७०५०० मा फोन गरि शेयर विभागलाई वा कम्पनी सचिवलाई सम्पर्क गरि टिपाउन सक्नु हुनेछ । शेयरधनी महानुभावहरूले टिपाउनु भएका राय सुझाव, जिज्ञासा तथा प्रश्नहरू संकलन गरी सोको जवाफ साधारण सभाको क्रममा दिने व्यवस्था मिलाइएको छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर विभाग, नयाँ बानेश्वर, काठमाण्डौमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फारम बैंकको website मार्फत प्राप्त गर्न सक्नु हुनेछ ।

५. प्रतिनिधि नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको मए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

६. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

७. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर स्थित शेयर विभागमा दर्ता गरेको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयर धनीले एकभन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर हुनेछन् ।

८. नाबालक वा मानसिक रूपले अशक्त शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन सक्नु हुनेछ । शेयर धनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

९. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएमा तथा प्रतिनिधि-पत्र (प्रोक्सी) मा शेयरधनीको हस्ताक्षर यस बैंकको शेयरधनी रेकर्ड अनुसार नमिलेको अवस्थामा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू स्वतः बदर हुनेछन् ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

द्रष्टव्य : बैंकको **संक्षिप्त वार्षिक आर्थिक विवरण यसै सुचना साथ प्रकाशित गरिएको** व्यहोरा जानकारी गराउँदछौं । बैंकको वार्षिक प्रतिवेदन बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट शेयरधनी महानुभावहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाईने छ । साथै साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस बैंकको वेबसाइट https://www.sc.com/np/investor_relations/en/ मा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त स्वरूप (कम्पनी ऐन २०६३ को दफा ८४(४) को व्यवस्था बमोजिम प्रकाशित)

गत आर्थिक वर्षको दौरान हामी विश्वव्यापी संकट र अस्थिर समष्टि आर्थिक वातावरणको माध्यमबाट गुज्रन जाँदा स्ट्याण्डर्ड चार्टर्ड बैंक सञ्चालनमा रहेका स्थानहरूमा बजारहरूलाई आपसमा जोड्न स्ट्याण्डर्ड चार्टर्ड बैंकको भूमिका अझ बढ्दै गएको छ । नेपाली अर्थतन्त्रले २०७२ सालको भूकम्प, व्यापार अवरोध, कोभिड र वस्तुको मुल्यमा हालैमा भएको वृद्धि लगायतका विभिन्न संकटहरूको सामना गर्दा पनि लचकता देखाएको छ भन्ने कुरामा हाम्रो अडान कायम राख्दै आएका छौं ।

गत वर्षहरू जस्तै जोखिम व्यवस्थापनका आधारहरूमा हाम्रो ध्यान केन्द्रित रहेको र पूँजी अनुकूलन गर्ने हाम्रो रणनीतिले गर्दा गत वर्ष हामीलाई हाम्रो संचालनको इतिहासमा सबैभन्दा उच्च वित्तीय प्रतिफल दिएको छ । हाम्रो वित्तीय कार्यसम्पादनमा सुधार जारी राख्दै उच्च शेयरधनी प्रतिफल दिने हाम्रो रणनीति कार्यान्वयन गर्नु हाम्रो प्राथमिक ध्यानाकर्षणको क्षेत्र हो ।

हाम्रो दक्षता अभिवृद्धिमा थप ध्यान केन्द्रित गर्ने, ग्राहकहरूलाई दिगो समाधानहरू प्राप्तिमा सहयोग गर्ने, डिजिटल क्षमताहरूमा लगानी बढाउने र बलियो पूँजी स्थिति कायम राख्ने योजनामा हामी अझ बढी जोड दिन्छौं ।

कार्य सम्पादनका प्रमुख विशेषताहरू

सूचकांक	आर्थिक वर्ष २०७९/०८०	आर्थिक वर्ष २०७८/०७९	वृद्धि
खुद मुनाफा	ने.रू. ३.५ अर्ब	ने.रू. २.३ अर्ब	५३.६%
प्रति शेयर आम्दानी	ने.रू. ३६.८	ने.रू. २३.९	५३.६%
ग्राहकहरुमा प्रवाहित कुल कर्जा	ने.रू. ९६.९ अर्ब	ने.रू. ९१.० अर्ब	६.४%
ग्राहकहरुको कुल निक्षेप	ने.रू. १२२.५ अर्ब	ने.रू. १०१.९ अर्ब	२०.२%
इक्विटीमा प्रतिफल (%)	२०.८	१४.२	६.६%
लभांश (%)	१९.००	१६.५१	२.५%

बैंकले व्यवसायिक कर वापत सरकारी राजस्वमा यस वर्ष १ अर्ब ५० करोड रूपैयाँ योगदान गरेको छ जुन अघिल्लो वर्ष ९७ करोड ६० लाख रूपैयाँ थियो । संचालक समितिले कानूनी तथा नियमनकारी निकायबाट जारी निर्देशन बमोजिम, सामान्य जगेडा कोषमा रू. ६९ करोड ३० लाख र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रू.३ करोड ५० लाख स्थानान्तरण गर्नका साथै विदेशी मुद्रा सटही घटबढ कोषमा रू. ४० लाख, पूँजी रिडेम्सन कोषमा रू. ४८ करोड एवं रू. २० करोड ६० लाख नियामक जगेडा कोषमा स्थानान्तरण गर्ने प्रस्ताव गरेको छ । मुनाफा बाँडफाँड पूर्व तह १ र तह २ को पूँजी पर्याप्तता अनुपात क्रमशः १४.२ र २.९ प्रतिशत रहेको छ जसको समग्र अनुपात १७.१ प्रतिशत रहेको छ जुन ११ प्रतिशतको नियामकीय आवश्यकता भन्दा माथि रहेको छ ।

विगत चार वर्ष देखि, उत्पादनशील क्षेत्रहरूमा पूँजी प्रयोग गर्दै, तोकिएको क्षेत्रहरूमा लगानीको योगदान गर्दै, जोखिम व्यवस्थापनका अभ्यासहरूमा कडा ध्यान केन्द्रित गर्दै, शेयरधनीहरूलाई अधिकतम प्रतिफल प्रदान गर्दै हाम्रो वासलातमा स्वस्थ वृद्धि गर्न हामीले निरन्तर ध्यान केन्द्रित गरिरहेका छौं । यस वर्षको हाम्रो कार्य सम्पादनले हामीले लिएको रणनीति दीर्घकालिन हो भन्ने प्रमाणित गरेको छ ।

हामी व्यापार वित्तको दक्षता अभिवृद्धि गर्न डिस्ट्रिब्युटेड लेजर टेक्नोलोजीको सम्भाव्यताको छलफलमा योगदान पुऱ्याउने लगायत विभिन्न पहलहरूमा संलग्न भएका छौं ।

हाम्रो प्राथमिकताहरूको कार्यान्वयन गर्न र नेपालको वित्तिय क्षेत्रमा योगदान गर्ने कार्यमा हामीलाई पुऱ्याएको अमूल्य सहयोग र मार्गदर्शनको लागि अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायतका सबै नियामक निकायहरू प्रति आभार प्रकट गर्न चाहन्छौं ।

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण
२०८० साल आषाढ मसान्तको
बैंकको इक्विटीहोल्डरको लागि

	शेयर पुँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियामक जगेडा कोष	फेयर मूल्य जगेडा कोष	पुनर्मुल्यांकन कोष	सञ्चित मुनाफा	अन्य कोष	कुल	अल्पसंख्यक समूहको हित	कुल इक्विटी
श्रावण १, २०७८ को मौजदात	८,५७२,२३०,८१३		४,७८४,००५,७६५	५३७,५१५,२२५	४०४,९०१,०७१	३५६,८२३,३७३		१,७७६,७५३,२६३	(२१०,१११,३५९)	१६,२२२,११८,१५१		१६,२२२,११८,१५१
समायोजन/पूनर्स्थापना								(१५,८३५,६३६)		(१५,८३५,६३६)		(१५,८३५,६३६)
श्रावण १, २०७८ को समायोजित/पूनर्स्थापित मौज्दात	**८,५७२,२३०,८१३**		**४,७८४,००५,७६५**	**५३७,५१५,२२५**	**४०४,९०१,०७१**	**३५६,८२३,३७३**		**१,७६०,९१७,६२७**	**(२१०,१११,३५९)**	**१६,२०६,२८२,५१५**		**१६,२०६,२८२,५१५**
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा								**२,२४५,९३४,३२७**		**२,२४५,९३४,३२७**		**२,२४५,९३४,३२७**
अन्य विस्तृत आम्दानी, कर पछिको खुद												
इक्विटी लगानीको फेयर भ्याल्यु मापनको कारणले भएको नाफा/(नोक्शान)						(१०९,४३३,०१७)				(१०९,४३३,०१७)		(१०९,४३३,०१७)
पुनर्मुल्यांकनमा नाफा/(नोक्शान)												
परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्शान)									४४,६२८,८२२	४४,६२८,८२२		४४,६२८,८२२
नगद प्रवाह हेजमा नाफा/(नोक्शान)												
सटही नाफा/(नोक्शान) (विदेशी संचालनको वित्तिय सम्पत्ति रूपान्तरणबाट भएको)												
यस वर्षको कुल विस्तृत आम्दानी						**(१०९,४३३,०१७)**		**२,२४५,९३४,३२७**	**४४,६२८,८२२**	**२,१९१,१३०,१३२**		**२,१९१,१३०,१३२**
यस वर्ष कोषमा गरिएको स्थानान्तरण			**४५१,१८६,८६५**		२२५,६६९,३८४			**(६९९,४१५,५९३)**	२२,५५९,३४३			
यस वर्ष कोषबाट गरिएको स्थानान्तरण												
शेयरधनीसँगको कारोवार, इक्विटीमा सीधा समायोजन गरिएको												
शेयर निष्काशन												
शेयरमा भुक्तानी												
शेयरहोल्डरलाई लाभांश भुक्तानी												
बोनस शेयर जारी	८५७,२२३,०८१							(८५७,२२३,०८१)				
नगद लाभांश भुक्तानी								(२६२,३१०,२६३)		(२६२,३१०,२६३)		(२६२,३१०,२६३)
अन्य												
कुल योगदान तथा वितरण	**८५७,२२३,०८१**							**(१,११९,५३३,३४४)**		**(२६२,३१०,२६३)**		**(२६२,३१०,२६३)**
आषाढ अन्तिम, २०७९ को मौज्दात	**९,४२९,४५३,८९५**		**५,२३५,१९२,६३०**	**५३७,५१५,२२५**	**६३०,५७०,४५५**	**२४७,३९०,३५६**		**२,१९७,९०३,०१७**	**(१४२,९२३,१९४)**	**१८,१३५,१०२,३८५**		**१८,१३५,१०२,३८५**
श्रावण १, २०७९ को मौजदात	९,४२९,४५३,८९५		५,२३५,१९२,६३०	५३७,५१५,२२५	६३०,५७०,४५५	२४७,३९०,३५६		२,१९७,९०३,०१७	(१४२,९२३,१९४)	१८,१३५,१०२,३८५		१८,१३५,१०२,३८५
समायोजन/पूनर्स्थापना												
श्रावण १, २०७९ को समायोजित/पूनर्स्थापित मौज्दात	**९,४२९,४५३,८९५**		**५,२३५,१९२,६३०**	**५३७,५१५,२२५**	**६३०,५७०,४५५**	**२४७,३९०,३५६**		**२,१९७,९०३,०१७**	**(१४२,९२३,१९४)**	**१८,१३५,१०२,३८५**		**१८,१३५,१०२,३८५**
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा								३,४६५,३२९,९७५		३,४६५,३२९,९७५		३,४६५,३२९,९७५
अन्य विस्तृत आम्दानी, कर पछिको खुद												
इक्विटी लगानीको फेयर भ्याल्यु मापनको कारणले भएको नाफा/(नोक्शान)						१०३,७५२,४२३				१०३,७५२,४२३		१०३,७५२,४२३
पुनर्मुल्यांकनमा नाफा/(नोक्शान)												
परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्शान)									(४,६९१,१३४)	(४,६९१,१३४)		(४,६९१,१३४)
नगद प्रवाह हेजमा नाफा/(नोक्शान)												
सटही नाफा/(नोक्शान) (विदेशी संचालनको वित्तिय सम्पत्ति रूपानतरणबाट भएको)												
यस वर्षको कुल विस्तृत आम्दानी						**१०३,७५२,४२३**		**३,४६५,३२९,९७५**	**(४,६९१,१३४)**	**३,५६४,३९१,२६४**		**३,५६४,३९१,२६४**
यस वर्ष कोषमा गरिएको स्थानान्तरण			**६९३,०६५,९९५**	**४,४९४,८३२**	**२०६,२१९,७७१**			**(१,४१८,४३३,८९८)**	**५१४,६५३,३००**			
यस वर्ष कोषबाट गरिएको स्थानान्तरण								**२२,५५९,३४३**	(२२,५५९,३४३)			
शेयरधनीसँगको कारोवार, इक्विटीमा सीधा समायोजन गरिएको												
शेयर निष्काशन												
शेयरमा भुक्तानी												
शेयरहोल्डरलाई लाभांश भुक्तानी												
बोनस शेयर जारी												
नगद लाभांश भुक्तानी								(१,५४६,८०२,८३८)		(१,५४६,८०२,८३८)		(१,५४६,८०२,८३८)
अन्य												
कुल योगदान तथा वितरण								**(१,५४६,८०२,८३८)**		**(१,५४६,८०२,८३८)**		**(१,५४६,८०२,८३८)**
आषाढ अन्तिम, २०८० को मौज्दात	**९,४२९,४५३,८९५**		**५,९२८,२५८,६२५**	**५४२,०९०,०५७**	**८३६,७९०,२२६**	**३५१,१४२,७८०**		**२,७१०,५५५,६००**	**३४४,४७९,६२९**	**२०,१४२,६९०,८११**		**२०,१४२,६९०,८११**

वित्तीय अवस्थाको विवरण (वासलात)
आषाढ ३१, २०८० को

सम्पत्ति	यस वर्ष	गत वर्ष
नगद तथा नगद सरह	१६,९६१,५४८,०९३	१९,१३९,९००,१०६
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४,०३२,१४४,४२७	२,३८०,२२५,८६९
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	६,९४०,३६५,१७७	२,५६७,३७२,४५३
डेरीभेटिभ् वित्तीय साधनहरू	८,१८२,०१७	२२,००३,२०४
अन्य व्यापारिक सम्पत्ति		
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट	१६,८३०,२१२,७३०	१०,२१७,३४५,८१८
ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट	७७,८३१,३०२,९३६	७९,१९७,४०४,२१६
धितोपत्रमा गरिएको लगानी	२६,३६२,१२८,२४३	७,९१०,८५०,२०१
चालु कर सम्पत्ति	१५२,५०४,०५८	११३,१३२,५५४
सहायक कम्पनीहरूमा गरिएको लगानी		
एसोसियट्समा गरिएको लगानी		
सम्पत्तिमा गरिएको लगानी		
सम्पत्ति तथा उपकरण	५६८,१४४,३०९	६१२,९३९,८१३
ख्याती तथा अमुर्त सम्पत्ति		
स्थगन कर सम्पत्ति	१०,३१३,१५८	५१,१७४,३०८
अन्य सम्पत्ति	१,६८१,१६४,२५२	१,१४३,३६१,९४५
कुल सम्पत्ति	**१५१,३७८,००९,५००**	**१२३,३५५,७१०,४८७**
दायित्व	यस वर्ष	गत वर्ष
बैंक/वित्तीय संस्थाहरूलाई तिर्न बाँकी रकम	४,९९२,२९५,३३९	८,२२३,६६७,३३७
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम		५१४,९८६,२६८
डेरीभेटिभ् वित्तीय साधनहरू	८८,८४८,४५७	१८५,४७६
निक्षेप दायित्व	११७,५००,९७७,४२०	९३,७२१,११६,३७६
सापट	२,६३०,६००,०००	
चालु कर दायित्व		
व्यवस्थाहरू		
स्थगन कर दायित्व		
अन्य दायित्व	३,५२८,७२९,०९९	२,७५९,८५२,६४५
जारी गरिएको ऋणपत्र	२,४९३,८६८,२७४	
सुरक्षण नराखिएको सहायक दायित्व		
कुल दायित्व	**१३१,२३५,३१८,५८९**	**१०५,२२०,६०८,१०२**
इक्विटी		
शेयर पूँजी	९,४२९,४५३,८९५	९,४२९,४५३,८९५
शेयर प्रिमियम		
सञ्चित मुनाफा	२,७१०,५५५,६००	२,१९७,९०३,०१७
कोषहरू	८,००२,६८१,३१७	६,५०७,७४५,४७३
शेयरधनीहरूको कुल हित	**२०,१४२,६९०,८११**	**१८,१३५,१०२,३८५**
अल्पसंख्यक समूहको हित		
कुल इक्विटी	२०,१४२,६९०,८११	१८,१३५,१०२,३८५
कुल पूँजी तथा दायित्व	**१५१,३७८,००९,५००**	**१२३,३५५,७१०,४८७**
सम्भावित दायित्व तथा प्रतिवद्धता	११७,२१३,८७४,८४२	९३,४३२,९३६,३३४
प्रति शेयर खुद सम्पत्ति मुल्य	२१४	१९२

नाफा नोक्शान हिसाबको विवरण
१ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको

	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	१२,७४४,०३८,३१८	७,५२७,९२०,१०५
ब्याज खर्च	६,७८८,०१३,१५८	३,७८७,४५८,००४
खुद ब्याज आम्दानी	**५,९५६,०२५,१६१**	**३,७४०,४६२,१०१**
फि तथा कमिशन आम्दानी	१,४७५,४६३,०९४	९८९,६२२,२१६
फि तथा कमिशन खर्च	१९१,५२९,४८६	५६,९७७,२७७
खुद फि तथा कमिशन आम्दानी	**१,२८३,९३३,६०८**	**९३२,६४४,९३९**
खुद ब्याज, फि तथा कमिशन आम्दानी	**७,२३९,९५८,७६९**	**४,६७३,१०७,०४०**
खुद व्यापारिक आम्दानी	५८२,१४७,३२९	६५७,४३८,५६६
अन्य संचालन आम्दानी	२०,४४८,४२६	२,९२०,५९८
कुल संचालन आम्दानी	**७,८४२,५५४,५२४**	**५,३३३,४६६,२०४**
कर्जा तथा अन्य नोक्शानी व्यवस्था/(उल्ट्याइएको)	५९८,२४६,१४०	१३४,३०६,८८६
खुद संचालन आम्दानी	**७,२४४,३०८,३८४**	**५,१९९,१५९,३१८**
संचालन खर्च		
कर्मचारी खर्च	१,५४२,७९०,०६१	१,२६७,९९७,१२१
अन्य संचालन खर्च	५७१,०२५,७८४	५४२,०७४,३७९
ह्रासकट्टी तथा परिशोधन	१५८,७८४,८४१	१४८,६४२,५९६
संचालन मुनाफा	**४,९७१,७०७,६९७**	**३,२४०,४४५,२२१**
गैर संचालन आम्दानी	७,४४८,२३०	
गैर संचालन खर्च	१९,५३९,१६०	८,४९०,२०३
आयकर अघिको मुनाफा	**४,९९९,६९६,७६७**	**३,२३१,९५५,०१९**
आयकर खर्च	१,४९४,२८६,७९२	९७६,०२०,६९२
चालु कर	१,४९५,८८०,४८०	१,०१९,४८७,६१२
स्थगन कर	(१,५९३,६८९)	(४३,४६६,९२०)
यस अवधिको नाफा	**३,४६५,३२९,९७५**	**२,२४५,९३४,३२७**
मुनाफा		
बैंकको इक्विटीहोल्डरको लागि	३,४६५,३२९,९७५	२,२४५,९३४,३२७
अल्पसंख्यक समूहको लागि		
यस अवधिको नाफा	**३,४६५,३२९,९७५**	**२,२४५,९३४,३२७**
प्रति शेयर आम्दानी		
बेशिक प्रति शेयर आम्दानी	३६.७५	२३.९२
डाइलुटेड् प्रति शेयर आम्दानी	३६.७५	२३.९२

नगद प्रवाह विवरण
२०८० साल आषाढ मसान्तको

	यस वर्ष	गत वर्ष
कारोबार संचालनबाट नगद प्रवाह		
ब्याज आम्दानी	१२,३८३,८९१,०७२	७,१९४,४३२,३१६
कमिशन तथा अन्य आम्दानी प्राप्त	१,१३३,२४५,५५७	१,०५९,५०३,६४७
लाभांश प्राप्त		
अन्य कारोबार संचालनबाट प्राप्त	५८९,५१७,६०१	६५७,१०८,०५१
ब्याज खर्च	(६,५३४,८५०,७२८)	(३,४१५,५९०,९९८)
कमिशन तथा फि खर्च	(४९,७९८,६४०)	(५०,२०८,७१७)
कर्मचारी खर्च	(१,२८९,६६२,४८५)	(१,२०३,६१४,१८५)
अन्य खर्च	(५६६,४४८,१२९)	(५३८,२२८,३०७)
संचालन सम्पत्ति तथा दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह	**५,६६५,९०४,२४८**	**३,७०३,४०१,८०८**
संचालन सम्पत्तिमा कमी/(वृद्धि)	**(११,६१८,९७९,२४१)**	**(२०,६९८,०३५,४४२)**
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	(१,६५१,९१८,५५७)	(१४३,७४३,५७६)
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	(४,३७२,९९२,७२४)	(२,५६७,३७२,४५३)
अन्य व्यापारिक सम्पत्ति	१३,८२१,१८८	(२१,७३०,६८१)
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा रकम	(६,६९६,१७१,४१२)	(१,१६५,७७३,५३२)
ग्राहकहरूलाई प्रदान गरिएको कर्जा रकम	८३१,६९८,४३६	(१६,९१७,५११,८०४)
अन्य सम्पत्ति	२५६,५८३,८२८	११८,०९६,५०४
संचालन दायित्वमा कमी/(वृद्धि)	**२२,८०६,७५३,२५७**	**६,२९०,३२६,५२१**
बैंक/वित्तीय संस्थाहरूलाई तिर्न बाँकी रकम	(३,२३१,३७१,९९८)	(२०२,७८२,६५९)
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	(५१४,९८६,२६८)	(१०६,५२४,७३२)
निक्षेप दायित्व	२३,७७९,०६१,०४४	६,१५७,६९६,६९३
सापट	२,६३०,६००,०००	
अन्य दायित्व	१४३,४५०,४७९	४४१,१३७,२१९
कारोबार संचालनबाट कर भुक्तानी अघिको खुद नगद प्रवाह	**१६,८५३,६७८,२६३**	**(१०,७०४,३०७,२१४)**
आयकर भुक्तानी	(१,५३५,२५१,९८५)	(१,००७,८२७,४०६)
कारोबार संचालनबाट खुद नगद प्रवाह	**१५,३१८,४२६,२७८**	**(११,७१२,२०४,६२०)**
लगानी कारोवारमा नगद प्रवाह		
धितोपत्र लगानी खरिद	(१८,३०३,०६०,२९४)	
धितोपत्र लगानी बिक्रीबाट प्राप्त		४,७४९,१५६,९१६
सम्पत्ति तथा उपकरण खरिद	(११२,९८७,०६०)	(४८४,०७३,५३३)
सम्पत्ति तथा उपकरण बिक्रीबाट प्राप्त		
अमुर्त सम्पत्ति खरिद		
अमुर्त सम्पत्ति बिक्रीबाट प्राप्त		
सम्पत्तिमा गरिएको लगानी		
सम्पत्तिमा गरिएको लगानी बिक्रीबाट		
ब्याज आम्दानी		
लाभांश आम्दानी	१,४६६,८१९	५,३५९,३२०
लगानी कारोवारमा खुद नगद प्रवाह	**(१८,४१४,५८०,५३५)**	**४,२७०,४४२,७०२**
वित्तीय कारोवारबाट नगद प्रवाह		
ऋणपत्र जारीबाट प्राप्त	२,४००,०००,०००	
ऋणपत्र भुक्तानी		
सुरक्षण नराखिएको सहायक दायित्व प्राप्त		
सुरक्षण नराखिएको सहायक दायित्व भुक्तानी		
शेयर निष्काशनबाट प्राप्त		
लाभांश भुक्तानी	(१,५००,१७७,०८७)	(२७२,४६४,३९२)
ब्याज भुक्तानी		
अन्य आम्दानी/भुक्तानी		
वित्तीय कारोवारबाट खुद नगद प्रवाह	**८९९,८२२,९१३**	**(२७२,४६४,३९२)**
नगद तथा नगद सरहमा कमी/(वृद्धि)	**(२,११९,३३१,४४३)**	**(७,७१४,२२६,२२९)**
नगद तथा नगद सरह, श्रावण १	१९,१३९,९००,१०६	२६,८५६,९७५,०४७
विनिमय दरमा भएको फरकबाट नगद तथा नगद सरहमा असर	१७,९७९,३३०	(२,८४८,७२२)
नगद तथा नगद सरह, आषाढ अन्तिम २०८०	**१६,९६१,५४८,०९२**	**१९,१३९,९००,१०६**

अन्य विस्तृत आम्दानीको विवरण
१ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको

	यस वर्ष	गत वर्ष
यस अवधिको नाफा	**३,४६५,३२९,९७५**	**२,२४५,९३४,३२७**
अन्य विस्तृत आम्दानी, कर पछिको खुद		
**क)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २ मंसिर ०८०

पुसभित्र बाह्रबिसे सबस्टेसन नबने मध्यभोटेकोशीको विद्युत् खेर जाने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

एक सय दुई मेगावाटको मध्य-भोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् खेर जाने अवस्था आउने देखिएपछि नेपाल विद्युत् प्राधिकरणको उच्च व्यवस्थापनले सिन्धुपाल्चोकको बाह्रबिसेमा निर्माणाधीन २२०/१३२ केभी सबस्टेसनको निर्माण तत्काल सम्पन्न गर्न ताकेता गरेको छ। बिहीबार प्राधिकरणको उच्चस्तरीय टोलीले आयोजना निर्माणस्थल भ्रमण गरेर तत्काल काम सम्पन्न गर्न ताकेता गरेको हो।

उक्त सबस्टेसन नबनेमा चिलिमे जलविद्युत् कम्पनीले सिन्धुपाल्चोकमा बनाइरहेको एक सय दुई मेगावाटको मध्य-भोटेकोशी जलविद्युत् आयोजनाको बिजुली खेर जाने देखिएको छ। सोही अवस्था आउन नदिन आयोजनाको विद्युत् जोडिने सबस्टेसन निर्माण समयमै सम्पन्न गर्न प्राधिकरणको उच्च व्यवस्थापनले ताकेता गरेको हो।

आगामी पुसभित्र मध्य-भोटेकोशी जलविद्युत् आयोजनाको निर्माण कार्य सकिँदै छ। सोही अवधिभित्र यस सबस्टेसनको निर्माण सम्पन्न नभएमा उक्त आयोजनाको विद्युत् खेर जाने अवस्था आउँछ। प्राधिकरणका अनुसार उक्त सबस्टेसनको निर्माण सम्पन्न गर्ने तालिका भने पुसपछि अर्थात् आगामी माघ पहिलो साताभित्र छ। त्यो समयभित्र सबस्टेसन निर्माण भएको अवस्थामा मध्य-भोटेकोशीको विद्युत् व्यवस्थापन गर्न सकिने प्राधिकरणको भनाइ छ।

कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित प्राधिकरणको उच्चस्तरीय टोलीले बिहीबार सबस्टेसन निर्माणस्थलको अनुगमन भ्रमण गरी बाँकी कामहरू तत्काल सम्पन्न गर्न निर्देशन पनि दिएको छ। टोलीले आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग निर्माणमा देखिएका समस्या, उपकरण आपूर्तिको अवस्था, निर्माण सम्पन्न हुने तालिकालगायतका विषयमा छलफल गरेको थियो।

कार्यकारी निर्देशक घिसिङले निर्माण व्यवसायीले पछिल्लो समयमा आफ्नो कार्यसम्पादनमा सुधार गरी सबस्टेसन निर्माणमा राम्रो प्रगति हासिल गरेको बताए। घिसिङले सबस्टेसनमा राखिने सम्पूर्ण उपकरणहरू आपूर्ति भइसकेको र केही जडान पनि भइसकेको अवस्थामा जनशक्ति थप गरी जडानकार्यलाई तीव्रता दिन निर्देशन दिएका थिए। 'मध्य-भोटेकोशी विद्युत् उत्पादन सुरु गर्ने अवस्थामा पुगेको छ, आयोजनाबाट विद्युत् उत्पादन सुरु हुनुभन्दा पहिले नै सबस्टेसन निर्माण सम्पन्न गर्नुपर्छ,' उनले भने, 'काठमाडौं उपत्यकानजिक रहेको मध्य-भोटेकोशीले यस



वर्षको सुक्खायामको विद्युत्को माग धान्नका लागि ठूलो सहयोग गर्छ, त्यसैले सबै गम्भीर भएर सबस्टेसन निर्माणमा लागेर आयोजनाको विद्युत् जतिसक्दो छिट्टो जोड्ने अवस्थामा पुगौं, हाम्रोतर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्न तयार छौं।'

बाह्रबिसे सबस्टेसन निर्माण ठेक्का पाएको चिनियाँ कम्पनीहरू ग्वाङ्सी ट्रान्समिसन एन्ड सबस्टेसन कन्स्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादनका कारण सबस्टेसनको निर्माण ढिलाइ हुँदै आएको छ।

प्राधिकरणले कार्यसम्पादनमा सुधार गर्न पटक-पटक दिएको निर्देशक निर्माण व्यवयासीले पालना नगर्दा सबस्टेसन निर्माण सम्पन्न हुने तालिका प्रभावित हुँदै आएको छ। प्राधिकरणले सबस्टेसनको निर्माण सम्पन्न नभई मध्य-भोटेकोशीको विद्युत् जोड्न नसकिएमा त्यसको क्षतिपूर्ति निर्माण व्यवसायीबाट भराउने चेतावनी दिँदै आएको छ।

सबस्टेसनमा राखिने पावर ट्रान्सफर्मरहरू जडान भइसकेका छन्। सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभिए र १३२/११ केभी, पाँच एमभिएका पावर ट्रान्सफर्मरहरू राखिएका छन्। ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेसनका उपकरणहरू जडान भइरहेका छन्। नियन्त्रण कक्षमा रहने सम्पूर्ण उपकरणहरू निर्माणस्थलमा आपूर्ति भइसकेका छन् भने जडान बाँकी छ। सिभिलतर्फको फिनिसिङ काम बाँकी छ। २२०/१३२ केभी सबस्टेसन निर्माणको समग्र प्रगति करिब ९० प्रतिशत छ। बाह्रबिसेमै चार सय केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ।

कार्यकारी निर्देशक घिसिङको टोलीले मध्य-भोटेकोशी जलविद्युत् आयोजनाको पनि अनुगमन गरेको थियो। आयोजना पुसभित्र सम्पन्न गर्ने गरी अन्तिम चरणका कामहरू भइरहेका छन्। मध्य-भोटेकोशीबाट उत्पादित विद्युत् दुई सय २० केभी प्रसारणलाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ। आयोजनाले आफ्नो विद्युत्गृहको स्विचयार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो दुई सय २० केभी सिंगल सर्किट प्रसारणलाइनका टावरहरू निर्माण गरिसकेको छ। प्रसारणलाइनको करिब दुई किलोमिटर तार तानिएको छ।

बाह्रबिसे नगरपालिका-३ र ४ स्थित पलाँतीका स्थानीय बासिन्दाको अवरोधका कारण दुई किलोमिटर तार तान्न नसकिएको मध्य-भोटेकोशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामगोपाल सिवाकोटीले बताए। समस्या समाधानका लागि स्थानीयसँग निरन्तर छलफल भइरहेकाले छिट्टै सहमतिमा पुग्ने विश्वास उनले बताए।

प्राधिकरणले मध्य-भोटेकोशीको विद्युत् प्रवाहका लागि अस्थायी रूपमा वैकल्पिक व्यवस्था गरेको छ। तर, त्यसका लागि पनि २२०/१३२ केभी बाह्रबिसे सबस्टेसनको निर्माण अनिवार्य छ। २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको एक सय ३२ केभी सिंगल सर्किट प्रसारणलाइनलाई डबल बनाउन लागिएको छ। शिवश्री हाइड्रोपावरले लामोसाँघु सबस्टेसनबाट बाह्रबिसेसम्म बनाउनुपर्ने उक्त लाइनको काम तत्काल सुरु गर्न प्राधिकरणको उच्चस्तरीय टोलीले आग्रह गरेको छ।

कम्पनीले करिब १० किलोमिटर लाइनमध्ये सात किलोमिटर तार तान्नुपर्नेछ भने बाह्रबिसे बजारनजिकबाट सबस्टेसनसम्म करिब तीन किलोमिटर नयाँ प्रसारणलाइन बनाउनुपर्नेछ। यसका लागि प्रसारण लाइनका सम्पूर्ण उपकरणहरू आपूर्ति भइसकेका छन्।

सरकारले बढायो कफीको समर्थन मूल्य

काठमाडौं/ सरकारले चालू आर्थिक वर्षका लागि कफीको समर्थन मूल्य अघिल्लो वर्षको तुलनामा बढाएर निर्धारण गरेको छ। राष्ट्रिय चिया तथा कफी विकास बोर्डले शुक्रबारबाट लागू हुने गरी कफीको समर्थन मूल्य निर्धारण गरेको हो।

सरकारले हरेक १ मंसिरबाट लागू हुने गरी कफीको समर्थन मूल्य निर्धारण गर्दै आइरहेको छ। नेपालमा उत्पादन हुने तीन प्रकारको कफीको समर्थन मूल्य निर्धारण गरेको बोर्डले जनाएको छ। बोर्डका अनुसार पहिलो फ्रेस चेरी कफी (ग्रेड-ए) प्रतिकेजी एक सय रुपैयाँ र फ्रेस चेरी कफी (ग्रेड-बी)को प्रतिकेजी ९० रुपैयाँ निर्धारण गरिएको छ। अघिल्लो वर्ष फ्रेस कफीको मूल्य प्रतिकिलो ९५ रुपैयाँ र ग्रेड- बी को ८५ रुपैयाँ निर्धारण गरिएको थियो।

त्यस्तै, बोर्डले पार्चमेन्ट कफी (ग्रेड-ए)को मूल्य गत वर्षभन्दा २५ रुपैयाँले बढाएको छ। गत वर्ष यसको मूल्य चार सय ७५ रुपैयाँ निर्धारण गरेको थियो भने यस वर्ष पाँच सय रुपैयाँ निर्धारण गरेको छ। सोही प्रकारको (ग्रेड-बी)मा पर्ने कफीको मूल्य प्रतिकिलो चार सय ५० रुपैयाँ निर्धारण गरिएको बोर्डले जनाएको छ। गत वर्ष ग्रेड बीको मूल्य प्रतिकिलो चार सय २० रुपैयाँ रहेको थियो। बोर्डका अनुसार ११ प्रतिशतभन्दा बढी चिस्यान गरी प्रशोधन गरी तयार गरिने हुनाले यो सर्वाधिक महँगो मूल्य पर्ने कफी हो।

ड्राइ चेरी कफी (ग्रेड-ए)को मूल्य अघिल्लो वर्षको भन्दा ३० रुपैयाँले बढेको छ। अघिल्लो वर्ष एक सय ७० रुपैयाँ निर्धारण गरिएकोमा यस वर्ष प्रतिकिलो दुई सय रुपैयाँ निर्धारण गरिएको छ। त्यस्तै, (ग्रेड-बी) प्रतिकिलो एक सय ५० रुपैयाँ प्रतिकिलो निर्धारण गरेको छ। अघिल्लो वर्ष यस प्रकारको कफीको मूल्य एक सय १५ रुपैयाँ निर्धारण गरिएको थियो। बोर्डका अनुसार यस खालको कफीमा चिसो प्रशोधन विधिबाट प्रशोधन गर्न नसकिएको कफी चेरीलाई घाम वा अन्य कुनै माध्यमबाट सुकाएर ११ प्रतिशत चिस्यान भएको हुनुपर्नेछ। नेपाल चिया कफी विकास बोर्डका अनुसार नेपाली उत्पादनको २० प्रतिशत कफी विदेश निर्यात भएको छ। आव ०७८/७९ को तथ्यांकअनुसार १२ करोड ७६ लाख रुपैयाँबराबरको दुई सय ७९ दशमलव ८ मेट्रिकटन कफी नेपालमा आयात हुँदा ११ करोड ७० लाख रुपैयाँबराबरको ६९ मेट्रिकटन मात्रै निर्यात भएको छ।

नेपाल बैंक ८७औं वर्षमा प्रवेश

काठमाडौं/ नेपाल बैंक लिमिटेड आफ्नो ८६औं वर्षको कार्यकाल सफलतापूर्वक पूरा गरी ८७औं वर्षमा प्रवेश गरेको छ। बैंकले प्रधान कार्यालयमा रक्तदान कार्यक्रम आयोजना गर्दै आफ्नो स्थापना दिवस मनाएको छ।

रक्तदानमा एक सय ५० जना रक्तदाताले भाग लिएको जनाइएको छ। नेपालको पहिलो बैंकलाई आधुनिक, सफल र नेतृत्वदायी बैंकका रूपमा स्थापित गर्न साथ, सहयोग, समन्वय गर्ने सम्पूर्ण सरकोकारवालालाई कृतज्ञता व्यक्त गरेको जनाएको छ। नेपालमा बैंकिङ प्रणालीको सुरुवात नेपाल बैंकबाट भएको हो। देशभर भारतीय रुपैयाँको दबदबा रहेको समयमा आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउन नेपाल बैंकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको वार्षिकोत्सवमा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। १९९४ साल कात्तिक ३० गते सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा १० जना लगानीकर्ताले सुरु गरेको यस बैंकको चुक्ता पुँजी आठ लाख ४२ हजार र निक्षेप १७ लाख रुपैयाँ थियो भने लगानी १९ लाख रुपैयाँ थियो।

शताब्दीको हाराहारी अनुभव बटुलेको यस बैंकले नेपाली मुद्रा र नेपाली नोट प्रचलनमा सहजता ल्याई राष्ट्रिय पहिचान र राष्ट्रिय एकताको प्रवर्द्धन गर्दै राष्ट्र निर्माणमा विशेष योगदान पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ। नेपाल बैंकले स्थापनाकालदेखि राष्ट्र बैंक स्थापना हुनुपूर्व २०१२ सालसम्म देशको केन्द्रीय बैंकका रूपमा समेत कार्य गरेको थियो।

काठ लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति : २०८०/०८/०२

मायादेवी साझेदारी वन क्षेत्रबाट आ.व. २०७९/०८० मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरू संकलन गरी घाटगद्दीमा राखेको साल तथा अन्य जातको गोलिया काठ थान ९९२ को ८५८८.२५ क्यु.फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ।यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
श्री मायादेवी साझेदारी वन उपभोक्ता समूह
वाणगंगा न.पा - १०, पटना, कपिलवस्तु

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Kisan Laghubitta Bittiya Sanstha Ltd.
किसान लघुवित्त वित्तिय संस्था लि.

(D Class Financial Institution Licensed by Nepal Rastra Bank)
Head Office Lamkichuha-4, Kailali
Corporate Office Budhanilkantha-8, Kathmandu

Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended Ashwin 2080

'NPR '000

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	57,746,398	22,807,253
Statutory Balances and Due from Nepal Rastra Bank	36,079,575	36,079,575
Placement with Banks & Financial Institutions	80,719,440	97,810,854
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	6,336,972,845	6,214,390,380
Investment Securities	1,000,000	1,000,000
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	82,534,560	82,531,286
Goodwill and Intangible Assets	954,320	954,320
Deferred Tax Assets	11,995,500	11,995,500
Other Assets	179,988,765	52,572,176
Total Assets	**6,787,991,404**	**6,520,141,345**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,343,851,695	1,347,385,857
Borrowings	4,593,253,077	4,386,528,824
Current Tax Liabilities	-	5,842,356
Provisions	-	13,166,144
Deferred Tax Liabilities	-	-
Other Liabilities	252,155,514	129,581,560
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**6,189,260,286**	**5,882,504,740**
Equity		
Share Capital	504,366,467	504,366,467
Share Premium	-	-
Retained Earnings	(54,859,283)	20,134,317
Reserves	149,223,934	113,135,820
Total Equity	**598,731,119**	**637,636,605**
Total Liabilities and Equity	**6,787,991,404**	**6,520,141,345**

Condensed Statement of Profit and Loss

For the Quarter Ended on Ashwin 2080

'NPR '000

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	218,854,980	218,854,980	212,339,666	212,339,666
Interest Expense	167,996,028	167,996,028	171,985,937	171,985,937
Net Interest Income	**50,858,952**	**50,858,952**	**40,353,729**	**40,353,729**
Fee and Commission Income	13,028	13,028	48,240	48,240
Fee and Commission Expense	2,649,118	2,649,118	3,653,510	3,653,510
Net Fee and Commission Income	**(2,636,090)**	**(2,636,090)**	**(3,605,270)**	**(3,605,270)**
Net Interest, Fee and Commisson Income	**48,222,862**	**48,222,862**	**36,748,458**	**36,748,458**
Net Trading Income	-	-	-	-
Other Operating Income	13,491,671	13,491,671	19,726,660	19,726,660
Total Operating Income	**61,714,533**	**61,714,533**	**56,475,118**	**56,475,118**
Impairment Charge/ (Reversal) for Loans and Other Lossess	25,496,544	25,496,544	25,497,013	25,497,013
Net Operating Income	**36,217,990**	**36,217,990**	**30,978,106**	**30,978,106**
Operating Expense	78,337,665	78,337,665	74,688,460	74,688,460
Personnel Expenses	66,882,459	66,882,459	64,559,009	64,559,009
Other Operating Expenses	11,455,206	11,455,206	10,129,451	10,129,451
Depreciation & Amortisation	-	-	-	-
Operating Profit	**(42,119,676)**	**(42,119,676)**	**(43,710,354)**	**(43,710,354)**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	(42,119,676)	(42,119,676)	(43,710,354)	(43,710,354)
Income Tax Expense				
Current Tax	-	-	-	-
Deferred Tax				-
Profit for the Period	**(42,119,676)**	**(42,119,676)**	**(43,710,354)**	**(43,710,354)**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	(42,119,676)	(42,119,676)	(43,710,354)	(43,710,354)
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**(42,119,676)**	**(42,119,676)**	**(43,710,354)**	**(43,710,354)**
Annualized Basic Earing Per Share	(8)	-	(9)	(9)
Diluted Earning per share	(8)	-	(9)	(9)

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		8.67%		9.94%
Non-Performing Loan (NPL) to Total Loan		8.55%		5.95%
Total Loan Loss Provision to total NPL		42.67%		53.97%
Cost of Funds		11.98%		12.33%
Credit to Deposit and Borrowing Ratio		482.19%		471.89%
Base Rate		16.25%		16.60%
Interest Rate Spread		3.02%		2.67%

Details about the Distributable Profit for the 1st Quarter

Particulars	NPR
Net Profit for the period end 1st Quarter	**(42,119,676)**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	-
a. General Reserve	-
b. Capital Redemption Reserve	
c. Foreign Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility	-
e. Employee Training Fund	
f. Client Protection Fund	-
g. Staff Welfare Fund	-
h. Other	
1.2 Profit required to be transferred to Regulatory Reserve:	**36,239,114**
a. Transfer to Regulatory Reserve	36,239,114
b. Transfer from Regulatory Reserve	-
Net Profit for the period end 1st Quarter available for distribution	**(78,358,790)**
Opening Retained Earning as on Shrawan 1, 2080	**23,499,507**
Adjustment (+/-)	-
Total Distributable profit or (loss) as on Qtr end date	**(54,859,283)**

Notes:

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3. Actuarial Valuation has been done on annual basis for Employee Benefit.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. All Lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognised along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on Lease Liabilities.
7. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
8. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.
9. The Detailed interim financial report has been published in our website.

Interest Rate

1. Deposit	7.5%-8%	2. Loan & Advance	15.00%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम ३६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८०/८१ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलत, नाफा नोक्सान सम्बन्धि विवरण: आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकासित गरिएको छ। यो विवरण संस्थाको वेवसाइट www.kisanlaghubitta.com.np मा पनि राखिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरू :

प्रति शेयर आम्दानी अनुपात (वार्षिकमा)	मुल्य आम्दानी अनुपात P/E Ratio	तरलता अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयरकुल सम्पत्तिको मुल्य
-८.३५	-७९.९३	८.४८	११८.७	१३४५.८४

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण : यस त्रैमासिक अवधिमा कर्जा रु.६,४७,९९,८१,२०४/५७, बचत रकम रु.१,३४,३८,५१,६९४/५५, नगद तथा बैंक मौज्दात रु.१७,४५,४५,४१२/४३, रहेको छ। यस अवधिमा पनि विपन्न वर्ग थोक कर्जाको व्याजदरमा भएको वृद्धिमा आसातित सुधार हुन नसकेको, विपन्न वर्ग थोक कर्जाको उपलब्धतामा कमी भई श्रावण र भाद्र महिनामा कर्जा लगानीमा उल्लेख्य वृद्धि हुन नसकेको, कर्जा लगानीमा लिईने व्याजदरमा सिमा लगाईएको, देशको आर्थिक गतिविधिमा आएको संकुचन एवं लघुवित्त वित्तीय संस्थामा ऋणीहरूले कर्जा तिर्न आनाकानी गरेको अवस्था लगायतका कारण कर्जा अशुली आसातित रुपमा हुन नसकेको लगायतका कारणले संस्थाको नाफा नोक्सान हिसाब ऋणात्मक हुन गएको छ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : तरतलताको व्यवस्थापनका लागि आन्तरिक स्रोत जुटाउन खराब कर्जा असुली र बचत वृद्धिमा विशेष ध्यान दिने, सहुलियत दरको थोक कर्जा प्राप्त गर्न विशेष पहल गर्ने, सर्व साधारणलाई थप शेयर निश्कासन गर्ने समेत योजना रहेको छ। तरलताको उपयुक्त व्यवस्थापन गर्ने र शाखाको पहुँच विस्तार गरी व्यवसाय विस्तार गर्ने लक्ष्य समेत संस्थाले राखेको छ। यसै बिच संस्था सुदृढिकरणका लागि मर्जरमा जान MoU समेत भई सो सम्बन्धि कार्य भईरहेको छ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : यस त्रयमासको अधिल्लो दुई महिनामा तरलताको अभावको कारण लगानीमा असर परेको, कर्जा अशुलीमा समस्या भएको र त्यसको प्रत्यक्ष प्रभाव नाफा र नगद प्रवाहमा परेको छ। यसलाई मध्यनजर गरी Cost of Fund घटाउने, तरलताको समस्यालाई कम गर्न थोक कर्जा उपलब्धताको लागि आवश्यक कार्य गर्न, थप शेयर पूँजी (FPO) जारी गर्ने लगायतका विशेष कार्य गरिने छ। साथै, कर्जा अशुलीलाई थप प्रभावकारी बनाई निष्क्रिय कर्जाको अंश घटाउने एवं कर्जाको गुणस्तर वृद्धि गर्न आवश्यक कार्य समेत गरिने छ।

३. कानुनी कारवाहि सम्बन्धि विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : छैन।

४. वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : खुल्ला बजारले दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य निर्धारण गर्ने व्यवस्थापनको धारणा रहेको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com.np अनुसार मिति २०८०/०४/०१ देखि २०८०/०६/३० सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ।

अधिकतम मुल्य	न्युनतम मूल्य	अन्तिम मुल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार रकम	कारोबार कित्ता	कैफियत
१०५४/१०	६५५/००	६६७/५०	६१	१९०९	७,५१,४८,०२७/५०	८५,१७५	

५. समस्या तथा चुनौती

क) आन्तरिक : १) शाखा मर्जका कारण सिमा नाघेको कर्जा असुलीमा कठिनाई २) कर्जामा दोहोरोपना तथा बहुल कर्जा हुनु ३) दक्ष जनशक्तिको अभाव आदी

ख) वाह्य : १) तरलता एवं लघुवित्त क्षेत्रको वर्तमान समस्याले लगानीका लागि आवश्यक रकम (Borrowing) पाउन कठिन भैरहेको २) Cost of Fund मा सुधार हुन नसकेको, कर्जाको व्याजदरमा लगाईएको सिमाले मुनाफा घटी रहेको अवस्था ३) लघुवित्त वित्तीय संस्थाहरू विच अस्वस्थ प्रतिस्पर्धा ४) सागठनिक रुपमा भएको लघुवित्त वित्तीय संस्थाहरू विरुद्धको अभियानले कर्जा अशुलीमा पारेको प्रभाव ५) अर्थ व्यवस्थामा आएको सिथिलताले कर्जाको माग न्यून भएको तथा कर्जाको अशुलीमा समस्या। संस्थाले उपरोक्त समस्या तथा चुनौतिहरूको सामना गर्न लगानी योग्य स्रोतको उचित व्यवस्थापन गरी सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई व्यवसाय विस्तार गर्न, कर्जा असुलीमा प्रभावकारिता ल्याई खराब कर्जाको अंश घटाउन विशेष सक्रियताका साथ कार्य गर्ने, अशुल उपर हुन बाँकी व्याज रकम असुलीका लागि अधिक मात्रामा परिचालित हुने रणनिति लिएको छ। संस्था सुदृढिकरण गर्न मर्जरका लागि MoU समेत गरि आवश्यक कार्य भईरहेको छ। यसै गरी, संस्थामा हाल कार्यरत जनशक्तिको क्षमता विकाशका लागि विशेष तालिम लगायत कार्यक्रम संचालन गर्ने एवं दक्ष कर्मचारी व्यवस्थापन गर्ने योजना समेत रहेको छ।

६. संस्थागत सुशासन : संस्थामा सुशासन कायम राख्न संस्थाले प्रचलित ऐन, नियमनकारी निकायका निर्देशन एवं संस्थाका नीति नियमावलीहरूको पूर्ण रुपमा पालना गरी कार्यान्वयन गर्ने गराउने गरेको छ र सो पालना नभएमा आवश्यक कानुनी कारवाही गर्ने गरिएको छ। साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउन संस्थामा संचालकज्यूहरूको संयोजकत्वमा रहेका विभिन्न समितिहरूले नियमित रुपमा संस्थाको काम कारवाहीको बारेमा समीक्षा गर्ने र विभिन्न निर्देशनहरू दिने गरीएको छ। यी निर्देशनहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरिएको र आन्तरिक लेखापरिक्षण नियमित रुपमा गर्ने गरीएको छ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

शनिबार २ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७





एकदिवसीय विश्वकपका रोचक ६ घटना





कपिल देवको इनिङ्स सम्झाउने म्याक्सवेल

धेरैले सन् १९८३ को विश्वकपमा जिम्बाबेविरुद्धको कपिल देवको नटआउट १७५ रनको अद्भुत शतकीय बिबिसी अडियो मात्र सुनेका थिए । भनिन्छ, विश्वकपको आधिकारिक टेलिभिजनका कर्मचारी हडतालमा थिए । यसकारण भारत र जिम्बाबेबीचको खेल प्रत्यक्ष रूपमा कसैले हेर्न पाएनन् । जतिले लाइभ सुने, त्यसवेला सबैले कपिल देवको गुनगान गरे । ठ्याक्कै ४० वर्षपछि अस्ट्रेलियाका दायाँहाते ब्याट्सम्यान ग्लेन म्याक्सवेलले अफगानिस्तानविरुद्ध त्यस्तै कपिल देवकै इनिङ्स पुनर्जीवित गरे । सुरुमा अफगानिस्तानी सिमर र बलर हाबी हुँदा अस्ट्रेलिया ९१-७ को स्थितिमा थियो ।

पाँचपटकको च्याम्पियन अस्ट्रेलियालाई तीन विकेट हातमा रहँदै २०१ रन चाहिएको थियो । अर्कोतिर थप तीन विकेटले अफगानिस्तानको अर्को सनसनी जित हुन्थ्यो । एकै विश्वकपमा चार फरक पूर्वविश्वकप विजेतालाई हराउने अफगानिस्तान एक्लो टोलीका रूपमा इतिहासमा दर्ज हुने थियो । तर, त्यो दिन ७ नोभेम्बरको दिन म्याक्सवेलको नाममा रह्यो ।

म्याक्सवेलको ब्याटिङ जादु यस्तो चल्यो, केवल एक खुट्टाको भरमै उनले अस्ट्रेलियालाई असम्भव जित दिलाए । इनिङ्सको बीचमा उनले तीनपटक फिजियोको सहायता लिए । उनी क्रिजमा राम्रोसँग उभिने सक्ने अवस्था थिएन । यहाँसम्म अस्ट्रेलियन प्रशिक्षक तथा कप्तानले समेत खुट्टामा 'क्र्याम्प' सामना गरिरहेका म्याक्सवेलको स्थानमा एडम जाम्पा ब्याटिङ गर्न मैदानभित्र प्रवेश गराउने लागेका थिए ।

म्याक्सवेलले जाम्पालाई पेभेलियन फर्काए । उनको यस्तो निर्णयलाई धेरैले पागलपन पनि भने । पागलपनको हद सवार हुँदा व्यक्तिले जे पनि गर्न सक्छन् । अफगानिविरुद्धको खेलमा म्याक्सवेलले यस्तै पागलपन देखाए । उनले वानम्यान आर्मी सोमा दोहोरो शतक लगाउँदा अफगानिस्तानलाई निराश बनाए । उनले १२८ बलमा २१ चौका र १० छक्का लगाए । उनको यसै इनिङ्सलाई अहिले कपिल देवसँगको तुलना गरेका छन् । कतिपयले कपिल देलको भन्दा पनि म्याक्सवेलको इनिङ्स धेरै राम्रो रहेको प्रतिक्रिया दिएका छन् ।

नेदरल्यान्ड्सविरुद्ध भारतका नौ बलर

खेल जित्न कप्तानले सबै किसिमका रणनीति प्रयोग गर्छन् । सफल हुने र नहुने आफ्नो स्थानमा छ । महत्त्वपूर्ण खेलमा कप्तानले यस्तै योजना बुनिरहेका हुन्छन् । भारतका कप्तान रोहित शर्माले नेदरल्यान्ड्ससँगको प्रतिस्पर्धामा अचम्मले नौ बलरलाई प्रयोग गरे । यद्यपि, हारले भारतलाई केही नोक्सानी गर्ने थिएन । किन हो, कम महत्त्वपूर्ण खेलमा रोहितले नेदरल्यान्ड्सविरुद्ध आफ्ना नौ खेलाडीलाई बलिङ गर्न लगाए । नेदरल्यान्ड्सविरुद्ध विकेट किपर लोकेश राहुल र श्रेयस ऐरबाहेक अन्य सबै खेलाडीले बलिङ अवसर पाए । विश्वकप इतिहासमा तेस्रोपटक एकै खेलमा नौजना खेलाडीले बलिङ गरेका हुन् ।

इंग्ल्यान्डले सन् १९८७ मा श्रीलंका तथा न्युजिल्यान्डले १९९२ मा पाकिस्तानविरुद्ध समान नौ बलरले बलिङ गरेका थिए । एकदिवसीय खेलको तथ्यांक पल्टाउँदा १७ पटक एकै खेलमा नौजना खेलाडीले बलिङ गरेको रेकर्ड छन् । भारतले मात्र विश्वकपबाहेक तीनपटक ५० ओभरको खेलमा नौ बलर प्रयोग गरेको थियो । एकदिवसीय खेलकै चर्चा गरिरहँदा नेपालले पनि एकपटक यस्तै गरेको थियो । सन् २०२२ मा कप्तान रोहितकुमार पौडेलले युएईविरुद्ध त्रिवि क्रिकेट मैदानमा नौ बलरलाई बलिङ गराएका थिए ।

अपेक्षाविपरीत पाकिस्तान, इंग्ल्यान्ड र श्रीलंका

इंग्ल्यान्ड सानका साथ भारतमा विश्वकप रक्षा गर्न आएको थियो । पाकिस्तानको दोस्रोपटक विश्वकप उचाल्ने दाउ थियो । क्रिकेटकै शक्तिशाली यी दुवै राष्ट्र सेमिफाइनलसम्मै पुग्न सकेनन् । पाकिस्तानले अन्तिम खेलसम्म सेमिफाइनलको आशा जीवितै राखेको थियो । इंग्ल्यान्ड विश्वकपको आधा बाटोपछि नै सेमिफाइनल दौडबाट धेरै टाढा भइसकेको थियो । पाकिस्तान र इंग्ल्यान्डबीच एउटै समानता देखियो । सुरुवात उत्कृष्ट रह्यो । विश्वकपको मध्यमा उनीहरूले निकै झुर खेले । पाकिस्तान लगातार चार र इंग्ल्यान्डले पाँच खेलको हारपछि मात्र जित देख्न पायो । एक्कासी एकपछि अर्को हारसँगै दुईवटै राष्ट्रले भारतमा अनपेक्षित नतिजा निकाली घर फर्किए । लगातार चार खेलमा हार व्यहोरेपछि पाकिस्तानका प्रमुख छनोटकर्ता इन्जमाम उलहकले तत्कालै राजीनामा दिए । कप्तान बाबर अजामले यसै साता पदबाट राजीनामा दिए । पाकिस्तान र इंग्ल्यान्ड मात्र होइन, पूर्वविश्वकप विजेता श्रीलंकाको पनि यसपटक अति नै खराब प्रदर्शन भयो । इंग्ल्यान्ड र नेदरल्यान्ड्सलाई हराउनु मात्र सफलता रह्यो । हुँदाहुँदै बंगलादेश र अफगानिस्तानसँगसमेत पराजित भएको श्रीलंकाका खेलाडी घर फर्कनुअघि नै राष्ट्रिय क्रिकेट बोर्डलाई आइसिसीले कारबाही गरेको समाचार सुन्नुपऱ्यो ।

श्रीलोचन राजोपाध्याय

भारतमा चलिरहेको १३औं संस्करणको आइसिसी एकदिवसीय विश्वकप २०२३ को क्लाइमेक्स आइतबार हुनेछ । आयोजक भारत र अस्ट्रेलियाबीच संसारकै धेरै दर्शक अटाउने नरेन्द्र मोदी रंगशालामा उपाधि भिडन्त हुनेछ । जसले उपाधि उचाले पनि रेकर्ड बन्ने पक्का छ । अस्ट्रेलिया छैटौं र भारत तेस्रोपटक विश्व च्याम्पियन हुने होडबाजीमा उभिएका छन् । भारत, अस्ट्रेलियाबाहेक पाकिस्तान, वेस्ट इन्डिज, श्रीलंका र इंग्ल्यान्डका खेलाडीले मात्र ट्रफी चुमेका छन् । विश्वकपमा यी राष्ट्रहरूकै बोलवाला रहेको भन्दा फरक नपर्ला । अरू पनि सहभागी राष्ट्रहरू छन्, तर उनीहरू कहिल्यै उपाधिनजिकसम्म पुग्न सकेनन् ।

विश्वकपमा सधैं राम्रो प्रदर्शन गर्ने, तर निर्णायक खेलमा चुक्ने दक्षिण अफ्रिका र न्युजिल्यान्ड हुन् । दक्षिण अफ्रिका पाँचपटक सेमिफाइनलबाट बाहिरिएको छ । प्रतियोगिताकै साबिक उपविजेता न्युजिल्यान्ड यसपटक सेमिफाइनलभन्दा माथि उठ्न सकेन । एक महिनाभन्दा लामो समयसम्म चलेको विश्वकप दौरान खेलाडीहरूले आ-आफ्ना नाममा रेकर्ड राखेका छन् । यसबीचमा विश्वकपभरि केही घटना घटे । खेलाडी र सहभागी टोलीले राम्रो र नराम्रो रेकर्ड राखे ।

अफगानिस्तानको सनसनीपूर्ण प्रदर्शन

भारतमा चलिरहेको विश्वकपले अफगानिस्तानलाई हेर्ने दृष्टिकोण नै फेरिएको छ । अफगानिस्तान यस्तै प्रदर्शन गरी घर फर्किएको छ । अफगानी खेलाडीलाई सधैंजसो छिट्टै घर फर्कनुपरेको दुःख छैन । स्वयं आफूलाई गौरवान्वित सम्झनेछन् । अफगानिस्तानले कसैले पनि नसोचेको नतिजा निकाल्यो । प्रतियोगिताको सुरुमा यस टोलीलाई सेमिफाइनलको दाबेदार रूपमा हेरिएको थिएन । आठौंदेखि दशौंमध्ये एक स्थान पाउने अनुमान थियो । तर, प्रतियोगिता समाप्तिसँगै अफगानिस्तान पाँचौं स्थानमा रह्यो ।

जुन स्थान क्रिकेट समर्थक तथा विश्लेषकले कल्पना पनि गरेका थिएनन् । योभन्दा पनि पूर्वविश्व च्याम्पियनलाई हराउनु नै उनीहरूको बहादुरी प्रदर्शन थियो । अझ एक नभएर तीन पूर्वविश्व विजेतालाई हराउनु चानचुने थिएन । पहिलो साबिक विजेता इंग्ल्यान्डमाथि सनसनीपूर्ण ६९ रनको जित निकाल्यो । पाकिस्तानविरुद्ध निकै संघर्ष गर्दै आठ विकेटको जित हात पाऱ्यो । अन्तिममा सन् १९९६ को विजेता श्रीलंकालाई एकपक्षीय खेलमा ६ विकेटको हार चखाउँदै अफगानिस्तानले आफूहरू पनि विश्व क्रिकेटमा उथलपुथल नतिजा निकाल्न सक्ने टोली भन्ने सन्देश दियो ।

विश्वकप छनोटबाट स्थान बनाएको नेदरल्यान्ड्सलाई सात विकेटले हराउँदै अफगानिस्तानले चौथो जित हात पाऱ्यो । योभन्दा पनि सर्वाधिक पाँचपटकको च्याम्पियन अस्ट्रेलियाले अफगानिस्तानलाई हराउन निकै संघर्ष गर्नुपरेको थियो । ग्लेन म्याक्सवेलको इनिङ्स बिर्सने हो भने अफगानिस्तान नै खेलमा हाबी थियो । विश्वकप अपेक्षित प्रदर्शन गरेका कारण नै अफगानिस्तानले च्याम्पियन्स ट्रफीमा समेत स्थान बनायो ।

सचिनको रेकर्ड तोडेका कोहली

सचिन तेन्दुलकरले जब एकदिवसीय खेलमा ४९ शतक लगाएका थिए, उनको यो रेकर्ड अब कसैले पनि तोड्न नसक्ने भविष्यवाणी भएको थियो । रेकर्ड तोडिनकै लागि बन्ने गर्छन् । ती भविष्यवाणीकर्ताले यसलाई भुलेका रहेछन् । कुनै समय सचिनको ४९ शतक तोड्न अर्को जुनी प्रतीक्षा गर्नुपर्ने भन्नेहरूलाई भारतकै विराट कोहलीले नराम्रोसँग जवाफ फर्काएका छन् । कोहलीले चालू विश्वकपमै सचिनले राखेको ४९ शतक तोडेका छन् । न्युजिल्यान्डविरुद्धको सेमिफाइनलमा उनले एकदिवसीय खेलमा ५० शतकको विश्वरेकर्ड आफ्नो नाममा लेखाएका छन् ।

यस विश्वकपमा उनले दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध शतक ठोकेका थिए । सन् २००९ मा कोहलीले श्रीलंकाविरुद्ध पहिलो एकदिवसीय शतक लगाएका थिए । सचिनले एकदिवसीय खेलबाट सन्न्यास लिँदा कोहलीले केवल ११ शतक पूरा गरेका थिए । यो १२ वर्षभित्र उनले ५० ओभरको खेलमा थप ३९ शतक खेल्दै सचिनकै रेकर्ड पछि पारे । कुनै समय सचिनले भनेका थिए, 'मेरो रेकर्ड केवल विराट कोहली वा रोहित शर्माले मात्र तोड्नेछन् ।'

आधुनिक क्रिकेटमा कोहली फरक किसिमका ब्याट्सम्यान हुन् । जब उनको ब्याट चलिरहेको हुन्छ, त्यसवेला जस्तोसुकै बलरले पनि उनलाई आउट गर्न सक्दैनन् । चालू विश्वकपमा उनी उत्कृष्ट फर्ममा छन् । यसै कारण एकै विश्वकप संस्करणमा सर्वाधिक रन बनाउने खेलाडी उनी बनेका छन् । उनले १० इनिङ्समा १०१.५७ को औसतमा ७११ रन जोडेका छन् । यति मात्र होइन, प्रतियोगितामै सर्वाधिक चौका लगाउने खेलाडीसमेत हुन् । उनले १० खेलमा ६४ चौका प्रहार गरिसकेका छन् ।

खेलको मर्म बुझ्न नसकेका सकिब

भनिन्छ, क्रिकेट भलादमीहरूको खेल हो । मैदानभित्र क्रिकेटरले नियमलाई शतप्रतिशत पालना गर्छन् । बंगलादेशका कप्तान सकिब अल हसन खेलमा जसरी पनि जित्नुपर्ने भावनाका साथ मैदानमा जान्छन् । र, खेल भावनाविपरीत कार्य गरी विवादमा आफूलाई राख्ने गर्छन् । विश्वकप दौरान यस्तै एउटा घटनाले उनी निकै विवादित बने । खेल थियो श्रीलंका र बंगलादेशबीचको । श्रीलंकाका एन्जेलो म्याथ्युज क्रिकेट इतिहासमै 'टाइम आउट' आधारमा आउट हुने पहिलो ब्याट्सम्यान बने । त्यो पनि सकिबकै कर्तुतले ।

एन्जेलो ब्याटिङ गर्न क्रिजमा पुगेका थिए । उनको हेलमेट कस्ने बेल्ट खुकुलो थियो । एन्जेलोले तत्कालै ड्रेसिङ रुमबाट अर्को हेलमेट मगाए । त्यतिवेला एन्जेलो क्रिजमा पुगेको तीन मिनेट पार भइसकेको थियो । सकिबले अचानक अम्पायरलाई 'टाइम आउट'का आधारमा एन्जेलो आउट भइसकेको बताए । अम्पायरले नियमअनुसार एन्जेलोलाई एक बल पनि सामना नगरी आउट घोषणा गरे । नियमअनुसार एक ब्याट्सम्यान आउट भएको तीन मिनेटभित्र अर्को ब्याट्सम्यानले ब्याटिङ गरिसक्नुपर्छ । तीन मिनेटभित्र ब्याटिङ गर्न सकिएन भने उनलाई टाइम आउट आधारमा आउट घोषणा गरिन्छ ।

सकिबले पनि एन्जेलोविरुद्ध यस्तै नियमका आधारमा अपिल गरेका थिए । यद्यपि, एन्जेलोले विपक्षी कप्तान सकिबसँग आग्रह गरी अर्को हेलमेट मगाएका थिए । एन्जेलोको अनुरोध सकिबले एक सुनेनन् । यस घटनासँगै विभिन्न अन्तर्राष्ट्रिय तथा सोसल मिडियामा एन्जेलोप्रति सद्भावका शब्द खर्चिए । सकिबलाई क्रिकेट इतिहासकै निर्दयी कप्तान संज्ञा दिइयो । सो खेलमा सकिबले चाहेको भए, एन्जेलो इतिहासकै पहिलो खेलाडीका रूपमा टाइम आउट सिकार हुने थिएनन् ।

दक्षिण एसियाली करँाते नेपालमा

काठमाडौं / विवादै-विवाद र आर्थिक मन्दीबाट ग्रसित नेपाल करँाते महासंघले २५ वर्षपछि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने भएको छ । महासंघले सातौं दक्षिण एसियाली करँाते च्याम्पियनसिप १६ मंसिरदेखि आयोजना गर्ने घोषणा गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पूर्वसदस्यसचिव तथा करँातेका संस्थापक अध्यक्ष युवराज लामाले महासंघको जिम्मेवारी लिएपछि संघ अहिले अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्ने अवस्थामा पुगेको छ । एसियाली करँाते महासंघको नियमअनुसार यसपटक बंगलादेशले आयोजना गर्नुपर्ने थियो । तर, बंगलादेशले बेवास्ता गरेपछि नेपालले अवसर पायो ।

नेपालको प्रस्तावलाई एसियाली करँाते महासंघ (एकेएफ)ले सहजै स्वीकृत गऱ्यो । 'बंगलादेशले बेवास्ता गर्दा हामीलाई फाइदा भयो, २५ वर्षपछि हामीले प्रतियोगिता आयोजना गर्ने भएका छौं,' महासंघ अध्यक्ष लामाले भने । एक दशकदेखिको विवाद टुंग्याउँदै राखेपले करँातेका संस्थापक अध्यक्ष लामाको नेतृत्वमा महासंघ दर्ता गरेको थियो ।

महासंघ महासचिव दावा गुरुङले विवादबाट संघ सधैं थलिएको र आर्थिक स्थिति कमजोर हुँदा प्रतियोगिता आयोजना गर्न लामो समय कुर्नुपरेको जानकारी गराए । 'धेरै समय विवादमै थलियौं । कसैले जिम्मेवारी लिएनन्, अहिले महासंघ आएपछि सबै राम्रो हुँदै गएको छ,' उनले भने । एकेएफ र राखेपबाट स्वीकृति पाएको प्रतियोगितालाई विश्व करँाते महासंघ (डब्लुकेएफ) र नेपाल ओलम्पिक कमिटीले पनि मान्यता दिएको छ । प्रतियोगितासँगै रेफ्री कोर्स सेमिनार पनि हुनेछ । १५ मंसिरमा दक्षिण एसियाली करँाते महासंघको कंग्रेस नेपालमै हुनेछ ।

६२ स्वर्णका लागि प्रतिस्पर्धा हुने

प्रतियोगितामा दक्षिण एसियाका ६ राष्ट्रको सहभागिता रहनेछ । नेपालसहित बंगलादेश, भुटान, भारत, पाकिस्तान र श्रीलंकाले दुईदिने प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् । प्रतिबन्धमा रहेकाले श्रीलंकाको एनओसी टिम सहभागी हुने जनाइएको छ । क्याडेट, जुनियर, यू-२१ र सिनियरमा गरी चार विधामा जम्मा ६२ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । क्याडेटमा १२, जुनियरमा १५, यू-२१ मा १६ र सिनियरमा १९ स्पर्धामा खेल हुनेछ । तीन सय ५३ खेलाडीको सहभागिता रहने महासंघले जनाएको छ । नेपालबाट ६८ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताका खेलहरू त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा हुनेछ ।

विश्वकप छनोटमा नेपालको फराकिलो हार



नयाँ पत्रिका

फिफा विश्वकप २०२६ अन्तर्गत एसियन छनोटको दोस्रो चरणको पहिलो खेलमा नेपाल युएईसँग ४-० ले नराम्रोसँग पराजित भएको छ । युएईको घरेलु मैदानमा बिहीबार राति भएको खेलमा नेपालले पहिलो हाफमै चार गोल व्यहोरेको थियो । बलियो युएईविरुद्ध नेपालको निकै नै कमजोर डिफेन्स देखियो । नेपालको फितलो डिफेन्सकै कारण युएईका खेलाडीले सहजै गोल गरेका थिए । युएईका लागि कप्तान अलि मखबुटले दुई गोल गरेका थिए । खलिफा अल-हम्मादी र फाबियो लिमाले समान एक गोल गरे । पहिलोको तुलनामा दोस्रो हाफमा नेपालले सुधारिएको खेल प्रदर्शन गरेको थियो । यस अवधिमा युएईले थप गोल गर्न सकेन ।

मध्यान्तरपछि नेपालले एट्याकिङ फुटबल खेल्यो । यद्यपि, फिनिसिङ लाइन कमजोर हुँदा नेपालका खेलाडीले प्राप्त अवसरमा गोल गर्न चुकेका थिए । खेलको १०औं मिनेटमा युएईले १-० को अग्रता लियो । अलि अग्रोको क्रसमा खलिफाले हेडिङबाट उत्कृष्ट गोल गरे । खेलको ३५औं मिनेटमा युएईले २-० को अग्रता लियो । अमृत श्रेष्ठले बेखिटमाथि डिबक्सभित्र फल गरेपछि पेनाल्टी पाएको थियो ।

युएईका कीर्तिमानी गोलकर्ता अलि मखबुटले सहजै नेपालका कप्तान तथा गोलरक्षक किरण लिम्बूलाई झुक्याउँदै गोल गरे । दोस्रो गोल व्यहोरेको सम्हालिन नपाउँदै नेपालले खेलको ४४औं मिनेटमा तेस्रो गोलको सामना गऱ्यो । यसपटक मखबुटले अर्को गोल गरे । उनले अल जाबीको पासमा गोल गरे । पहिलो हाफको इन्जुरी समयमै फाबियो लिमाले युएईलाई मध्यान्तरअघि नै ४-० को बलियो स्थितिमा पुऱ्याए । नेपालले छनोटको दोस्रो खेलमा यमनविरुद्ध १२ नोभेम्बरमा काठमाडौंमा खेल्नेछ । यस समूहमा नेपालसँगै यमन, युएई र बहराइन छन् ।

पहिलो हाफमा युएई हाबी

घरेलु मैदानमा युएईका खेलाडी पहिलो मिनेटदेखि नै हाबी भएका थिए । नेपालमाथि पटक-पटक उनीहरूले पोस्ट चार्ज गरेका थिए । यसबीचमा गोलरक्षक किरणले केही उत्कृष्ट बचाउ गर्दा नेपाललले चार गोलभन्दा माथि व्यहोर्नुपरेन । खेलको २६औं मिनेटमा अब्दल्लाह बेखितको पासमा कोरेयाको प्रहारलाई किरणले बचाउ गरे । खेलको २९औं मिनेटमा फाबियो लिमाको फ्रिकिकलाई क्रसबारनजिक किरणले बचाउ गरेका थिए । खेलको ३४औं मिनेटमा लिमाको कर्नर किकमा कोरेयाको हेडिङ क्रसबारमा लागेर फर्कियो । खेलको ५०औं मिनेटमा मखबुटको प्रहार नेपालका डिफेन्डर रोहित चन्दले डिबक्समा ब्लक गरेका थिए । खेलको ७९औं मिनेटमा मोहम्मद अलको प्रहार गोलरक्षक किरणले सहजै बचाए ।

तीन खेलाडीले गरे डेब्यु

नेपालका प्रशिक्षक भिसेन्जोले युएईविरुद्ध तीन खेलाडीलाई डेब्यु गराएका थिए । डिफेन्डर छिरिङ लामाले पहिलो ११ मै स्थान बनाए । यसैगरी, दुई डिफेन्डर योगेश गुरुङ र अन्जन राई बेन्चबाट मैदान प्रवेश गरे । नेपाली टोलीका प्रमुख डिफेन्डर अनन्त तामाङ चोटका कारण अन्तिम समयमा युएईविरुद्ध खेलेनन् । योगेश र अन्जनले दोस्रो हाफमा मैदान प्रवेश गर्दै डेब्यु गरेका हुन् । अमृत श्रेष्ठले १८औं मिनेटमा चोट बोकेका लाकेन लिम्बूको स्थान लिएका थिए । अमृतलाई योगेशले मध्यान्तरमा विस्थापित गरे । योगेशले गत सिजन 'ए' डिभिजन लिगमा थ्री स्टार क्लबबाट खेलेका थिए । छिरिङ जावलाखेलमा आबद्ध छन् । नेपाल पुलिस क्लबका डिफेन्डर अन्जनले पनि डेब्युको अवसर पाउँदा ८५औं मिनेटमा छिरिङको स्थान लिए ।

सूचना

यस ईसान बाल तथा महिला अस्पतालको ओपिडी सेवा वर्षभरी हप्ताको सातै दिन बरिष्ठ विशेषज्ञहरुद्धारा विहान ७:00 बजेदेखि बेलुका ८:00 बजेसम्म संचालनमा रहेको जानकारी सम्पुर्ण महानुभावहरुलाई गराउँदछौं ।



विस्तृत जानकारीका लागि
०१-४९५९५६०/९८४६९९१६६९ मा सम्पर्क गर्नुहोला

२४ सै घण्टा नवजात तथा बाल रोग, नवजात तथा बाल शल्य, स्त्री तथा प्रसूति, हाडजोर्नी तथा अन्य विशेषज्ञहरुबाट सम्बन्धित विषयको सेवाहरु उपलब्ध रहेको सहर्ष जानकारी पनि गराउँदछौं ।

SERVICES AVAILABLE
- Neonatal, Pediatric Surgery
- Pediatric Urology
- Pediatric Laparoscopic Surgery
- Gastro Surgery
- Obstetrics & Gynecology
- IVF (Infertility Clinic)
- Orthopedic Surgery
- ENT Surgery
- Dental Surgery
- Ophthalmology
- Neonatal, Pediatric Medicine
- Pediatric Hematology-Oncology
- Pediatric Gastroenterology
- Pediatric Pulmonology
- Pediatric Nephrology
- Pediatric Cardiology
- Pediatric Neurology
- Pediatric Neurodevelopment
- Pediatric & Adolescent Psychiatry
- Dermatology & Venerology
- Physiotherapy & Rehabilitation
- ICU (NICU,PICU) & HDU
- Ambulance

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: 01-4954537, Website: www.ishanhospital.com.np



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com